# २० औ
# वार्षिक उत्सव
## प्रतिवेदन



RIGHTS + RESOURCES

20 years

IN SOLIDARITY FOR CHANGE

# विषयसूची


03 पूर्वकथन

06 परिचय

12 अभाव पूर्ति : दुई दशकको यात्रा

18 परिवर्तनको विरासत २००५-२०२५

32 **विशेष चर्चा:** र्‍यापिड रेस्पोन्स फन्डिङ को शक्ति

34 **विशेष चर्चा:** क्लारिफी

36 महिलाको स्वामित्वको अधिकारको प्रवर्द्धन

40 अन्तरपुस्ता नेतृत्व र युवा

44 नवप्रवर्तनमार्फत् सामुदायिक ऊर्जा निर्माण

48 अभियानका आवाजहरू

48 आन्दोलनबाट उठेका आवाजहरू
- 49 अफ्रिका
- 53 एशिया
- 57 ल्याटिन अमेरिका

61 जरो नछाडी अगाडि बढ्दै: आगामी मार्ग


कभर फोटोहरू, माथि दायाँबाट घडीको दिशामा:

इन्डोनेसियाको सुमात्रास्थित तेबाट पुलाउ बाहिर खाना तयार गर्न महिलाहरू भेला हुन्छन्।
राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभका लागि ज्याकब मेन्ट्जद्वारा तस्बिर, २०२२।

पेरुको वेपान्कुनी समुदायका आदिवासी आशानिन्का महिलाहरू।
अधिकार र स्रोतसाधन पहलका लागि जुआन लास्का द्वारा तस्बिर, २०२४।

केन्याको माजी मोटो ग्रुप रान्चका एक मासाई मानिस आफ्नो गाईवस्तु नजिकै उभिरहेका छन्।
फोटो: टोनीवाइल्ड फोटोग्राफी फर राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ, २०२३।

RIGHTS + RESOURCES 20 years IN SOLIDARITY FOR CHANGE

# पूर्वकथन

**सोलाञ्ज बान्दियाकी-बादृजी र मीना सेत्राद्वारा**

प्रिय साथिहरू,

राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभको (Rights and Resources Initiative) को २० वर्ष पूरा भएको यस अवसरमा तपाईंहरूसँग यी शब्दहरु लेख्न पाउँदा मलाई अत्यन्तै हर्षको अनुभूति भएको छ। यो २० वर्षको यात्रा न्यायपूर्ण र दिगो पृथ्वी निर्माण गर्न आदिवासी जनजातिहरू, स्थानीय समुदायहरू, र अफ्रो डिसेन्डेन्ट समुदायहरूप्रति ऐक्यबद्धतामा समर्पित रहँदै आएको छ। हाम्रो लागि स्थान खोल्दै, सामाजिक मान्यताहरू परिवर्तन गर्दै, र कानुनी प्रणालीहरूलाई चुनौती दिँदै यी वर्षहरू हामीले बिताएका छौं। यो केवल एउटा संस्थाको उत्सव होइन—यो त हाम्रो समुदायहरूले निर्माण गरेको र हुर्काएको एउटा आन्दोलनको उत्सव हो—यस धर्ती र यहाँ बसोबास गर्ने सम्पूर्ण मानवजातिका लागि।





२००५ मा RRI को स्थापना हुँदा आदिवासी जनजाति, स्थानीय समुदाय र अफ्रो डिसेन्डेन्ट मूलका मानिसहरूका लागि विश्व आजको भन्दा धेरै फरक देखिन्थ्यो। एक साहसी विचारबाट (RRI) को जन्म भयो र आदिवासी जनजाति र स्थानीय समुदायहरूलाई विश्वव्यापी विकास, जलवायु कार्य, र संरक्षणको केन्द्रबिन्दुमा राख्ने विचार त्यतिबेला लगभग अवास्तविक जस्तै लाग्थ्यो:

त्यो विचार त्यतिबेला आदर्शवादी लाग्थ्यो, किनकि त्यस समयमा यी सबै समूहहरू आत्मनिर्णयको अधिकारको पक्षमा वकालत गरिरहेका भएतापनि, समुदायको अधिकारहरू भने कानुनमा अस्पष्ट थिए—मानव अधिकार र वातावरणीय संस्थाहरूका लागि समेत ती अधिकारहरू प्राय: अदृश्यजस्तै थिए। आज हामी त्यही अवस्थाबाट लामो यात्रा तयगरेर यहाँसम्म आइपुगेका छौं। सन् २०१५ देखि २०२० को बीचमा, आदिवासी जनजातिहरू, अफ्रो डिसेन्डेन्ट समुदायहरू, र स्थानीय समुदायहरूको लागि कानुनी रूपमा तोकिएको वा उनीहरूले स्वामित्व पाएको जमिनको क्षेत्रफल १० करोड हेक्टरभन्दा धेरैले वृद्धि भएको छ। कुनै समय सरकारहरू र अन्तर्राष्ट्रिय वातावरणीय संस्थाहरूले नजरअन्दाज गरेका यी समुदायहरूको संरक्षण र जलवायु परिवर्तनमा तिनले गरेको योगदान, आज संयुक्त राष्ट्रसंघको जलवायु र जैविक विविधता सम्बन्धी खाकाहरूको अभिन्न अंश बनेका छन्। कम्पनीहरू र लगानीकर्ताहरूले पहिले बेवास्ता गरेका यी समुदायहरूको अधिकारहरू अहिले ठूला अन्तर्राष्ट्रिय उत्तरदायित्व संरचनाहरू (accountability frameworks) मा समावेश भइसकेका छन्।

तर सायद सबैभन्दा महत्वपूर्ण कुरा के हो भने, पहिले एकअर्कासँग छुट्टाछुट्टै रहेका RRI का सदस्य संस्थाहरू

आज हामी सबैले सँगै निर्माण गरेका विश्वव्यापी र क्षेत्रीय गठबन्धनहरूका माध्यमबाट असाध्यै बलियो भएका छन्। एक समय सार्वजनिक र निजी सहयोगका लागि न्यूनतम स्रोतका लागि संघर्ष गरिरहेका यी संस्थाहरू अहिले आफ्नै अनुदान प्रणालीहरू सञ्चालन गर्दै अगाडि बढिरहेका छन्—जस्तै इन्डोनेसियाको नुसान्तारा फण्ड (Nusantara Fund), शान्दिया प्लेटफर्म (Shandia Platform), र मेसोअमेरिकन टेरिटोरियल फण्ड (Mesoamerican Territorial Fund)।

यस परिवर्तनको नेतृत्व गर्ने महिलाहरूको संख्या पनि अहिले इतिहासमै सबैभन्दा बढी छ। समुदायहरू, सरकारहरू, र अन्तर्राष्ट्रिय विकास मञ्चहरूमा-एक समय केवल औपचारिकताका रूपमा मात्र लिइने महिलाहरूको आवाज र नेतृत्व—आज सामूहिक अधिकारको बहसमा अस्वीकार गर्न नसकिने आधारस्तम्भ बनेको छ।

हामी आफ्नै संस्थाहरूमा नेतृत्वदायी भूमिकामा पुगेको पहिलो पुस्ताका महिला भएकाले, RRI गठबन्धनभित्रका साहसी महिलाहरूबाट हामी गहिरो रूपमा प्रेरित छौं। चाहे त्यो नेपालको संसदमा स्थानीय वन समुदायको प्रतिनिधित्व गर्न पुगेका महिला सांसदहरू हुन्, वा पश्चिम कालिमान्तानका वनहरूमा वनफडानी रोक्न दिनरात गस्ती गर्ने महिलाहरू; चाहे ती महिलाहरू अमेजन वर्षावन जोगाउन औद्योगिक अतिक्रमणको विरुद्ध लडिरहेकी हुन्, वा डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (DRC) र लाइबेरियामा राष्ट्रिय भूमिसम्बन्धी नीतिमा लैङ्गिक व्यवस्था सुनिश्चित गर्न संघर्षरत महिलाहरू—हामी गर्वका साथ उनीहरूको नेतृत्व पछ्याइरहेका छौं।

सरकार तथा अन्य पक्षबाट न्यूनतम समर्थनको बाबजुत—आदिवासी जनजातिहरू, अफ्रो डिसेन्डेन्ट समुदायहरू, स्थानीय समुदायहरू, र तिनका समर्थकहरूले हासिल गरेका केवल केही उदाहरणहरूले मात्रै ती उपलब्धिहरूलाई पुर्ण रुपमा न्याय गर्न सक्दैनन्। **यो प्रतिवेदन भनेको हामीले ऐक्यबद्धताका साथ काम गर्दा प्राप्त गरेका सफलताहरूको एउटा सानो झलक मात्र हो, र यो संकेत पनि हो कि यदि हामीसँग उचित स्रोत र क्षमता भयो भने हामी अझ धेरै ठूलो परिवर्तन हासिल गर्न सक्छौं।**

गएका २० वर्षमा समुदायहरूले हासिल गरेका प्रगतिहरूको श्रेय कुनै एक व्यक्तिले मात्र लिन सक्दैन। विभेद र उत्पीडनको विरुद्ध पुस्तौंदेखि लड्दै आएका ती समुदायहरू नै वास्तविक नायक हुन्। तर विश्वव्यापी आकांक्षालाई बढाउँदै, उनीहरूको आपसी विश्वास र ऐक्यबद्धतालाई सक्रिय बनाउँदै, र राजनीतिक, जलवायु तथा कर्पोरेट निर्णय प्रक्रियाको सर्वोच्च तहसम्म उनीहरूको पहुँच विस्तार गर्दै, हाम्रो गठबन्धनले ती संघर्षहरू र ती संघर्षमा अग्रसर रहने व्यक्तिहरूलाई सशक्त बनाउने कार्यमा खेलेको भूमिकामा गर्व गर्न सक्छ।

२००५ बाट सुरुवात भएको RRI को थालनी केवल पाँच संस्थाबाट भएको थियो। आज विश्वभरका २०० भन्दा बढी सदस्यहरूसँग यसको मजबुत सञ्जाल बनेको छ—जसमा आदिवासी सञ्जालहरू, अफ्रो डिसेन्डेन्ट नेताहरू, महिला तथा युवा अभियन्ताहरु, अनुसन्धानकर्ता, वन विज्ञहरू, र विश्वभरका सहयोगीहरू समावेश छन्। **आजको दिनमा आदिवासी, स्थानीय समुदाय, र अफ्रो डिसेन्डेन्ट समुदायहरूको अधिकारका लागि विश्वकै सबैभन्दा ठूलो ऐक्यबद्धतायुक्त सञ्जालको रूपमा खडा भइरहँदा, यो प्रतिवेदन हामीले परिवर्तनका लागि एकताबद्ध शक्तिको रूपमा कति लामो यात्रा तय गरेका छौं भन्ने कुराको उत्सव हो।** यो प्रतिवेदन हाम्रो यात्राले के अर्थ राख्छ भन्ने कुराको प्रमाण पनि हो—सामूहिक प्रयासको शक्ति र त्यो साझा जिम्मेवारीको भावना, अनि हाम्रा पूर्वजहरूले सिकाएको परम्परागत ज्ञान—जुन आजको विभाजित एवं अस्तव्यस्त संसारमा अत्यन्तै आवश्यक छ।

## ऐक्यबद्धताका साथ,

सोलान्ज र मीना

**सोलान्ज बान्दियाकी-बादजी** राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभकी संयोजक तथा अध्यक्ष हुन्।

**मीना सेत्रा** इन्डोनेसियाको पश्चिम कालिमान्तानबाटकी आदिवासी डायक पोम्पाकङ (Dayak Pompakng) हुन् र इन्डोनेसियाको आदिवासी जन-जातिहरूको सञ्जाल, AMAN (Indigenous Peoples’ Alliance of the Archipelago) की उपमहासचिव हुन्।

**“सरकार तथा अन्य पक्षबाट न्यूनतम समर्थनको बाबजुत—आदिवासी जनजातिहरू, अफ्रो डिसेन्डेन्ट समुदायहरू, स्थानीय समुदायहरू, र तिनका समर्थकहरूले हासिल गरेका केवल केही उदाहरणहरूले मात्रै ती उपलब्धिहरूलाई पुर्ण रुपमा न्याय गर्न सक्दैनन्। यो प्रतिवेदन भनेको हामीले ऐक्यबद्धताका साथ काम गर्दा प्राप्त गरेका सफलताहरूको एउटा सानो झलक मात्र हो, र यो संकेत पनि हो कि यदि हामीसँग उचित स्रोत र क्षमता भयो भने हामी अझ धेरै ठूलो परिवर्तन  हासिल गर्न सक्छौं।“**

सोलान्ज बान्दियाकी-बादजी
राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभकी
संयोजक तथा अध्यक्ष।

मीना सेत्रा
इन्डोनेसियाको पश्चिम कालिमान्तानबाटकी आदिवासी डायक पोम्पाकङ (DAYAK POMPAKNG) हुन् र इन्डोनेसियाको आदिवासी जनजातिहरूको सञ्जाल, AMAN (INDIGENOUS PEOPLES’ ALLIANCE OF THE ARCHIPELAGO) की उपमहासचिव हुन्।

# परिचयः

# सामूहिक सक्रियतामा २० वर्ष तथा आगामी मार्गचित्र

आजभन्दा २० वर्षअघि आदिवासीहरू, अफ्रिकन मूलका मानिस तथा स्थानीय समुदायहरू आफ्नो भूस्वामित्वको रक्षा तथा जैविक विविधताको संरक्षण गर्दै आफूलाई विस्थापन गर्न खोज्ने प्रणालीको प्रतिरोध गर्दै थिए। विश्वको आधाभन्दा बढी जमिनको जिम्मेवारी पाए पनि आआफ्ना सरकारसँग उनीहरूको सङ्घर्ष अदृश्य थियो अनि कानुन एवं नीतिमा उनीहरूको आवाजको सम्मान भइरहेको थिएन। अन्तर्राष्ट्रिय विकास सहायता, जलवायुसम्बन्धी गतिविधि एवं संरक्षणका क्षेत्रमा उनीहरूका अधिकारको बेवास्ता गरिएको थियो। यसै अवस्थाको प्रतिक्रियास्वरूप सन् २००५ मा राइट्स एन्ड रिसोर्सेस इनिशटिभ (आरआरआई - RRI) को स्थापना भएको थियो। यसको उद्देश्य सामूहिक अधिकारवादी आन्दोलनलाई विस्थापित गर्नु नभई ऐक्यबद्धता सञ्जालका रूपमा उनीहरूका साथमा रही अवसरका थप ढोका खोल्नु, स्रोतसाधनलाई समुचित दिशा प्रदान गर्नु र नीतिदेखि कार्यान्वयनसम्म प्रणालीगत परिवर्तनलाई उत्प्रेरित गर्नु हो।

यस प्रतिवेदन आत्मसमीक्षा र पुनर्प्रतिबद्धताको स्वरूप हो। यसमा विश्वव्यापी सहकार्यको उतारचढाव समेटिएको छ – कानुनी सुधार गर्ने महत्त्वाकाङ्क्षी प्रारम्भिक लक्ष्यहरूदेखि नजिरका रूपमा स्थापित हुने गरी अदालतमा जितिएका मुद्दाहरू अनि विश्वव्यापी वित्तीय संयन्त्रको स्थापनासम्म। यसले हालसम्म प्राप्त प्रगतिको बृहत् परिदृश्य प्रस्तुत गर्दै अझै गर्न बाँकी कामबारे पनि इमान्दार चर्चा गरेको छ। अग्रमोर्चामा रहेका (महिला तथा पुरुष) अगुवाहरूका आवाजलाई केन्द्रमा राख्दै यसले हामीलाई सम्झाएको छ कि दिगो परिवर्तन माथिबाट तल (टप-डाउन) हुँदैन, बरु यो समुदायमा हुर्कन्छ, सङ्घर्षद्वारा आर्जित हुन्छ र पुस्तौँसम्म अगाडि बढ्छ।

आरआरआई विभिन्न भूभाग, क्षेत्र  तथा विधाका २०० भन्दा बढी सङ्घसंस्थाहरूको सशक्त सञ्जाल हो। यसमा आदिवासी महासङ्घहरू, महिला सङ्गठनहरू, युवा अभियानहरू, अफ्रिकी मूलका सञ्जालहरू, अनुसन्धान संस्थाहरू तथा सामाजिक न्यायसम्बन्धी संस्थाहरू समावेश छन्। यसले सामूहिक भूस्वामित्वको हकका लागि जारी आन्दोलनको गति बढाउँदै यसलाई दिगो विकास, संरक्षण, जलवायु र मानवअधिकारका मुद्दाको किनाराबाट केन्द्रमा स्थापित गरेको छ। यस प्रक्रियामा यो सञ्जालले महत्त्वाकाङ्क्षा तथा आशा जगाउने सुविचारित दृष्टिकोण अपनाउँदै दाता, सरकार, नीतिनिर्माता तथा निजी क्षेत्रका सरोकारवालाले अतिविपन्न वर्गका अगुवाहरूसँग सबै स्तरमा प्रणालीगत परिवर्तनका लागि काम गर्दा केके सम्भव हुन्छ भन्ने पनि देखाएको छ।

आरआरआईको रणनीतिको केन्द्रमा सुरक्षित भूस्वामित्वले आत्मनिर्णय, स्वाभिमान, जलवायु परिवर्तन सामना क्षमता तथा लैङ्गिक न्यायको आधार तय गर्छ भन्ने बुझाइ रहेको छ। अधिकारको अभियान कानुनी सुधारमा मात्र सीमित हुँदैन अनि स्रोतसाधनबाट लाभ लिने क्षमताबिनाका अधिकार दिगो हुँदैनन् भन्ने धारणा यसको आधारका रूपमा रहेको छ।



ब्राजिलको साल्भाडोरमा अफ्रिकी-आधारित धर्महरूले सम्मान गर्ने एक संस्था, पानीकी रानी येमान्जाको सम्मानमा धार्मिक उत्सवको क्रममा लिइएको तस्बिर।
राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभका लागि राफेल मार्टिन्सद्वारा फोटो।

आज आदिवासीहरू, अफ्रिकी मूलका मानिस तथा स्थानीय समुदायले ७३ देशमा ११ प्रतिशतभन्दा बढी जमिनको कानुनी स्वामित्व पाएका छन्। यी देशहरूले विश्वको कुल भूभागको ८५ प्रतिशतभन्दा बढी हिस्सा ओगट्छन्। यसका बावजुद र कानुनी मान्यता हुँदाहुँदै पनि भूस्वामित्वको अधिकार जोखिममा नै रहेको देखिन्छ। ग्लोबल विट्नेसका अनुसार सन् २०१२ देखि २०२२ का बीचमा झन्डै २,००० भू तथा वातावरणीय अधिकाररक्षकहरू मारिएका छन् भने तीमध्ये धेरै अतिक्रमण तथा उत्खननबाट आफ्नो जमिन जोगाउने क्रममा मारिएका छन्। जलवायुसम्बन्धी समस्याको समाधानमा उनीहरूको भूमिकाको व्यापक पहिचान भए पनि उनीहरूले आफ्नो भूस्वामित्व, जलवायु तथा संरक्षण परियोजनाका लागि दाताका एकदमै थोरै प्रत्यक्ष सहयोग पाएका छन्। यो असामञ्जस्यले जलवायु परिवर्तनबाट सबैभन्दा धेरै प्रभावित भएका समुदाय नै निर्णय प्रक्रिया एवं स्रोतसाधन परिचालनको अग्रमोर्चामा हुने सुनिश्चित गर्ने रूपान्तरणकारी दृष्टिकोणको वर्तमान तथा जरुरी आवश्यकतालाई बल प्रदान गरेको छ।

विगत २० वर्षमा आरआरआईको रणनीति पाँच मुख्य आधारस्तम्भमा निर्भर छ : (क) राष्ट्रिय तथा विश्वव्यापी स्तरमा परिवर्तनको महत्त्वाकाङ्क्षा वृद्धि, (ख) विश्वसनीय प्रमाण तथा विश्लेषण निर्माण, (ग) राष्ट्रिय तथा क्षेत्रीय अभियानका मुख्य सरोकारवालाहरूबीच सम्बन्ध स्थापना, (घ) नवप्रवर्तनकारी समाधान तथा सञ्जालको प्रारम्भिक संरक्षण र  (ङ) चुनौती एवं अवसरको सम्बोधन गर्न समुदायहरूलाई सहयोग गर्ने गरी स्रोत परिचालन।

आरआरआईको रणनीतिक विश्लेषणले अन्तर्राष्ट्रिय नीतिको क्षेत्रमा नीतिगत रूपान्तरणका लागि प्रामाणिक आधार प्रदान गरेको छ। आदिवासी तथा स्थानीय समुदायका कानुनी मान्यताप्राप्त वनबारेका विश्वव्यापी तथ्याङ्क सङ्ग्रह ('विश्वका वन कसका स्वामित्वमा छन्?' र 'विश्वको जमिन कसको स्वामित्वमा छ?') देखि आफ्ना क्षेत्रको कार्बनमा वनकै समुदायको अधिकारबारे तथ्याङ्क अनि महिलाको वन स्वामित्व अधिकारको मानुनी मान्यताबारे नयाँ मापदण्ड (सामना क्षमता र प्रतिरोध)सम्मका आरआरआईका विश्लेषणात्मक सामग्रीले राष्ट्रिय भूमि कानुन, बहुपक्षीय दातृ निकायका रणनीति तथा नीतिगत सुधारका लागि स्थानीय पैरवीलाई प्रभावित गरेका छन्।

क्षेत्रीय स्तरमा, यस्ता सामग्रीअन्तर्गत एशियामा अधिकारमा आधारित संरक्षणको अवस्था विश्लेषण गरिएको रूपान्तरणकारी प्रतिवेदन, ल्याटिन अमेरिकामा जैविक विविधताको दृष्टिमा महत्त्वपूर्ण स्थान समेत रहेका अफ्रिकी मूलका मानिसहरूको भूखण्डको ऐतिहासिक नक्साङ्कन, प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा भूस्वामित्वसम्बन्धी पहिलो आधाररेखा अध्ययन र लाइबेरियाका सामुदायिक जमिन नसाङ्कन गरिएको सामयिक विश्लेषण शृङ्खलालगायत पर्छन्। यस्ता सामग्रीले अभियानकर्मीहरूलाई कानुनी सुधारका लागि पैरवी गर्न आवश्यक तथ्याङ्क प्रदान गरेका छन्।

यस्ता विश्लेषणले समुदायले चाहेका परिवर्तन मात्र नभई यस्ता परिवर्तनलाई जीवन्त बनाउन आवश्यक कार्यक्रमका लागि रणनीतिक लाभ दिने विन्दुहरूसमेत पहिचान गरेकाले यी प्रभावकारी छन्।

**सँगसँगै, आरआरआईले समुदायहरूबीच संवाद तथा सहकार्यका लागि विशिष्ट वातावरण एवं तिनलाई प्रभाव पार्ने वन मन्त्रालयदेखि राष्ट्रिय स्तरका भूमिसम्बन्धी निकाय र लगानीकर्ता अनि दातालगायत सरोकारवालाहरूको बृहत् प्रणाली विकास गरेको छ।** सन् २०२१ मा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (यूएनएफसीसीसी) का पक्षराष्ट्रहरूको २६औँ सम्मेलन (कोप२६)मा दाता तथा लगानीकर्ताहरू एवं तिनका मध्यस्थकर्ताका लागि आरआरआईको सञ्जाल 'पाथ टू स्केल'ले उष्णक्षेत्रीय देशहरूमा वनको स्वामित्वसम्बन्धी अधिकारलाई अगाडि बढाउन १.७ अर्ब अमेरिकी डलरको प्रतिबद्धतालाई उत्प्रेरित गर्न मुख्य भूमिका खेल्यो। सन् २०२४ को जैविक विविधता महासन्धिको १६औँ सम्मेलन (सीबीडी कोप१६)मा ल्याटिन अमेरिका तथा क्यारिबीअन क्षेत्रमा अफ्रिकी मूलक मानिसको जमिन र बृहत् आन्दोलनमा विगत १३ वर्षदेखिको उनीहरूको सहयोगको नक्साङ्कनले धारा ८(ञ)मा अफ्रिकी मूलका मानिसको औपचारिक पहिचानका लागि बल दियो। यो मान्यताले उनीहरूलाई औपचारिक रूपमै अन्तर्राष्ट्रिय आर्थिक स्रोतका लागि हुने छलफलमा राजनीतिक प्रभाव र पहुँच दियो।

अफ्रिकामा आरआरआईको नेतृत्वमा सामुदायिक अधिकारका लागि अफ्रिकी भूमिसम्बन्धी संस्थाहरूको सञ्जाल (अलिन - ALIN) स्थापना भयो। यसमार्फत् महादेशभरिका भूमिसम्बन्धी निकायहरू एक ठाउँ भई रणनीतिहरूबारे जानकारी आदानप्रदान गर्न र सामुदायिक भूस्वामित्वको अधिकारको कदर हुने गरी सुधारको गति बढाउन सम्भव भएको छ। इन्डोनेशियामा आरआरआईले 'टेन्यर कोअलिशन' स्थापना गर्नमा सहयोग गरेको छ। यसले सामुदायिक भूस्वामित्वमा नकारात्मक असर गर्न सक्ने कानुन रोक्नका लागि इन्डोनेशियाली सरकार र नागरिक समाजसँग विगत एक दशकदेखि सफलतापूर्वक काम गरेर आफूलाई महत्त्वपूर्ण सरोकारवालाका रूपमा स्थापित गरेको छ।

**यो सञ्जालले आफूले ध्यान केन्द्रित गरेका देशहरूमा विश्वव्यापी कार्यक्रमहरूसँगको निकट सहकार्यमा काम गरेको छ र यसका कारण एकअर्काको प्रगतिलाई थप लाभ प्राप्त भएको छ।** लाइबेरियामा सन् २००९ को सामुदायिक अधिकारसम्बन्धी कानुन र सन् २०१८ को महत्त्वपूर्ण भूअधिकार ऐन पारित गरी लागु गर्न आरआरआईले योगदान गरेको छ। यी दुवैलाई अफ्रिकाका सबैभन्दा प्रगतिशील भूमि कानुनहरूमध्ये मानिन्छ। इन्डोनेशियामा परम्परागत वनलाई राज्यको जमिनबाट छुट्याउने सन् २०१३ को संवैधानिक अदालतको फैसला (एमके३५)को पृष्ठभूमिमा आरआरआईले आलिआन्सी मस्याराकात अदात नुसान्तारा (अमान - AMAN) नामक संस्थालाई सहयोग गर्‍यो। पेरुमा आरआरआईले सामुदायिक भूमिको पहिचान स्थापना र स्याटलाइटसँग जोडिएका अनुगमन केन्द्रको जडानका लागि असोसिएशन इन्टरेट्निका डि डेसारोलो डि ला सेल्भा पेरुना (एआईडीईएसईपी - AIDESEP) सँग सहकार्य गर्‍यो। प्रजातान्त्रिक जनगणतन्त्र कङ्गोमा यस सञ्जालका सदस्यहरूले आदिवासी पिग्मी जनजातिको अधिकारसम्बन्धी ऐतिहासिक कानुन, राष्ट्रिय भूमि नीति र भूप्रयोग योजना कानुनलाई मूर्त रूप दिन सहयोग गरे। यी सबै दस्तावेजमा समुदायहरूका लागि अभूतपूर्ण संरक्षण अनि स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिको व्यवस्था छ।

विभिन्न देशहरूमा आरआरआईको कार्यक्रम कानुनी सुधारभन्दा बाहिर पनि फैलिएको छ। यी कार्यक्रमले समुदायको जलवायु, लैङ्गिक न्याय, संरक्षण र जीविकासम्बन्धी परियोजना सञ्चालन गरेका छन्। उदाहरणका लागि कोलम्बियामा अफ्रिकी मूलका महिलाहरूको सङ्गठनलाई समुदायको नेतृत्वमा १०,००० हेक्टर क्षेत्रफलको संरक्षण क्षेत्र स्थापना गर्न सहयोग गरिएको छ भने इन्डोनेशियाको सुमात्राका स्थानीय महिलाहरूलाई एक संरक्षित निकुञ्जमा गैरकाष्ठ वन उद्यम सञ्चालन गर्न सहयोग गरिएको छ। दिगो कृषिबारे समुदायहरूलाई तालिम दिनेदेखि उनीहरूको राष्ट्रिय पैरवीलाई सशक्त बनाउनेसम्मका यी बृहत् परियोजनाहरू सदैव समुदायकै प्राथमिकताबाट निर्देशित छन्। यिनीहरूले निरन्तर रूपमा आरआरआईको विश्वव्यापी एवं क्षेत्रीय स्तरका विश्लेषण, सञ्जाल तथा साधनबाट लाभ लिएका छन् भने तिनलाई प्रभावित पनि पारेका छन्।

**आरआरआईले आफ्नै किसिमले विश्वव्यापी परिवर्तनलाई डोहोर्‍याइरहेका विशिष्ट संस्था, साधन एवं सञ्जालको विकास पनि गरेको छ।** आदिवासी तथा स्थानीय समुदायका लागि विश्वव्यापी सहयोगको नयाँ, गैरऔपनिवेशिक र आत्मनिर्भर स्वरूपको आवश्यकताका कारण यिनीहरूको विकास भएको छ। अन्तर्राष्ट्रिय भूमि तथा वन स्वामित्व संस्था (इन्टर्न्याशनल ल्यान्ड एन्ड फरेस्ट फसिलटी) यिनैमध्येको एक हो। अधिकारधारकहरूको सङ्घर्षलाई विस्तान गर्न उच्च स्तरमा आवश्यक आर्थिक स्रोतको माग सम्बोधनका

लागि यो संस्था स्थापना गरिएको हो। सन् २०२४ मा मात्र यो संस्थाले २० देशका ३३ परियोजनालाई सहयोग गर्दै सामूहिक स्वामित्वसम्बन्धी सुधारलाई ३ करोड ३० लाखभन्दा बढी हेक्टरमा विस्तार गरेको छ।

सामुदायिक भूमिअधिकार तथा संरक्षणसम्बन्धी आर्थिक स्रोतका लागि पहल (क्लारिफाई - CLARIFI) सामुदायिक आर्थिक स्रोतबारे अर्को संस्थागत प्रयास हो। आरआरआई तथा प्रकृतिका लागि अभियान (क्याम्पेन फर नेचर) ले सन् २००२ मा सुरु गरेको यस प्रयासले विश्वभर समुदायमा आधारित संरक्षण र अधिकारसम्बन्धी गतिविधिका लागि प्रत्यक्ष, लचकदार तथा नवप्रवर्तनकारी आर्थिक स्रोतसाधन उपलब्ध गराउन थालेको छ।

अनपेक्षित अवसर तथा जोखिमलाई छिट्टै सम्बोधन गर्न समुदायहरूलाई सक्षम बनाउने गरी सानो आकारमा प्रत्यक्ष अनुदान दिन आरआरआईले सन् २००८ मा स्थापना गरेको वित्तीय संयन्त्र रणनीतिक प्रतिक्रिया संयन्त्र (एसआरएम - SRM) 'क्लारिफाई'को पूर्वरूप हो। त्यसयता यसले ३५ देखका २२० भन्दा बढी समसामयिक कार्यक्रमहरूका लागि आर्थक स्रोत जुटाउँदै समुदायहरूका कानुनी लडाइ, पैरवी, संरक्षण एवं अभियान प्रवर्द्धन परियोजनाहरूलाई सहयोग गरेको छ। क्यामरूनमा आदिवासीहरूको नेतृत्वका संरक्षण क्षेत्रलाई सशक्त बनाउनेदेखि ग्वाटेमालामा उत्पननका विरुद्ध मुद्दा जित्नेसम्म अनि नेपालमा आदिवासी संरक्षण उपायहरूलाई कानुनमा समेट्नेलगायतका प्रक्रियामा एसआरएमले सङ्कटका समयमा समुदायहरूलाई तीव्र गतिमा सहायता सुनिश्चित गरेको छ।

पैरवीकर्ता एवं नीतिनिर्मातालाई सहयोग गर्नका लागि आरआरआईले विकास गरेका धेरै रूपान्तरणकारी साधनहरूमध्ये 'ल्यान्डमार्क पनि एक हो। यो छोटो समयमै आदिवासी तथा सामुदायिक जमिनको नक्साङ्कन अनि विश्वको एकतिहाइ हिस्सा सामूहिक भूस्वामित्व प्रणालीअन्तर्गत रहेको दृश्य प्रस्तुत गर्नका लागि यो रोजाइको माध्यम बनेको छ। आरआरआईले संसारभर सामुदायिक भूअधिकारको पहिचानलाई अझ तीव्र बनाउन अक्स्फाम र इन्टर्न्याशनल ल्यान्ड कोअलिशनसँगको सहकार्यमा ''ल्यान्ड राइट्स नाउ' नामक विश्वव्यापी अभियान मञ्चसमेत स्थापना गरेको छ।

आरआरआईका क्षेत्रीय कार्यक्रम, पैरवी तथा अनुसन्धानमा लैङ्गिक न्यायलाई महत्त्वपूर्ण अन्तरसम्बन्धित विषयवस्तु मान्ने क्रम विगत केही वर्षदेखि बढ्दो छ। जलवायु परिवर्तन तथा विकाससम्बन्धी सङ्कटका लागि समुदायको सामना क्षमता विकास गर्ने कुरामा महिलाको महत्त्वपूर्ण भूमिकाका कारण यसो भएको हो। नेपालमा महिलाका महासङ्घहरूले अहिले वन प्रशासन तथा भूनीतिसम्बन्धी सुधारको नेतृत्व गरेका छन्। प्रजातान्त्रिक गणतन्त्र कङ्गो एवं लाइबेरियामा सञ्जालका सदस्यहरू पहिलो पटक महिलाको पैतृक सम्पत्ति पाउने हक र निर्णयको अधिकार सुनिश्चित गर्ने गरी कानुनी सुधारका लागि दबाव दिन सफल भएका छन्। सन् २०२२ मा विश्वव्यापी जलवायु तथा संरक्षणको क्षेत्रमा महिलाको आवाज एवं आर्थिक स्रोतसाधनमा प्रत्यक्ष पहुँच वृद्धि गर्न 'विमिन इन ग्लोबल साउथ अलायन्स' (विग्सा - WiGSA) स्थापना भयो। सन् २०२५ को एप्रिलको तथ्याङ्कअनुसार यसले अफ्रिका, एशिया र ल्याटिन अमेरिकाका ५९ देशमा रहेका समाजको सबैभन्दा तल्लो तहका महिलाहरूका २३ संस्था तथा सञ्जालहरूलाई परिचालन गर्छ।



काठमाडौं, नेपाल नजिकै श्री बिन्देश्वरी सामुदायिक वन प्रयोगकर्ता समूह। बायाँबाट दायाँ तस्विरमा खिचिएका महिलाहरूको नाम: गंगा, लीला, सीता, जयन्ती, यशोदा। अधिकार र स्रोत पहलका लागि आशा स्टुअर्ट द्वारा तस्बिर। मार्च २०२५।

स्थापनापछिको तेस्रो दशकमा प्रवेश गर्दा आरआरआईका अगाडि उच्च जोखिम छ तर सक्रियता पनि त्यत्तिकै छ। **यसको परिलक्ष्य आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका सङ्घर्ष तथा आत्मनिर्णयसहितको विकासलाई सहयोग गर्नु हो। यसका लागि आरआरआई**

**प्राकृतिक स्रोत, भूमि तथा वनको स्वामित्व तथा नियन्त्रण प्राप्त गरी तिनबाट लाभ पनि लिने यस्ता समुदायहरूको अधिकार सुनिश्चित गर्ने नीति, बजार तथा कानुनी सुधारका लागि बृहत् विश्वव्यापी प्रतिबद्धता र सक्रियताको प्रवर्द्धन गर्छ।**

आरआरआईका प्रगतिसम्बन्धी दुई विश्वव्यापी सूचकहरू यसप्रकार छन् :

- सन् २०३० सम्ममा न्यून तथा मध्यम आय भएका देशका वनक्षेत्रको कम्तीमा आधा भाग समुदायको स्वामित्वमा वा तिनले प्रयोग गर्ने गरी तोकिएका हुने छन्, अनि
- आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदाय र त्यहाँभित्रका महिलासमेतले सन् २०३० सम्म उनीहरूको स्वामित्वमा भएको वा प्रयोगका लागि तोकिएको वनक्षेत्रको शतप्रतिशत हिस्सामा वन पैदावार तथा सेवाहरूको व्यवस्थापन, संरक्षण, प्रयोग तथा व्यापारको अधिकार पहिचान गर्ने छन्।

सन् २०२० र ३० को बीचमा आरआरआईले आदिवासी तथा स्थानीय वनको थप ४० करोड हेक्टर क्षेत्रलाई सुरक्षित गरी तिनको पारिस्थिक प्रणालीबाट उत्पादित वस्तु एवं सेवाबाट विशेष गरी महिला र युवासमेतका स्थानीय समुदायले लाभ लिन सक्ने व्यवस्था सुनिश्चित गर्ने उद्देश्य राखेको छ। यस प्रक्रियामा उनीहरूलाई त्यस्ता अभियानबाट फिर्ता हुनुपर्ने, जमिन हडपिने वा अपराध मानिने कार्यबाट संरक्षण प्रदान गरिनेछ। यसका लागि कम्तीमा थप १० अर्ब अमेरिकी डलरबराबरको नयाँ आर्थिक स्रोत आवश्यक पर्छ। यी उद्देश्यहरू प्राप्त गर्नु पहिलो चरण मात्र हो, यसपछि सन् २०५० सम्म विश्वव्यापी रूपान्तरणको कार्यसूचीमा अधिकारधारकहरूलाई मुख्य योगदानकर्ता बनाउन उनीहरूको सक्रियतालाई नाटकीय तहमा बढाउनु आवश्यक छ।

**तर आरआरआईको विरासत सुरक्षित गरिएको जमिनको हेक्टरमा वा पारित गरिएको कानुनमा होइन, अभियानको सबलीकरणमा, परिस्थितिलाई सहयोगी बनाउनमा अनि रणनीतिक सञ्जाल निर्माणमा रहन्छ। यी नै प्रणालीगत तथा रूपान्तरणकारी परिवर्तनका मुख्य अवयव हुन्।** आगामी दिनमा आरआरआई यी उद्देश्य प्राप्त गर्न निम्नानुसार अगाडि बढ्नेछ :

- यस चक्रलाई अघि बढाउन विशेष गरी महिला र युवालगायत आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका अगुवाका नयाँ पुस्तालाई सहयोग
- कानुनी अधिकारबाट तिनको कार्यान्वयनमा स्थानान्तरण र कानुन पारित मात्र नभई तिनको कार्यान्वयन र संरक्षण भएको सुनिश्चितता
- क्लारिफाई र एसआरमलगायतका संयन्त्रहरूमार्फत् अधिकारधारकका सङ्गठनहरूमा प्रत्यक्ष तथा लचक आर्थिक स्रोतको विस्तार अनि आदिवासीकै नेतृत्वमा आर्थिक स्रोतसम्बन्धी संयन्त्रको वृद्धिमा सहयोग
- जलवायु तथा विकाससम्बन्धी सबै वित्तीय संयन्त्रमा भूस्वामित्वको सुनिश्चिततालाई अतिरिक्त पक्ष नभई आधारभूत आवश्यकताका रूपमा समावेशीकरण
- कानुनी, राजनीतिक तथा रणनीतिक रूपमा विद्यमान अधिकार फिर्ता लिने कदमको ऐक्यबद्धता तथा सुसंयोजित गतिविधिका साथ प्रतिरोध।

निश्चय नै, सामूहिक अधिकार आन्दोलन सन् २००५ यता बदलिएको छ, चाहे त्यो विभिन्न देशहरूले पारित गरेका कानुन वा समुदायहरूलाई प्राप्त थप वार्षिक आर्थिक स्रोतमा हुन् वा जलवायु एवं संरक्षणका विषयहरूको अभूतपूर्व उपस्थितिमा होस्। आफ्नो अधिकारको साहसपूर्वक पैरवी गर्ने र सरकार एवं संस्थाहरूलाई उत्तरदायी बनाउने अधिकारधारकहरूले नै यस्तो परिवर्तनको नेतृत्व गरेका छन्। विश्वव्यापी महत्त्वाकाङ्क्षा बढाएर, आपसी विश्वास तथा ऐक्यबद्धता परिचालन गरेर अनि उच्च तहका राजनीतिक वा संस्थागत निर्णयकर्तासम्म उनीहरूको पहुँचलाई थप बलियो बनाएर उनीहरूको सफलतामा भूमिका खेल्न पाउँदा आरआरआई सञ्जाल गौरवान्वित छ। स्थापनाको बीस वर्षपछि पनि सामुदायिक अधिकारका लागि जारी सङ्घर्ष पूरा भएको छैन तर यो निस्सन्देह जीवित छ।



नेपालको श्याग्य क्षेत्र भित्र पर्ने चुम नुब्रीको छेकम्पार गाउँ। २०२३ मा, आदिवासी त्सुम नुब्री समुदायले "शाग्य" को परम्परागत संरक्षण अभ्यासको लागि कानुनी मान्यता प्राप्त गर्यो, जसले सबै प्रजातिहरू विरुद्ध हिंसा निषेध गर्दछ।

तस्बिर: आदिवासी जनजाति अनुस

इन्डोनेसियाको मारिया कम्युनिटी इन्डिजेनियस स्कूलमा आदिवासी महिलाले बुनाई सिक्दै।

राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ, २०२४ को लागि राहेल वाटसनद्वारा तस्बिर।



# भाव पूर्ति:
# दुई दशकको यात्रा

सन् १९९० एवं २००० को प्रारम्भिक चरणमा 'ग्लोबल साउथ'का आदिवासी, अफ्रिकी मूलका मानिस तथा स्थानीय समुदायहरू आफ्ना अधिकारको प्रतिरक्षाका लागि सङ्गठित हुन थाले। फिलीपिन्स, बोलिभिया, कोलम्बिया, तान्जानिया र युगान्डाजस्ता केही देशहरूमा उनीहरू ऐतिहासिक कानुनी उपलब्धि पनि हासिल गरे। तर यी कोसेढुङ्गाहरूका बाबजुद राष्ट्रिय कानुनसँगै विश्वव्यापी विकास, वन अनि जलवायुसम्बन्धी कार्यसूचीमा उनीहरूका अधिकारको कदर आम रूपमा हुन बाँकी नै छ। लामो समयसम्म विस्थापन तथा आफ्नो उपस्थितिलाई अदृश्य बनाइएको अवस्थाको प्रतिरोध गरेका समुदायहरू कठिन सङ्घर्षमार्फत् केही हदसम्म विजय हासिल गरे पनि उनीहरूका धेरै उपलब्धि कागजमा सीमित छन्, ती फिर्ता हुने जोखिममा छन् वा विश्वव्यापी नीतिगत कार्यसूचीसँग पनि जोडिएका छैनन्।

सँगै, विकाससम्बन्धी भाष्यहरू चरम विन्दुमा पुगेको अवस्था थियो त्यो। ग्रामीण गरिबी, वनविनाश तथा जलवायुसम्बन्धी उदाउँदा विश्वव्यापी धारणाहरूमा समुदायलाई केन्द्रमा विरलै राखिएको हुन्थ्यो। तर वनलाई लगानीको बढ्दो अवसर अनि जलवायुलाई सन्तुलित राख्ने शक्तिका रूपमा हेर्न थालिएपछि केही विकास सरोकारवालाहरूले सामुदायिक स्वामित्वको अनुपस्थितिलाई बढ्दो जोखिमका रूपमा हेर्न थाले। बृहत्तर वातारवणीय क्षति तथा समुदाय एवं बाह्य सरोकारवालाहरूबीचको हिंसात्मक द्वन्द्वका कारण स्थानीय समुदायको भूमि तथा जीविका खतरामा परे पनि विश्वव्यापी विकास समुदायले यसलाई हस्तक्षेप गर्नका लागि अतिराजनीतिक क्षेत्र मानेर आम रूपमा बेवास्ता गर्‍यो।

यही अभावका बीच आरआरआईको जन्म भयो। 'ग्लोबल साउथ'का लाखौँ मानिसका एक्लाएक्लै सङ्घर्षलाई माथि उठाउन र उनीहरूलाईई सहयोग गर्न विश्वव्यापी सचेतना एवं महत्त्वाकाङ्क्षा बढाउनका लागि प्रतिबद्ध एवं समान धारणा भएका संस्था तथा व्यक्तिलाई समेटेर सन् २००५ मा यसको औपचारिक सुरुवात भयो।

यसअन्तर्गत यस सञ्जालको पहिलो आश्रयका रूपमा रहेको 'फरेस्ट ट्रेन्ड्स' (संयुक्त राज्य अमेरिका), अन्तर्राष्ट्रिय वन अनुसन्धान केन्द्र (सिफोर – CIFOR, इन्डोनेशिया), अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आईयूसीएन - IUCN), रेकोएफटीसी (RECOFTC), मानिस तथा वन केन्द्र (थाईल्यान्ड), सामुदायिक कृषिवनका लागि मध्यअमेरिकी आदिवासी तथा किसानहरूको समन्वय संस्था (कोस्टा रिका) र जनता एवं सामुदायिक विकास प्रतिष्ठान (पपुआ न्यू गिनी)लगायत थिए।

यी संस्थापक संस्थाहरूले आरआरआईका तीन सहसंस्थापक अरविन्द खरे, एन्डी ह्वाइट तथम अगस्टा मोल्नरलाई सञ्जाल स्थापना गर्दै सामूहिक भूस्वामित्वको सुधारका लागि सदस्यहरूको निडर पहलबाट लाभ लिँदै अगाडि बढ्न बल प्रदान गरे। अरविन्द, एन्डी र अगस्टाले पनि सामूहिक सक्रियता, गतिशील तर छुट्टाछुट्टै भइरहेका अभियानको सुदृढीकरण अनि परिवर्तनका लागि अझ ठूलो शक्ति बनाउनाको सामर्थ्य बुझे। त्यसपछिका १५ वर्षमा उनीहरूले पूर्णत: 'बटम-अप' र सहकार्यमूलक दृष्टिकोण प्रयोग गर्दै आरआरआईको नेतृत्व गरे। अधिकारधारकहरूको प्राथमिकताबाट निर्देशित हुँदै आफ्ना प्राथमिकता तय गरे।

आफ्नो देश भारतमा वन स्वामित्व र कानुनी सुधारबारे बृहत् काम गरेका प्राकृतिक स्रोत व्यवस्थापन विशेषण अरविन्दले आरआरआईका लागि अधिकारलाई नीति मात्र नभई शक्तिको प्रश्नका रूपमा राजनीतिक विश्लेषणलाई आकार दिन सहयोग गरे। उनको यसअघिको काम पूर्वाधार, वन, सामाजिक तथा आदिवासी विकास अनि जलाधार क्षेत्रमा भारतका राज्य तथा केन्द्र सरकारका लागि नीतिगत विश्लेषण तथा विकासमा केन्द्रित थियो। आरआरआई स्थापना गर्नुभन्दा ठ्याक्कै अगाडि उनले विश्व ब्याङ्कको वनक्षेत्र रणनीति कार्यान्वयनसम्बन्धी बाह्य सल्लाहकार समूहको नेतृत्व पनि गरे।

**"स्रोतसाधन र आवाजहरूलाई एकसाथ ल्याउँदा हामीलाई कुनै एकल गैरसरकारी संस्थाले हासिल गर्न सक्ने भन्दा धेरै ठूलो प्रभाव पार्न अनुमति मिल्यो।"**

अरविन्द खरे,
सह-संस्थापक, आरआरआई



दायाँबाट बायाँ: एन्डी ह्वाइट, अगस्टा मोल्नार र अरविन्द खरेले आरआरआईको स्थापनाको कथा सुनाउँछन्।
फोटो ४ र सी द्वारा आरआरआईको लागि।

"अन्तर्राष्ट्रिय विकास तथा वन क्षेत्रका अगाडि आदिवासी तथा स्थानीय समुदाय आम रूपमा अदृश्य रहेको सन्दर्भमा हामीले आरआरआई स्थापना गऱ्यौँ। हामीले उनीहरू अझ देखिने बनाउन अनि उनीहरूका लागि थप राजनीतिक स्थान विकास गर्न सञ्जाल निर्माण गऱ्यौँ।"

एन्डी ह्वाइट,
सहसंस्थापक, आरआरआई

एन्डीले सुरुमा हेइटीका सामुदायिक संस्थाहरूसँग, अनि त्यसपछि विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय खाद्यनीति संस्था, अन्तरअमेरिकी प्रतिष्ठान र फरेस्ट ट्रेन्ड्ससँग वर्षौँ काम गरे। प्रणालीभित्रै र बाहिर रहेर उनले बहिष्करणका ढाँचाहरू कति गहिरोसँग गढेका हुन्छन् अनि पारम्परिक विकास संस्था तथा गैरसरकारी संस्थाहरू स्थानीय संस्थाहरूलाई कदर र सहयोग गर्ने तरिकाले योजना गरिएका हुँदैनन् त्यसैले उनीहरूका भूअधिकार अनि सार्वभौमिकताको कदर विरलै हुन्छ भन्ने देखे।

मानवशास्त्रीका रूपमा प्रशिक्षित अगस्टाका लागि उनले विशेष गरी नेपाल, मेक्सिको र मध्यअमेरिकामा सामुदायिक वनका क्षेत्रमा गरेको दशकौँको कामले आरआरआईको स्थापनामा प्रभाव पारेको थियो। उनले २० वर्षभन्दा बढी समय विश्व ब्याङ्कसँग काम गरिन् र त्यस क्रममा आफ्ना अनुसन्धान र पैरवीका गतिविधिमार्फत् संरक्षण र वनक्षेत्रमा 'टप-डाउन' ढाँचालाई चुनौती दिइन्। यस्तो ढाँचा सामुदायिक भूमि प्रशासनको वैधानिकतालाई मान्यता दिन विफल हुने उनको तर्क छ।

संस्थापकहरूको यो समूहले आरआरआई कस्तो रूपमा विकसित हुन्छ भन्ने पनि परिभाषित गरे : एक सञ्जाल अनि एक रणनीतिक उत्प्रेरक। आफ्नो स्थापनाकालदेखि नै आरआरआई छरितो, छिटो र ध्यान केन्द्रित गर्ने संस्थाका रूपमा रहँदै अधिकारधारकको नेतृत्वको आन्दोलनमा सहयोग गर्ने रणनीतिक विश्लेषण, उच्चस्तरीय समन्वय तथा समस्याको सम्बोधन गर्ने आर्थिक स्रोत परिचालनमा केन्द्रित हुन चाह्यो। यसअघि सुधारका धेरै प्रयासलाई कमजोर

बनाएका प्रशासनिक ढिलासुस्ती एवं संस्थागत असामञ्जस्य छल्ने उद्देश्यले योजनाबद्ध रूपमा यस्तो ढाँचा विकास गरियो।

अनुसन्धाता, वनवैज्ञानिक तथा आन्दोलनका विचारकहरूको बृहत् समूहले आरआरआईको बौद्धिक दिशा तय गरेको छ। उनीहरूमध्ये केही प्रमुख नामहरू हुन् : ल्याटिन अमेरिकामा आरआरआईको काम सुरु गर्ने ग्रामीण विकास तथा वातावरणविद् **डेबोरा ब्यारी**, पाश्चात्य सम्पत्ति कानुन र विश्वव्यापी भूस्वामित्वको अभिलेखीकरणमा सामुदायिक भूमिअधिकार समेट्नका लागि ढाँचा विकास गर्ने कानुन व्यवसायी **ओवेन लिन्च**, घानाका नागरिक अधिकारसम्बन्धी अधिवक्ता **क्येर्त्वी ओपोकू** र आरआरआईको प्रथम निर्देशन समितिको अध्यक्षता गरेका प्राकृतिक स्रोत शासन विशेषज्ञ **डोरिस क्यापिस्ट्रानो**।

आरआरआईको प्रथम अनुसन्धान समूहकी एक अनुसन्धानकर्मी तथा भूस्वामित्व विज्ञ **लिज एल्डन विलीले** पनि कानुनी प्रणाली र सामूहिक सक्रियताको सम्बन्धबारे यस सञ्जालको बुझाइलाई थप बलियो बनाउन र 'ल्यान्डमार्क' नक्साङ्कन प्रणालीको विकास गर्न सहयोग गरेकी छन्। उनको अन्तर्दृष्टिले कागजमा मात्र नभई अधिकारहरूलाई वास्तविकतामा बदल्नका लागि दिगो राजनीतिक सामर्थ्य र सामुदायिक परिचालनको आवश्यकतामा जोड दियो।

सन् २००४ मा स्टकहोममा पहिलो पटक भएको भेला र सन् २००५ मा सञ्जालको स्थापनापछि आरआरआई राष्ट्रिय तथा विश्वव्यापी बहसमा सामुदायिक भूस्वामित्वलाई केन्द्रमा राख्दै अगाडि बढ्यो। विश्वको पारिस्थितिक प्रणालीमा समुदायहरू नै सबैभन्दा प्रभावकारी हेरचाहकर्ता हुने प्रमाणलाई यसले अझ सशक्त बनायो। सरकार तथा बजारले मात्र ग्रामीण भूमिको भविष्य तय गर्नुपर्छ भन्ने मान्यतालाई यसले चुनौती दियो। यसले नयाँ सञ्जालहरू स्थापना हुन सक्ने गरी राजनीतिक तथा वित्तीय अवसर प्रदान गऱ्यो। यस्ता सञ्जालले कानुन परिवर्तन गर्ने, आर्थिक स्रोतको प्रवाहमा

> **"हाम्रो काम भनेको स्थानीय सङ्घर्षलाई अन्तर्राष्ट्रिय संयन्त्रसँग जोड्नु र यी समुदायमा संसारको ध्यान खिच्नु हो। त्यसरी नै हामी परिवर्तन ल्याउँछौँ।"**
>
> अगस्टा मोल्नर,
> सहसंस्थापक, आरआरआई

## भूस्वामित्वको हक

आरआरआईले सामुदायिक भूस्वामित्वलाई "भूमि तथा (स्वच्छ पानीजस्ता) प्राकैतिक स्रोतसाधनको स्वामित्व तथा प्रशासनको अधिकार आदिवासी, अफ्रिकी मूलका वा स्थानीय समुदायमार्फत् सामुदायिक स्तरमै निहित हुने व्यवस्था" भनी परिभाषित गरेको छ। कानुनी मान्यता नपाएका यस किसिमका व्यवस्था पनि यस परिभाषाअनुसार सामुदायिक भूस्वामित्वमा पर्छन्। यस प्रतिवेदनभरि हामीले भूमि, वन, अन्य भूखण्ड, पानी तथा सिमसार अनि चरण क्षेत्रलगायत सबै पारिस्थितिक प्रणालीमा समुदायको अधिकारलाई "भूस्वामित्वको अधिकार" भन्ने शब्दावली प्रयोग गरेका छौँ।

परिवर्तन ल्याउने र लामो समयदेखि रोकिएका सुधारको बाटो खोल्ने काम गरे।

महत्त्वपूर्ण कुरा के हो भने यसको स्थापनाकै बेलातिर सुरुमा संरक्षण र त्यसपछि जलवायु वित्तमार्फत् बढ्दो रूपमा वन क्षेत्रमा अन्तर्राष्ट्रिय दबाव बढ्दै गयो। यी विषयवस्तुले भूस्वामित्वको अधिकारलाई बेवास्ता गरे भने त्यसको असर जोखिमपूर्ण हुने आरआरआईको त्रास थियो। 'रेड प्लस' तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने वनमा आधारित प्रयासमा अन्तर्राष्ट्रिय समुदायले अर्बौं खर्च गरिरहँदा "हरित वृद्धि"का नाममा अधिकारधारकहरूलाई नपन्छाइयोस् भन्ने सुनिश्चित गर्न आरआरआईले काम जारी राख्यो।

सामुदायिक अधिकारमा सुधारका महत्त्वपूर्ण अवधिहरूमा विभिन्न देशहरूमा आरआरआईले सुरुवाती चरणमा गरेका कामले वर्षौँपछिका महत्त्वपूर्ण उपलब्धिहरूका लागि आधार तय गरे। लाइबेरियाको सन् २०१८ को भूमिअधिकार ऐन होस् वा कोलम्बियाको बारु क्यारिबीअन टापुमा अफ्रिकी मूलका मानिसहरूको सामूहिक अधिकार पुनर्स्थापनाको सफलता, सञ्जालका सदस्यहरूले दशकौँ गरेको विश्लेषण र पैरवीसँगै नीतिनिर्माताहरूसँग सामुदायिक अगुवाको प्रत्यक्ष सम्पर्कका लागि बनाइएको वातावरणका प्रतिफल थिए ती। समन्वयमूलक विश्लेषण रणनीतिक संवाद तथा स ञ्जालको नेतृत्वमा भएको सञ्चारको ढाँचाले आरआरआईलाई राष्ट्रिय तथा विश्वव्यापी स्तरमा असामान्य प्रभाव कायम गर्ने मौका दियो।

आरआरआईले वास्तविक समयमा प्रभाव कायम गर्नका लागि प्रमाणहरू स्थापित गरेर आमूल रूपान्तरण गरायो। सञ्जालका सदस्यहरूले कानुनी व्यवस्थाको अभावको विश्लेषण गर्दै सरकार एवं दाताहरूलाई समयमै मार्गदर्शन प्रदान गर्न सँगसँगै काम गरे। प्रारम्भिक समयका प्रकाशनहरूले नै स्पष्ट भाष्य स्थापित गरे कि सामुदायिक भूस्वामित्वको सुनिश्चितता न्यायको कुरा मात्र होइन, बरु दिगो विकास, संरक्षण र जलवायु परिवर्तनको सामना क्षमताका लागि पनि यो पूर्वसर्त हो।

त्यसपछिका दुई दशकमा सञ्जाल २०० भन्दा बढी संस्थाहरूसम्म फैलियो। यसले ३५ भन्दा बढी देशहरूमा कानुनी तथा नीतिगत सुधारका लागि सहायता प्रदान गर्‍यो भने टेन्यर फसिलिटी, इन्टर्लेकन ग्रूप, द विमिन इन ग्लोबल साउथ अलायन्स, पाथ टू स्केल, द अफ्रिका ल्यान्ड इन्स्टिट्यूशन्स नेट्वर्क (अलिन - ALIN), ल्यान्डमार्क र ल्यान्ड राइट्स नाउ अभियान मञ्चजस्ता नयाँ संस्था र सञ्जालको प्रारम्भिक विकासका लागि सहयोग गर्‍यो। साथै यसले लाखौँ हेक्टर सामुदायिक भूमिको कानुनी मान्यता सुनिश्चित गर्न पनि योगदान दियो।

यी सबै कामका लागि प्रारम्भिक वर्षहरूमै व्यक्ति तथा संस्थाहरूको सानो समूहले जग हालेका थिए किनकि उनीहरूलाई भूमि तथा स्रोतसाधनमाथिको सामूहिक अधिकार ऐच्छिक वा अतिरिक्त सुविधा नभई न्यायपूर्ण तथा दिगो भविष्यको एक सर्त भएको कुरा थाहा थियो।




# सम्झनामा

## ओवेन जे लिन्च (१९५३-२०२४)

ओवेन जे लिन्च एक कानुन व्यवसायी, अभियानकर्मी, भूतपूर्व आरआरआई फेलो र आदिवासी र स्थानीय समुदायको भूमिअधिकारको कानुन मान्यताका लागि नयाँ विश्वव्यापी अभियानका एक प्रारम्भिक स्तम्भ थिए। सन् १९८० देखि १९८४ सम्म फिलिपिन्समा पीस कोर स्वयंसेवकका रूपमा कार्यरत रही त्यहाँका आदिवासी समुदायको भूमिअधिकार सुनिश्चित गर्न कानुनी सहायताका लागि माग भएबमोजिम काम गर्दा उनीहरूप्रति माया पलाएकाले उनी अन्तर्राष्ट्रिय प्रभाव भएका कानुन व्यवसायी तथा अभियानकर्मी बने।

ओवेन र उनले झन्डै एक दशकसम्म पढाएको फिलिपिन्स विश्वविद्यालयको कानुन कलेजका उनका लगनशील विद्यार्थीहरू नै फिलिपिन्समा आदिवासीहरूको अधिकारको कदर गर्ने कानुनी रणनीतिका निर्माता थिए। उनीहरूले सन् २००० मा सर्वोच्च अदालतले अनुमोदन गरेको एउटा मुद्दालाई पनि अगाडि बढाए। यसैमार्फत् एशियामा पहिलो पटक कुनै राष्ट्रिय सरकारले आदिवासीको भूमिअधिकारलाई कानुनी मान्यता दिएको थियो।

विगत ३० वर्षमा ओवेनले अफ्रिका, ल्याटिन अमेरिका तथा एशियामा सार्वजनिक चासोका विषयमा काम गर्ने कानुनी संस्थाहरूलाई सल्लाहसुझाव, आर्थिक स्रोत तथा सम्पर्क प्राप्त गर्न सहयोग गरेर उनीहरूको प्रवर्द्धन र 'मेन्टरिङ' गरे। फरेस्ट ट्रेन्ड्स तथा सीआईईएलले सन् २००२ मा प्रकाशन गरेको 'विश्वका वनमा कसको स्वामित्व' शीर्षकको प्रतिवेदनपछाडि 'समुदायमा आधारित सम्पत्तिको हक'बारे उनको अवधारणात्मक ढाँचाले प्रेरकतत्त्वका रूपमा काम गरेको थियो। यस प्रतिवेदनले आदिवासी तथा स्थानीय समुदायका बढ्दो भूमिकाबारे बृहत् जनचेतना जगाउन उल्लेख्य भूमिका खेलेको थियो।

सीमान्तकृत समुदायलाई सहयोग प्रदान गर्दै उनले प्राप्त गरेका उपलब्धिको लामो सूचीका लागि मात्र नभई करुणा, उदारता र अरूप्रतिको निसर्त मायाका लागि पनि ओवेनको सम्झना गरिनेछ। उनको एउटा मन पर्ने भनाइ थियो, "अँध्यारोलाई गाली गर्नुभन्दा ज्वाला बाल्नु नै राम्रो हुन्छ।" ओवेनले आफ्नो जीवनमा यस सत्यलाई लागु गरे र धेरैलाई अँध्यारोसँग जुध्नका लागि आआफ्ना तर्फबाट ज्वाला बाल्न प्रेरित गरे।

---

## यति बन (* - २०१४)

यति बन अन्तर्राष्ट्रिय दिगो वन आन्दोलनको प्रारम्भिक दिनहरूमा सामुदायिक वन र उद्यमहरूको लागि अग्रणी अधिवक्ता थिए। उनी आफ्नो जन्मभूमि पपुवा न्यू गिनीमा एक निडर पथप्रदर्शक थिए जहाँ उनले फाउन्डेसन फर पिपल एण्ड कम्युनिटी डेभलपमेन्ट (FPCD) स्थापना गरे, अवैध कटान उद्योग र भ्रष्ट सरकारी अभिनेताहरूलाई बोलाउँदै, र समुदाय-नेतृत्वको वन र विकासको लागि बहस गरे।

बनले वन भण्डारी परिषद् (FSC) को बोर्डमा सेवा गरे, जसलाई उनले सह-स्थापना गर्न मद्दत गरे र अन्तर्राष्ट्रिय काठ व्यापार संगठनको नागरिक समाज सल्लाहकार समूह। उनले RRI स्थापना गर्न पनि मद्दत गरे, FPCD यसको पहिलो साझेदार संस्थाहरू मध्ये एक बन्यो।

मेक्सिकोमा FSC बैठकमा भाग लिने क्रममा यतिको फेब्रुअरी १४, २०१४ मा अचानक निधन भयो। उहाँलाई उनको हर्षित समर्पण, उदारता, र यति टाढा पूर्वमा बसोबास गर्ने बावजुद अन्य भौगोलिक क्षेत्रका समुदायहरूको वास्तविकता बुझ्ने अद्वितीय क्षमताको लागि मायालु रूपमा सम्झिन्छ।

रोवेन स्मिथ द्वारा फोटो, अनस्प्लास

कंगो प्रजातान्त्रिक गणतन्त्र, कंगो बेसिनमा आदिवासी पिग्मी मानिस।
अधिकार र स्रोत पहलको लागि EnviroNews RDC द्वारा तस्बिर, २०२४।



# परिवर्तनको विरासत
# २००५–२०२५

दिगो परिवर्तनका लागि स्थानीय स्तरको नेतृत्व भएका समाधान तथा बलियो कानुनी संरक्षण जरुरी हुन्छ भन्ने विश्वासको जगमा आरआरआई काम गर्छ। आफ्नो २०औँ वार्षिकोत्सव मनाउँदै गर्दा आरआरआई युवा परिचालन गर्दै, कठिन सङ्घर्षबाट प्राप्त उपलब्धिलाई थप बलियो बनाउँदै, आवश्यक स्रोतसाधनको प्रवाह गर्दै, स्थानीय संस्था तथा महिलाहरूलाई प्रत्यक्ष आर्थिक स्रोतको पैरवी गर्दै र आन्दोलनहरूलाई थप उचाइ प्रयोग गर्दै आफ्नो प्रभाव बढाउन पुन: प्रतिबद्धता व्यक्त गर्दछ।

विगत दुई दशकमा आरआरआईले भूमिअधिकारको विश्वव्यापी स्वरूप बदल्न उल्लेख्य भूमिका खेलेको छ। समसामयिक विश्लेषण गर्ने र समाजको तल्लो तहमा रहेकाहरूसँग साझेदारी गर्नेदेखि नीतिगत संरचनामा प्रभाव पार्ने र समुदायका योगदानबारे भाष्यहरू परिवर्तन गर्नेसम्म, यसले भूमि, वन तथा स्रोतसाधनमाथिको अधिकारलाई समतामूलक जलवायु, संरक्षण, आर्थिक तथा मानवअधिकारसम्बन्धी समाधानको केन्द्रमा राखेको छ। तर कुनै पनि कार्यक्रम एक्लै सञ्चालन हुन सक्दैन, आरआरआईको रणनीतिक विश्लेषण राजनीतिक गतिविधिका लागि उत्प्रेरक हुन्, यसका तथ्याङ्कले कार्यस्थल तथा सरकारमा रहेका अगुवाहरूको सशक्तीकरण गर्छ र यसका विश्वव्यापी तथा क्षेत्रीय भेलाहरूले राष्ट्रिय तहमा सुधार तथा सक्रियतालाई अगाडि बढाउन गति प्रदान गर्छन्।

## प्रमाणको आधार निर्माण

**समता, भूस्वामित्व, जलवायु तथा संरक्षणका गतिविधिहरूको बुझाइ र सम्बोधनमा देखिएको विश्वव्यापी परिवर्तनका लागि आरआरआईको समसामयिक विश्लेषणले आधार प्रदान गरेको छ। प्रायजसो यसले स्थानीय तथा विश्वव्यापी तहमा दिगो परिवर्तन स्थापना गर्न राजनीतिक कार्ययोजनाका लागि उत्प्रेरकका रूपमा काम गरेको छ।**

आरआरआई स्थापना हुनुअघि फरेस्ट ट्रेन्ड्सले अलेजान्द्रा मार्टिन र एन्डी ह्वाइटद्वारा लिखित 'विश्वका वनमा कसको स्वामित्व?' (२००२) नामक एक रूपान्तरणकारी प्रतिवेदन प्रकाशन गरेको थियो। यस प्रतिवेदनले सामुदायिक स्वामित्व तथा व्यवस्थापन अधिकारसमेत वनको स्वामित्वको वितरणबारे पहिलो पटक विश्वव्यापी तथ्याङ्क प्रस्तुत गरेको थियो। यसले सरकारहरूका लागि उत्तरदायित्व संयन्त्रका रूपमा वनको स्वामित्वको ढाँचा अनुगमन गर्न संरचना प्रदान गरेको थियो। आफ्नो स्थापनासँगै आरआरआईले यो महत्त्वपूर्ण स्रोतसाधनमा आवश्यक परिवर्तन र अद्यावधिक

एनी स्प्रेट द्वारा फोटो, अनस्प्लास







माथि: समुदायका महिलाहरूले क्यान्टिनमा पानी टाउकोमा बोकेर, भारत।

मध्य: पानामाको आदिवासी इपेटी-एम्बेरा समुदायद्वारा सिर्जना गरिएका हस्तकलाहरू।
अधिकार र स्रोत पहलका लागि टोभा काट्जम्यानद्वारा तस्बिर, २०२३।

तल: पानामाको इपेटी-एम्बेरा समुदायको गाउँको परम्परागत वनको ड्रोन तस्बिर।
अधिकार र स्रोत पहलका लागि आशा स्टुअर्टद्वारा तस्बिर। मार्च २०२५।


# कार्यकाल ट्र्याकिङ:
# प्रमुख रिपोर्टहरू

2002




विश्वको वन कसको हो?

2012




के अधिकार ?

2014





सुधारको भविष्य कस्तो छ?

2015





विश्वको भूमि कसको हो?
(पहिलो संस्करण)

2017





शक्ति र सम्भाव्यता

2018





चौबाटोमा

2020





पानी कसको ?

2023




विश्वको भूमि कसको हो?
(दोस्रो संस्करण)

2025




लचिलोपन र प्रतिरोध

गर्ने जिम्मेवारी मात्र नलिई आफ्नो गहनता र व्यापकता पनि विस्तार गऱ्यो। आज आरआरआईको विश्वव्यापी भूस्वामित्वसम्बन्धी तथ्याङ्क 'ट्र्याकिङ' प्रणालीले प्राकृतिक स्रोतमाथि समुदायहरूको कानुनी मान्यताप्राप्त अधिकारको सबलता, विषयवस्तु र लैङ्गिक संवेदनशीलताको अनुगमन गर्छ।

सन् २०१२ मा भूमि, वन तथा पौडीपोखरीको जिम्मेवार प्रशासनबारे स्वयंसेवी निर्देशिका (भीजीटीटी- VGGT) पारित भएसँगै 'के अधिकार?' ले सामुदायिक वनमाथि समुदायहरूका अधिकारको सँगालोको अनुगमनका लागि विश्लेषणात्मक संरचना प्रदान गऱ्यो। गुणात्मक तथा मात्रात्मक दुवैखाले विश्लेषणमार्फत् विश्वव्यापी प्रवृत्तिको अध्ययन गर्दै 'सुधारका लागि कस्तो भविष्य?' (२०१४) ले मान्यताको वास्तविक गतिबारे विद्यमान पूर्वानुमानलाई चुनौती दियो। यी दुवै दस्ताबेजहरू छिटै गुणस्तरीय पैरवी र दाता रणनीतिका लागि आधार साबित भए।

साथै, आरआरआईले समाधान हुन बाँकी स्वामित्वसम्बन्धी विवादमा जोखिमको मात्रा निर्धारण गर्दै अनि कसरी अधिकारको सम्मान तथा स्वामित्वको जोखिम कम गर्दै र भीजीजीटी सञ्चालन गर्दै कम्पनीहरूका लागि मार्गदर्शन तयार गर्ने विश्लेषणमार्फत् सामुदायिक स्वामित्वको सम्मानमा व्यावसायिक उदाहरण बनाउन पनि पहल गऱ्यो।

सन् २०१४ मा आरआरआई तथा वर्ल्ड रिसोर्सेस इन्स्टिट्यूटले 'अधिकारको सुनिश्चितता तथा जलवायु परिवर्तनसँगको लडाइँ' प्रकाशनमार्फत् सामूहिक स्वामित्वलाई न्यायको विषय मात्र नभई जलवायुका लागि अपरिहार्य विषयका रूपमा परिभाषित गरे। यसपछिका प्रकाशनहरूले ल्यान्डमार्फ तथा आरआरआई टेन्यर ट्र्याकिङको तथ्याङ्कबाट लाभ लिँदै वूडवेल क्लाइमेट रिसर्च सेन्टर, इन्भाइरमन्ट डिफेन्स फन्ड, ग्लोबल अलायन्स अफ टेरिटोरिअल कम्यूनटिज तथा अन्यको सहकार्यमा सामुदायिक वन एवं अन्य भूक्षेत्रमा भण्डारण भएको कार्बनको परिमाणबारे पूर्वानुमान गरे।

सन् २०१५ मा आरआरआईले 'विश्वको भूमिमा कसको स्वामित्व?' को प्रकाशनसँगै नाटकीय रूपमा आफ्नो अनुगमनको भौगोलिक दायर विस्तार गऱ्यो। साठीभन्दा बढी देशका आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका भूमिअधिकारको आधाररेखा प्रस्तुत गरेको यो दस्ताबेज यस प्रकारको पहिलो विश्वव्यापी सामग्री थियो। यो प्रतिवेदनले परम्परागत भूस्वामित्व र वैधानिक मान्यताबीचमा ठूलो अन्तर देखाउँदै कानुनी सुधार, दाताको आर्थिक स्रोत परिचालन तथा अन्तर्राष्ट्रिय ध्यानाकर्षणका लागि उत्प्रेरकका रूपमा भूमिका खेल्यो। वनको स्वामित्वबारे विश्वव्यापी प्रवृत्तिको अर्को विश्लेषण 'चौबाटोमा' (२०१८) ले यस्तो अन्तरको असरबारे थप खोज गर्दै केही देशहरूमा मात्र विद्यमान कानुन कार्यान्वयन गर्ने हो भने पनि थप १७.५ करोड हेक्टर सामुदायिक भूमिले मान्यता पाउने पूर्वानुमान प्रस्तुत गऱ्यो।

सन् २०१७ तथा २०२० मा आरआरआईले टेन्यर ट्र्याकिङ कार्यक्रमलाई विस्तार गऱ्यो। यस क्रममा आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका महिलाका सामुदायिक वन तथा स्रोतसाधनमाथि रहेका अधिकारको विश्लेषण गर्न ('शक्ति तथा सम्भाव्यता') तथा समुदायहरू कसरी स्वच्छ पानीमा कानुनी रूपमा पहुँच पाउँछन् र त्यसको सञ्चालन गर्छन् भन्ने विषयमा नवीन ढाँचा ('कसको पानी?') विकास गरिए। इन्भाइरमन्टल ल इन्स्टिट्यूटसँगको साझेदारीमा विकसित यस प्रतिवेदनले पानीको स्वामित्वको महत्त्वबारे विश्वव्यापी छलफललाई पुन: जगायो।

सन् २०२० मा विश्व विनाशकारी कोभिड महामारीको प्रकोपमा रहेको बेला आरआरआईले दुई ओटा रूपमान्तरणकारी प्रतिवेदनहरू प्रकाशन गऱ्यो : 'अवसरको संरचना' अनि 'अधिकारमा आधारित संरक्षण : पृथ्वीको जैविक तथा सांस्कृतिक विविधताको संरक्षणको पथ?'। 'अवसरको संरचना'ले राष्ट्रिय सरकार, दाता, अधिकारधारक तथा तिनका मित्रशक्तिहरूलाई उष्णप्रादेशिक वनक्षेत्र भएका देखमा सामूहिक भूमिअधिकारको विस्तार गर्न उपलब्ध अवसर तथा प्रवेशविन्दुबारे रणनीतिक मार्गदर्शन उपलब्ध गरायो। यसले स्थानीय बासिन्दाको सामूहिक अधिकारमा भएको विश्वव्यापी प्रगतिको खुला पहुँचयुक्त अभिलेखीकरण पनि सम्भव तुल्यायो। अधिकारमा आधारित संरक्षणबारे प्रतिवेदनले १.६५ अर्ब आदिवासी, स्थानीय समुदायका सदस्य तथा अफ्रिकी मूलका मानिसहरू जैविक विविधताका महत्त्वपूर्ण केन्द्रहरूमा बसोबास गर्ने पूर्वानुमान गरेको छ। विश्वव्यापी जैविक विविधताको क्षयलाई रोक्न औपनिवेशिक संरक्षण ढाँचालाई सामुदायिक अधिकारमा आधारित दृष्टिकोणले विस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको देखाउन यसले राष्ट्रिय स्तरका प्रमाणहरूको विश्लेषण गरेको छ।

सन् २०२२ मा 'उद्देश्यसहितको लगानी'ले स्थानीय संस्थाहरूमा गरिने लगानी आपसी रूपमा उत्तरदायी, लचक तथा दिगो, लैङ्गिक रूपमा समावेशी, समयअनुरूप र पहुँचयुक्त हुनुपर्ने सुनिश्चित गर्न दाताहरूका लागि स्पष्ट तथा "उद्देश्यसँग सुहाउँदो" मापदण्ड विकास गरेको छ। यस प्रतिवेदनले रेनफरेस्ट फाउन्डेशन नर्वेसँगको साझेदारीमा 'पाथ टू स्केल फन्डिङ ड्याशबोर्ड' विकास गर्न आधार बनायो। यो ड्याशबोर्ड अधिकारको संरक्षण गर्दै जलवायु एवं जैविक विविधताको दोहोरो सङ्कटसँग लढ्नका लागि दाता, गैरसरकारी संस्था तथा अधिकारधारकहरूका लागि समुदायका परियोजनाहरूमा रहेका कमीकमजोरी एवं अवसरहरू पहिचान गर्ने नवीन साधनका रूपमा रहेको छ। हाल यो ड्याशबोर्डले समाजको तल्लो तहका सामुदायिक महिला संस्थाहरूले प्राप्त गरिरहेको आर्थिक स्रोतसाधनको

स्तर मूल्याङ्कन गर्न विग्साको नेतृत्वमा जारी 'बटम-अप' अनुसन्धानलाई सूचना प्रदान गरिरहेको छ।

सन् २०२३ मा 'संसारको भूमिमा कसको स्वामित्व?'को दोस्रो संस्करणले आरआरआईको दायरालाई ७३ देश तथा विश्वको ८५ प्रतिशत जमिनमा विस्तार गर्दै अधिकारको कानुनी हैसियतबारे गहन अन्तरदृष्टि उपलब्ध गरायो। सोही वर्ष आरआरआईले एशियाको सक्रिय आदिवासी तथा सामुदायिक युवा आन्दोलनको गहन विश्लेषण प्रकाशन गऱ्यो। 'हामीभन्दा जेठा मानिसहरूको ज्ञानको सिकाइ तथा कार्यान्वयन' शीर्षकको उक्त सामग्रीमा पाँच एशियाली देशका युवाहरूको आवाज समेटिएको छ र पुर्ख्यौली ज्ञान तथा मार्गदर्शनले कसरी भूमिरक्षकहरूको नयाँ पुस्तालाई ऊर्जा प्रदान गर्दै छ भन्ने देखाइएको छ।

सोही वर्ष नयाँ दिशा दिने अर्को अध्ययन/नक्साङ्कन 'ल्याटिन अमेरिका तथा क्यारिबीअन क्षेत्रका जैविक विविधताका केन्द्रमा अफ्रिकी मूलका मानिसहरूका भूमि'ले उनीहरूको सामूहिक भूस्वामित्व अधिकारमा चरम कमजोरी रहेको देखायो र जलवायु तथा संरक्षणका पहलमा लामो समयदेखि वास्ता नगरिएको उनीहरूको योगदानबारेको छलफलमा महत्त्वपूर्ण स्थानान्तरण गरायो।

यस वर्षको सुरुमा आरआरआईले आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका महिलाको सामुदायिक वनसम्बन्धी हकबारेको सन् २०१७ को अध्ययन (सामना क्षमता र प्रतिरोध) लाई अद्यावधिक गऱ्यो। यसले लैङ्गिक न्याय प्राप्त गर्ने विषयमा सीमित मात्र प्रगति भएको देखायो। समुदायका महिलाहरूको कदर गर्नमा केही कानुनी प्रगति भए पनि महिलाविरुद्ध हुने सबै भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड)अनुरूप उनीहरूको सदस्यता, प्रशासन, सम्पत्तिको उत्तराधिकार तथा विवाद समाधानको अधिकारलाई मान्यता दिने र संरक्षण गर्ने दायित्व कुनै देशले पनि पूरा नगरेको यस प्रतिवेदनले देखायो।

यी र आरआरआईको प्राथमिकताप्राप्त क्षेत्रका अन्य विश्लेषणले सामुदायिक अधिकारबारे विश्वव्यापी प्रमाणको आधारलाई बलियो बनाएका छन्, नीतिगत छलफललाई आकार दिएका छन् र नयाँ अगुवाहरूलाई परिचालन गरेका छन्।

## सञ्जाल तथा सम्बन्ध निर्माण

**सामुदायिक अगुवा, राष्ट्रिय सरकार, नागरिक समाजका सञ्जाल तथा निजी क्षेत्रका सरोकारवालालगायत विविध पक्षहरूलाई एकीकृत गर्ने आरआरआईको विशिष्ट क्षमताका कारण राष्ट्रिय तथा विश्वव्यापी दुवै स्तरमा सामुदायिक अधिकारबारे महत्त्वपूर्ण नीतिगत परिवर्तन भएका छन्।**



पेरुकी एक आदिवासी महिला जंगलमा उभिरहेकी छिन्।

राष्ट्रिय तथा क्षेत्रीय तहमा सदैव स्थानीय संस्थाहरूले सम्भव तुल्याएका र सँगै विकास गरेका आरआरआईका भेलाहरूले मुख्य राजनीतिक घटनाक्रमबाट लाभ लिएका छन्, स्वतस्फूर्त अन्तरक्षेत्रीय संवादका लागि वातावरण प्रदान गरेका छन्, महत्त्वपूर्ण विश्लेषणबारे जानकारी सार्वजनिक गरेका छन् र पारम्परिक विकास ढाँचालाई चुनौती दिएका छन्।

सन् २००५ देखि २००८ का बीचमा चीनमा आरआरआईले स्टेट विश्वविद्यालय प्रशासन र पेकिङ विश्वविद्यालयको चिनियाँ कृषि नीति केन्द्रसँगको भेला र सहकार्यमा विश्लेषणात्मक प्रतिवेदन विकास गरी सन् २००५ बाट सुरु उक्त देशको ऐतिहासिक सामूहिक भूस्वामित्व सुधार प्रक्रियालाई थप गहन बनायो। यसले प्रत्यक्ष रूपमा ३० करोड मानिसको सामूहिक भूमिअधिकारलाई थप बलियो बनायो। सन् २००८ मा भएको अर्को महत्त्वपूर्ण क्षेत्रीय सम्मेलनले चिनियाँ वन विभागलाई नियमनकारी ढाँचामा सुधार ल्याउन सहयोग प्रदान गर्दै अन्तर्राष्ट्रिय सहभागीहरूलाई पनि चीनको भूस्वामित्व सुधारको अनुभवबाट सिकी एशियाभरि सुधारको सुरुवात गर्न दुर्लभ मौका दियो।

सन् २००९ मा मध्य तथा पश्चिम अफ्रिकामा पहिलो पटक क्यामरूनको याउन्डेमा भएको एक महत्त्वपूर्ण सम्मेलनमा सरकारी नेतृत्व, समुदाय, पारम्परिक अधिकारीहरू तथा दाताहरू भेला भई अफ्रिकामा प्रणालीगत रूपमा सामुदायिक वनको स्वामित्व तथा उद्यम विस्तार गर्न समय निर्धारणसमेत गरी योजना बनाए। क्यामरूनका स्थानीय साझेदार एवं इन्टर्न्यासनल ट्रपिकल टिम्बर अर्गनाइजेशन (आईटीटीओ - ITTO) को सहआयोजनामा भएको कार्यक्रमले अफ्रिकी समुदायको जमिनमा उनीहरूको नियन्त्रण उष्णप्रदेशीय अन्य देशका तुलनामा अत्यन्त कम भएको अकाट्य प्रमाण उपलब्ध

गरायो। यसको पलस्वरूप वनको स्वामित्वको समर्थनमा वन तथा भूमिसम्बन्धी निकाय र सांसदहरूले अभूतपूर्व प्रतिबद्धता पनि व्यक्त गरे।

सन् २०११ मा सञ्जालका इन्डोनेशियास्थित सदस्यहरूले आईटीटीओ र इन्डोनेशियाली वन मन्त्रालयसँग मिलेर लोम्बोकमा वनको स्वामित्वसम्बन्धी प्रशासन र उद्यमबारे महत्त्वपूर्ण भेला गरे। यसको फलस्वरूप इन्डोनेशियाली सरकारले लामो समयदेखि प्रतीक्षा गरिएको वनको स्वामित्वमा सुधारको प्रक्रिया सुरु गर्ने ऐतिहासिक घोषणा गऱ्यो। अमान र अन्य आदिवासी संस्थाहरूले लामो समयदेखि गरेको सङ्घर्षको प्रतिफल थियो यो। यस देशको आदिवासी अधिकार विधेयक एक दशकभन्दा बढी समयदेखि रोकिए पनि यो भेला आदिवासी आन्दोलनका लागि उत्प्रेरक बन्यो र यहाँबाट उक्त देशमा सुहार्तोको शासनपछिको तरलतापूर्ण राजनीतिमा यस आन्दोलनको उपस्थिति र प्रभाव बढाउन सुरु भयो।

अफ्रिकाभरि आरआरआईले वर्षौंसम्म क्षेत्रीय नेतृत्वलाई थप बलियो बनाउने गरी उच्चस्तरीय भेलाहरूको आयोजना वा तिनमा सहयोग गरेको छ। सन् २०१७ देखि आरआरआईले घाना, मादागास्कर, टोगी र तान्जानियामा अलिन सम्मेलनको नेतृत्व तथा सहआयोजना गरेको छ। अलिन राष्ट्रिय भूमि निकायहरूलाई क्षमता सबल बनाउन, संवाद बढाउन तथा सूचना आदानप्रदान प्रवर्द्धन गरी सामुदायिक अधिकारको सुनिश्चिततातर्फको प्रगति मापन गर्न उत्तरदायित्व अभिवृद्धि गर्ने निकायका रूपमा रहेको समुदाय हो। सन् २०२३ को मेमा कङ्गो गणतन्त्रमा मध्यअफ्रिकामा वन पारिस्थितिक प्रणालीको दिगो व्यवस्थापनका लागि आदिवासी तथा स्थानीय जनसङ्ख्याको सञ्जाल (रेपालेक- REPALEAC)ले मध्यअफ्रिका तथा कङ्गो जलाधार क्षेत्रमा आदिवासी तथा स्थानीय महिलाको प्रथम मञ्चको सहआयोजना गऱ्यो। यो सम्मेलन आदिवासी तथा स्थानीय समुदायका नेत्रीहरूका लागि अन्तर्राष्ट्रिय दाता तथा अफ्रिकी नेताहरूलाई प्रत्यक्ष सम्बोधन गर्ने र कङ्गो जलाधारको संरक्षणमा आफ्नो महत्त्वपूर्ण भूमिकामा जोड दिने दुर्लभ अवसर बन्यो। सन् २०२३ को अक्टोबरमा नामिबियामा आरआरआईले ४७ देशका सहभागीहरूलाई एकीकृत गरी अफ्रिकामा सामुदायिक नेतृत्वको संरक्षणसम्बन्धी सम्मेलनको सहआयोजना गर्दै अफ्रिकामा अधिकारमा आधारित संरक्षणको मुद्दाको जग बसाल्यो।

अन्तर्राष्ट्रिय स्तरमा आरआरआईका विश्लेषण तथा भेलाहरूले जैविक विविधता तथा जलवायुसम्बन्धी विश्वव्यापी नीतिलाई प्रभावित गरेका छन्। तिनीहरू संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धि एवं जैविक विविधतासम्बन्धी अन्तरसरकारी निकाय आईपीबीईस (IPBES) का सन् २०१९ का वार्षिक प्रतिवेदनका विवरणात्मक र अनुसन्धानात्मक खण्डका स्रोत थिए। पहिलो पटक यी निकायहरूले जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा जैविक विविधता संरक्षण रणनीतिमा आदिवासी एवं स्थानीय समुदायको अधिकार महत्त्वपूर्ण हुने तथ्यको कदर गरेका थिए।

सन् २०२१ मा ग्लास्गोमा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (यूएनएफसीसीसी) का पक्षराष्ट्रहरूको २६औँ सम्मेलन (कोप२६) मा दाता तथा लगानीकर्ताहरू एवं तिनका मध्यस्थकर्ताका लागि आरआरआईको सञ्जाल 'पाथ टू स्केल'ले उष्णक्षेत्रीय देशहरूमा वनको स्वामित्वसम्बन्धी अधिकारलाई अगाडि बढाउन १.७ अर्ब अमेरिकी डलरको प्रतिबद्धतालाई उत्प्रेरित गर्न मुख्य भूमिका खेल्यो। यसले सामुदायिक स्वामित्वलाई प्रभावकारी जलवायु समाधानका रूपमा स्थापित गरी आगामी जलवायु सम्मेलन (कोप)हरूमा अधिकारधारकहरूका लागि प्रत्यक्ष तथा सुहाउँदो आर्थिक स्रोतसाधन दिने, सुरक्षाका उपायलाई बलियो बनाउने तथा विद्यमान प्रतिबद्धताको कार्यान्वयनको अनुगमन गर्नेतर्फ सञ्जालका सदस्यहरूलाई निरन्तर पैरवी गर्न उत्प्रेरणा दियो।



भियतनामको धान खेतमा उभिएका आदिवासी महिला किसानहरू। तस्बिर: iStock।

त्यसपछिको वर्ष अमेरिकाका आदिवासी महिलाहरूको महादेशीय सञ्जाल (एक्मिआ - ECMIA) को भेलाले सन् २०२२ को अक्टोबरमा जारी भएको महिलाविरुद्ध हुने सबै भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) सामान्य सिफारिस ३९ मा आदिवासी महिलाहरूको सुझाव समेटिएको सुनिश्चित गऱ्यो। आदिवासी महिला तथा बालिकाहरूका व्यक्तिगत एवं सामूहिक अधिकारमा ध्यान केन्द्रित गर्न सिडले सिफारिस गरेको यो पहिलो पटक थियो। यो उपलब्धि सञ्जालका नेत्रीहरूको वर्षौं लामो पैरवीको नतिजा थियो।

सन् २०२४ मा कोलम्बियामा भएको जैविक विविधता महासन्धिका पक्ष राष्ट्रहरूको १६औँ सम्मेलन (कोप१६) मा आरआरआईले विश्वव्यापी जैविक विविधता संरचनामा अफ्रिकी मूलका मानिसहरूलाई विशिष्ट सरोकारवालाको औपचारिक मान्यता दिलाउने सफल अभियानमा अफ्रीकी मूलका मानिसहरू तथा कोलम्बिया र ब्रजिलका सरकारहरूलाई साथ दियो। आरआरआईको सहजीकरणमा ल्याटिन अमेरिकाका अफ्रिकी मूलका मानिसका सङ्गठहरूको वर्षौंको पैरवीपछि यो ऐतिहासिक क्षण आएको थियो। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मञ्चमा प्रभाव पार्न यी संस्थाहरू आफैँले बनाएको रणनीतिक मार्गचित्रका आधारमा यस्तो पैरवी भएको थियो।

**"आरआरआईको एक महत्त्वपूर्ण योगदान भनेको जैविक विविधता महासन्धिमा ल्याटिन अमेरिकाका अफ्रिकी मूलका समुदायको औपचारिक मान्यता प्राप्त गर्न सहयोग गर्नु थियो। यसले सहभागिता मात्र नभई विश्वव्यापी प्रशासनमा समुचित स्थानका लागि ढोका खोलेको छ।"**

—**मार्गरिता फ्लोरेज** कोलम्बियाली वातावरण अधिवक्ता एवं आरआरआई फेलो

यी भेलाहरू एक पटक मात्र हुने कार्यक्रम थिएनन्। यिनीहरू राष्ट्रिय प्रक्रिया एवं विश्वव्यापी अभियानमा गाँसिएका थिए। कङ्गो जलाधार क्षेत्रका वनदेखि राष्ट्रसङ्घीय सम्मेलनका नीतिगत छलफल कक्षसम्म आरआरआईले समुदायलाई नेतृत्व गर्न र अधिकारमा आधारित समाधानको सिर्जना गर्न निरन्तर मञ्च प्रदान गरेको छ।

## अभियानहरूलाई उत्प्रेरणा

**अफ्रिका, एशिया तथा ल्याटिन अमेरिकाभरि आरआरआईको राष्ट्रिय स्तरको संलग्नताले कानुनी मान्यता प्राप्त गर्न, सुधार कार्यान्वयन गर्न र सामुदायिक प्राथमिकता एवं पारम्परिक कानुनमा आधारित प्रशासन विकास गर्न अधिकारधारकहरूलाई सहयोग गरेको छ। सन् २००५ देखि परिवर्तन सम्भव छ भन्ने कुरा अरूलाई बुझाउने महत्त्वाकाङ्क्षालाई अगाडि बढाउन सञ्जालका सदस्यहरू निरन्तर लागिरहेका छन्।**

इन्डोनेशियामा परम्परागत वनलाई राज्यको स्वामित्वको वनबाट छुट्याउने सन् २०१३ को संवैधानिक अदालतको फैसला (एमके३५)को पृष्ठभूमिमा (अमान - AMAN) ले आदिवासीहरूको स्वामित्वको अधिकारको पैरवीमा नेतृत्वदायी भूमिका खेल्यो। यस फैसलाले दशकौँ पुरानो बहिष्करणकारी नीतिको अन्त्य गरिदियो। त्यसयता आरआरआई सञ्जाल सदस्यहरूले कानुनी संरचना तथा सहभागितामूलक नक्साङ्कनका 'तानाकिता' (Tanahkita.id) जस्ता मञ्चहरूलाई सहयोग गरिरहेका छन्। यस्ता मञ्चले पुर्ख्यौली जमिनको लाखौँ हेक्टरको औपचारिक मान्यता सम्भव तुल्याएका छन्।

"आरआरआईले परियोजनालाई सहयोग मात्र गर्दैन - यसले आन्दोलन निर्माण गर्छ। आरआरआईको आडभरोसामा हामीले प्रमाण सङ्कलन गऱ्यौँ, तल्लो तहको सामर्थ्य विकास गऱ्यौँ र हाम्रो समुदायबाट खोजिएको जमिन फिर्ता ल्यायौँ।"

किमारन ओले रिआमिट,
मासाई नेता तथा संस्थापक,
इलेपा (ILEPA)

# ४० देशहरूमा प्रभाव




## ल्याटिन अमेरिका

बोलिभिया
ब्राजिल
चिली
कोलम्बिया
कोस्टारिका
डोमिनिकन रिपब्लिक
इक्वेडर
एल साल्भाडोर
ग्वाटेमाला
होन्डुरस
मेक्सिको
निकारागुआ
पनामा
पाराग्वे
पेरु
सुरिनाम

## अफ्रिका

बुर्किना फासो
क्यामरून
मध्य अफ्रिकी गणतन्त्र
कङ्गो लोकतान्त्रिक गणतन्त्र
गाबोन
केन्या
लाइबेरिया
मडागास्कर
माली
नाइजेरिया
कङ्गो गणतन्त्र
सेनेगल
सियरा लियोन
दक्षिण सुडान
तान्जानिया
टोगो
युगान्डा

## एशिया

कम्बोडिया
चीन
भारत
इन्डोनेसिया
नेपाल
फिलिपिन्स
थाइल्याण्ड

**"यो फैसला भूमिबारे मात्र थिएन। यो हाम्री पहिचान, संस्कृति तथा आदिवासीका रूपमा हाम्रो भविष्यबारे पनि थियो।"**

—अमानकी महासचिव **रुका सोम्बोलिङ्गीले** भनिन्

नेपालको सन् २०१५ को संविधान पारित भएपछिको पहिलो स्थानीय निर्वाचनका बेला सन् २०१७ मा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन - FECOFUN) ले देशैपरि पैरवी अभियान चलायो। सामुदायिक वन तथा महिला अधिकारका लागि ठूलो विजय पुष्टि हुने गरी नेपालमा ६३२ महिलासहित १,९७६ जना सामुदायिक वन अभियानकर्मीहरू स्थानीय सरकारमा निर्वाचित भए। फेकोफनको तल्लो तहको नेतृत्व चुनावी सफलतामा परिण भयो।

लाइबेरियामा सन् २००९ को सामुदायिक अधिकारसम्बन्धी कानुनका विषयमा पहिले गरिएको पैरवीका आधारमा आरआरआईका सदस्यहरूले उक्त देशको सन् २०१८ को भूमिअधिकार ऐनलाई मूर्त रूप दिए। पारम्परिक भूस्वामित्व तथा लैङ्गिक समानतालाई मान्यता दिइएको यो कानुन अफ्रिकाकै सबैभन्दा प्रगतिशील भूस्वामित्व कानुनमध्येको मानिन्छ। कार्यान्वयनका चुनौतीहरू विद्यमान नै रहे पनि आरआरआईले जनचेतना अभिवृद्धि, प्रशिक्षण, भूनक्साङ्कन तथा नीति संवादमार्फत् सामुदायिक अधिकारहरूको प्रभावकारी सुनिश्चितताका लागि लाइबेरियाका स्थानीय सरकोरवालाहरूलाई सहयोग गर्दै आएको छ।

**"आरआरआईले लाइबेरियामा परमार्शलाई प्राथमिकता दिँदै सञ्जाल स्थापनामा मद्दत गऱ्यो। सन् २००५-०६ देखि नै हामीले आपसमा कुराकानी गरेर प्राथमिकता निर्धारण गरेका थियौँ। आरआरआईसँग मिलेर हामीले तल्लो तप्कादेखि माथि उठेको (बटम-अप) कार्यक्रम विकास गऱ्यौँ।"**

—**अल्फ्रेड ब्राउनेल**, लाइबेरियाली वातावरण अभियानकर्मी तथा अधिवक्ता र सन् २०१९ को गोल्डम्यान वातावरण पुरस्कार विजेता

केन्यामा एसआरएमले माजीमोटोका मासाई समुदायलाई दशकौँको कानुनी सङ्घर्षपछि आफ्नो पुर्ख्यौली भूमि पुन: प्राप्त गर्न सहयोग गऱ्यो। सन् २०२३ मा स्कोल फाउन्डेशनको 'सलूशन्स इन्साइड आउट' ले बनाएको एक सशक्त वृत्तचित्रमा यो सङ्घर्षमाथि प्रकाश पारिएको छ।

पेरूमा अइडेसेप (AIDESEP)ले युकायाली, लोरेटो र म्याडर डि डायसमा आठ समुदायलाई अधिकार दिलाउन तथा ड्रोन र स्याटलाइट इन्टरनेट समेत भएका सामुदायिक नेतृत्वका नौ अनुगमन केन्द्रको स्थापनाका लागि सङ्घर्ष गऱ्यो। यी केन्द्रहरूले अवैध रूपमा रुख काटिने काम र अतिक्रमणविरुद्ध तत्काल प्रतिरक्षा गर्न सम्भव भएको छ।

**"यी दुर्गम गाउँहरूमा स्याटलाइट इन्टरनेट प्रदान गर्नु पनि मुख्य उपलब्धि भएको छ, यसले गर्दा उनीहरू तत्कालै बाहिरी संसारसँग जोडिन सक्छन्।"**

—अइडेसेपका **वाल्दिर अजनाले** भने।

एक्वडोरमा पुर्ख्यौली भूक्षेत्रमा स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिको संरक्षण (FPIC protection) लाई थप बलियो बनाउन सरकारलाई दबाव दिन सन् २०२२ मा भएको आन्दोलनमा आदिवासी संस्थाहरूलाई कानुनी सहायता प्रदान गरियो। एन्डीज क्षेत्रमा आरआरआईले वैकल्पिक विकासका लागि ल्याटिन अमेरिकी सङ्गठन 'अल्डिआ' (ALDEA) मार्फत् युवाहरूलाई संरक्षण, नक्साङ्कन तथा नीतिगत पैरवीमा प्रशिक्षित गरी 'रेड प्लस' सम्बन्धी ठगीविरुद्ध सामुदायिक प्रतिक्रियाका लागि 'ल्यान्ड रिस्टोरेशन ल्याब' स्थापना गर्न सहयोग गऱ्यो।

पानमामा नासो त्येर डी पीपल (Naso Tjër Di People) आफ्नो 'अर्ग्यानिक चार्टर'लाई अन्तिम रूप दिँदै संरक्षिक क्षेत्रको केही हिस्सामा समेत रहेको देशको पहिलो आदिवासी भूक्षेत्र 'कोमार्का'को ४ लाख हेक्टर जमिनमा नियन्त्रण सुनिश्चित गर्‍यो। पानमाले सन् २०२३ मा विग्सा (WiGSA)को पहिलो रणनीतिक सत्र पनि आयोजना गरी भूस्वामित्व तथा जलवायुसम्बन्धी नीतिमा आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका महिलाको भूमिकालाई नयाँ उचाइ दियो।

**"दिगो भविष्य भनेको त्यस्तो अवस्था हो जहाँ आदिवासी र स्थानीय समुदायका महिलाको आवाज सुनिने मात्र होइन ती सार्थक संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी गतिविधिका अभिन्न अङ्ग पनि मानिन्छन्।"**

—**सारा ओमी**, कोअर्डिनाडोरा डे लास मुजेरेस लिन्डेरेस टेरिटोरिएलस डे मेरोमेरिका (Coordinadora de las Mujeres Líderes Territoriales de Mesoamérica) अध्यक्ष तथा विग्सा सदस्य

कोलम्बियामा अदालती निवेदन तथा प्राविधिक सहयोगले 'कानुन ७०' को कार्यान्वयन र अफ्रिकी मूलका मानिसहरूको भूभागको संरक्षणलाई थप बलियो बनायो। अफ्रिकी कोलम्बियाली समुदायको अधिकारप्राप्त राष्ट्रिय निकायका रूमा 'अनाफ्रो' (ANAFRO)लाई मान्यता दिलाउन पनि यसले सहयोग गऱ्यो। "आरआरआईको सहयोगले हामीलाई हाम्रो सामूहिक भूमिको स्वामित्व पाउन मात्र सहयोग मिलेन, यसले आफ्ना भूभागको हेरचाहकर्ताका रूपमा पनि हाम्रै समुदाय रहने सुनिश्चित गर्ने संयन्त्र स्थापना गर्न पनि सहयोग दियो," कोलम्बियाको 'ब्ल्याक कम्यूनिटिज प्रोसेस' (BCP) का जोसे लुई रेङ्गिफोले भने। यसबाहेक आरआरआईले चोक तथा उत्तरी कोका क्षेत्रका १५ सामुदायिक परिषद्का

क्षेत्रका स्वपरिभाषित संरक्षण क्षेत्रमा रहेका अफ्रिकी मूलका समुदायहरूलाई पनि सहयोग दियो। यस प्रक्रियाले समुदायको नेतृत्वमा भएका संरक्षणका क्रियाकलापलाई प्रदर्शित गर्दै तिनलाई बलियो बनायो।

यी सबै सन्दर्भमा आरआरआईले समुदायका प्राथमिकता एवं रणनीतिक सञ्जालले कानुनी सुधारलाई निर्देशित गर्नुपर्ने कुरा देखाएको छ। यसका कामलाई स्थानीय यथार्थअनुरूप बनाउँदै राष्ट्रिय तथा विश्वव्यापी तहमा प्रभाव बढाउँदै सञ्जालका सदस्यहरू मान्यताबाट कार्यान्वयन अनि प्रतिरोधबाट प्रशासनतर्फ अगाडि बढ्दै छन्।

## नवप्रवर्तन र प्रारम्भिक संरक्षण (इन्क्युबेशन)

**विगत दुई दशकमा आरआरआईले विभिन्न संस्था, सञ्जाल तथा साधनहरूको सुरुवात र विकास गरेको छ। यिनले विश्वव्यापी भूस्वामित्व अधिकारको प्रणालीमा रहेको उल्लेख्य अभाव पूर्ति गरेको छ।** समुदाय तथा आन्दोलनको ठोस मागका कारण जन्मिएका यिनीहरू त्यसयता शक्तिशाली मञ्चका रूपमा विकसित हुँदै विश्वव्यापी छलफल, वित्त तथा अभ्यासमा परिवर्तन ल्याउँदै छन्।

सन् २००६ मा आरआरआईले विश्वमा सबैभन्दा धेरै वनक्षेत्र भएका देशका सार्वजनिक वनसम्बन्धी निकायका नेताहरूको अनौपचारिक सञ्जाल ‘मेगाफ्लोरेस्टाइस’ (MegaFlorestais) स्थापना गऱ्यो। यो मञ्चले ब्रजिल, चीन, इन्डोनेशिया, प्रजातान्त्रिक गणतन्त्र कङ्गो र अन्य देशका नेताहरूबीचको संवाद र विश्वास प्रवर्द्धन गर्दै वन प्रशासन, स्वामित्व सुधार तथा दिगो वन व्यवस्थापनबारे अनुभव आदानप्रदान गर्न सहज बनायो। यी प्रारम्भिक संवादहरूले आन्तरिक नीतिगत वातावरणलाई स्वरूप दिनुका साथै अधिकारमा आधारित वन प्रशासनका लागि उच्चस्तरीय प्रतिबद्धतालाई अगाडि बढाउने सम्बन्धहरू पनि स्थापना गरे।

सामुदायिक जीविका एवं सामुदायिक भूमिमा निजी क्षेत्रको प्रभावका विषयमा आरआरआईको संलग्नता आपूर्ति शृङ्खलामा समुदायले उत्पादन गरेका वनजन्य सामग्रीलाई समावेश गर्ने आर्थिक ढाँचाको खोज गर्दै सुरु भयो। दिगो सामुदायिक जीविकाबारे यस सञ्जालको विश्लेषण तथा पैरवीले नीतिनिर्माताहरूलाई ग्रामीण तथा विश्वव्यापी आर्थिक प्रणालीमा सफल भएका समुदायमा आधारित वनजन्य उद्यमबारे जानकारी दियो। उदाहरणका लागि सन् २०१४ मा फरेस्ट ट्रेन्ड्स तथा यूनिभर्सिटी अफ ब्रिटिस कोलम्बियाको सहकार्यमा ‘सानो स्तर तर ठूलो प्रभाव’

> “आरआरआईले टेन्यर फसिलटीको योजना र स्थापना गरी आजको यो स्वरूपका लागि जग हाल्यो। आज यो आदिवासी तथा स्थानीय प्रयासहरूका लागि स्वामित्वसम्बन्धी हक एवं प्रशासनको प्रवर्द्धन गर्न कार्यस्थलमा हुने कामका लागि आवश्यक आर्थिक स्रोतसाधनको सबैभन्दा ठूलो र एक मात्र स्रोत रहेको छ। टेन्यर फसिलटीका कम्तीमा एक तिहाइ परियोजना आरआरआईका यसअघिका कार्यक्रमबाट सुरु भएका छन् भने यो अझै पनि ‘क्लारिफी’मार्फत् आदिवासी तथा सामुदायिक संस्थाहरूका लागि आरआरआईले उत्प्रेरणा तथा पाठका रूपमा हाल उपलब्ध गराउने आर्थिक स्रोतको अपेक्षा गर्दछ।”
>
> डेभिड कैमोविज,
> प्रमुख कार्यक्रम अधिकृत,
> टेन्यर फसिलटी

शीर्षकमा एक प्रतिवेदन प्रकाशित गर्दै आरआरआईले भूस्वामित्वसम्बन्धी सुधारका क्रममा सिर्जित नयाँ उद्यम ढाँचाबारे थप अनुसन्धान गर्न उत्प्रेरणा दियो। यो अनुसन्धान आरआरआईकै 'वैकल्पिक स्वामित्व तथा उद्य ढाँचा' (ATEM) नामक रणनीतिक विश्लेषण कार्यक्रमको एक हिस्सा थियो। स्थानीय स्तरमा पेटेनका वन समुदायको सङ्गठन (Association of Forest Communities of Pet□n )ले ग्वाटेमालाको वातावरण मन्त्रालयसँग काठबाहेक निश्चित वनआधारित सामग्रीको पुन: वर्गीकरण गर्न र 'ऱ्यामन' तथा 'जेट सीड'जस्ता दिगो रूपमा उत्पादिन वनजन्य सामग्री बेच्ने समुदायमाथि लगाइएको उच्च मूल्यलाई नाटकीय रूपमा कम गर्न दबाव दियो।

त्यसपछिका वर्षहरूमा कृषिसम्बन्धी व्यवसाय, ऊर्जा, खानी तथा पूर्वाधारसम्बन्धी परियोजनाका लागि जग्गा खोज्दै लगानीकर्ता तथा कर्पोरेशनहरू दुर्गम ग्रामीण क्षेत्रहरूमा पस्न थालेसँगै सञ्जालले उनीहरूलाई भूमिमा लगानी गर्दा असुरक्षित स्वामित्वले दिन सक्ने भौतिक क्षति पहिचान गर्न सहयोग गर्ने गरी मार्गदर्शन र अन्य सामग्री विकास गर्नुपर्ने आवश्यकता बढेको देख्यो। सन् २०१३ मा इन्टर्न्याशनल फाइनान्स कर्पोरेशन (IFC) तथा इन्टर्लेकन ग्रूप नामक निजी क्षेत्रका अग्रगामी नेताहरू, नागरिक समाजका नेताहरू तथा व्यावसायिक गतिविधिमा सामुदायिक भूमिअधिकारको सम्मानका लागि प्रतिबद्ध सरकारी अधिकारीहरूको सञ्जालसँग सहकार्य गरी यस अभावलाई पूर्ति गर्न लाग्यो। यो समूहले कम्पनीहरूलाई स्वतन्त्र, पूर्व तथा सुसूचिक सहमति (FPIC) तथा जिम्मेवार स्वामित्व अभ्यास पालना गर्न सहयोग गर्ने गरी सञ्चालन निर्देशिका तथा सामुदायिक अनुगमन साधनहरू विकास गरेको छ।

यिनै प्रवर्तनकारी कदमहरूका आधारमा आरआरआईले सन् २०१४ मा अन्तर्राष्ट्रिय भूमि तथा वन स्वामित्व संस्था (इन्टर्न्याशनल ल्यान्ड एन्ड फरेस्ट फसिलटी) को औपचारिक स्थापना गऱ्यो। यसअघिका चार वर्षसम्म इन्डोनेशिया, पेरू, पानमा,  लाइबेरिया, माली, प्रजातान्त्रिक गणतन्त्र कङ्गो र क्यामरूनमा यसको योजना र सफल परीक्षण गरियो। यस्तो परीक्षणका क्रममा एक वर्षमा ३ लाख हेक्टरभन्दा बढी क्षेत्रको स्वामित्व सुनिश्चित गरी प्रत्यक्ष र लचक वित्त परिचालन हुँदा अधिकारधारकहरूले उल्लेख्य स्तरमा नतिजा दिन सक्ने पुष्टि गरियो।

आदिवासी तथा स्थानीय समुदायको जमिनको विश्वव्यापी 'भिजबिलटी'लाई बढाउन सञ्जालका सदस्यहरूले 'ल्यान्डमार्क' पनि विकास गरेका छन्। यसले स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय नक्साङ्कन गतिविधिबाट भौगोलिक स्थितिबारेको जानकारीसहितको तथ्याङ्क सङ्कलन गरी विश्वभरिका सामूहिक स्वामित्व वा प्रयोगमा भइरहेका

## ल्यान्ड राइट्स स्ट्यान्डर्ड्स

आरआरआई, ग्लोबल ल्यान्ड्स्केप्स फोरम र इन्डिजिनस पीपल्स मेजर ग्रूप फर सस्टेनबल डिभेलप्मन्ट औपचारिक रूपमा सन् २०२२ मा इजिप्टमा भएको राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २७औँ सम्मेलन वा कोप२७ मा सुरुवात गरेको 'ल्यान्ड राइट्स स्ट्यान्डर्ड्स' जलवायु, संरक्षण तथा विकाससम्बन्धी गतिविधि र लगानीमा आदिवासी, स्थानीय समुदाय अनि अफ्रिकी मूलका मानिसको भूमिसम्बन्धी, भौगोलिक र स्रोतसाधनसम्बन्धी अधिकारको पहिचान र सम्मानबारेका सिद्धान्तहरूको सङ्कलन हो।

अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूले सुनिश्चित गरेका अधिकार तथा आदिवासी, स्थानीय समुदाय र अफ्रिकी मूलका मानिसहरू एवं यी समूहभित्रका महिला र युवाको महत्त्वाकाङ्क्षामा आधारित रही यस क्षेत्रमा हुने सबै कार्यक्रम परियोजना तथा पहलहरू सबै अधिकारधारकहरूको समान सहभागिता र ऐक्यबद्धतामा हुने सुनिश्चित गर्न यसको विकास गरिएको हो। यस क्रममा यस्ता समूहहरूका विशिष्ट तथा फरक अधिकार, उनीहरूको स्वायत्तता, प्राथमिकता तथा विश्वदृष्टिकोणमा पनि ध्यान दिइन्छ।



२०२४ मा संयुक्त अधिराज्यमा इन्टरलेकन समूहको रिट्रीट र १० वर्षको वार्षिकोत्सव समारोहको समूह तस्बिर।
तस्बिर: अधिकार र स्रोत पहल।

भूमिबारे एकीकृत मञ्चमा जानकारी दिन्छ। सन् २०२४ को तथ्याङ्कअनुसार यसले विश्वको ३४.७ प्रतिशत भूमि तथा प्राकृतिक स्रोतसाधन आदिवासी तथा स्थानीय समुदायको स्वामित्व वा प्रयोगमा छन्। यो अनुसन्धानकर्मी, पैरवीकर्ता तथा सरकारहरूका लागि महत्त्वपूर्ण साधन भएको छ अनि यसले सामुदायिक भूमिको मान्यता, लगानी तथा संरक्षण बढाउन सहयोग गरेको छ।

समानान्तर रूपमा आरआरआईले संसारभर सामुदायिक भूअधिकारको पहिचानलाई अझ तीव्र बनाउन अक्स्फाम र इन्टर्न्याशनल ल्यान्ड कोअलिशनसँगको सहकार्यमा 'ल्यान्ड राइट्स नाउ' नामक विश्वव्यापी अभियान मञ्चसमेत स्थापना गरेको छ। सन् २०१६ मा यसको स्थापनायता 'ल्यान्ड राइट्स नाउ'ले १०० भन्दा बढी देशमा ८०० भन्दा बढी संस्था र ४० हजारभन्दा बढी व्यक्तिलाई परिचालन गर्दै स्थानीय सङ्घर्षलाई सशक्त बनाएको छ अनि सुधारका लागि बृहत् विश्वव्यापी आन्दोलन सिर्जना गरेको छ।

विगतमा प्राकृतिक स्रोतसाधन एवं जलवायु परिवर्तनबारे फोर्ड फाउन्डेशनको विश्वव्यापी कामको निर्देशक रहिसकेका डेभिड कैमोविज आन्दोलनभित्रका विविधतापूर्ण समूह तथा लगानीकर्ता र अन्य मध्यस्थकर्तालगायत सम्बन्धित अन्य सरोकारवाला दुवैलाई सोचपूर्ण नेतृत्व प्रदान गर्न सक्ने क्षमताका कारण आरआरआईसँग तुलनात्मक रूपमा लाभ रहेको बताउँछन्। यसको एक उदाहरण 'पाथ टू स्केल' हो।

सन् २०२० मा आरआरआईको उत्प्रेरणामा स्थापित र २०२२ देखि टेन्यर फसिलटीले पनि सहअध्यक्षता गरेको पाथ टू स्केल एक अनौपचारिक सञ्जाल हो। यसले विशेष गरी महिलासमेतका आदिवासी जनजातिहरू, स्थानीय समुदायहरू र अफ्रिकी मूलका मानिसहरूको भूमि तथा स्रोतसाधनमाथिका अधिकारहरूको सुरक्षा गर्ने विश्वव्यापी आकाङ्क्षालाई वृद्धि गर्न काम गर्दछ ता कि सन् २०३० सम्म प्राप्त गर्ने भनी निर्धारण गरिएका विश्वव्यापी जलवायु र जैविक विविधता लक्ष्यहरू प्राप्त गर्न सकियून्। यसमा दातृ सङ्गठनहरू, अन्तर्राष्ट्रिय वित्तीय संयन्त्रहरू र तिनीहरूका मध्यस्थकर्ताहरू सामेल छन् र उनीहरू समुदायका अधिकार, जीविका र तिनीहरूका भूमि एवं वनको संरक्षणका लागि अन्तर्राष्ट्रिय प्रयासहरूमा सहयोग गर्न प्रतिबद्ध छन्।

आरआरआई र क्याम्पेन फर नेचरले सन् २०२२ मा औपचारिक रूपमा सुरु गरेको 'क्लारिफी' (CLARIFI) अर्को महत्त्वपूर्ण नवीन प्रयास हो। समुदायको नेतृत्वमा हुने संरक्षण तथा अधिकारमा आधारित जलवायु समाधानका लागि लगानीको ऐतिहासिक अभावलाई सम्बोधन गर्न यसको स्थापना भयो। लगानीसम्बन्धी यो संयन्त्रले भूमिअधिकारलाई औपचारिक मान्यता दिलाउन, संरक्षणमा साथ दिन र सामुदायिक भूभागको दिगो प्रशासन प्रवर्द्धन गर्न सन् २०३० सम्म १० अर्ब डलर रकम उठाउन र रणनीतिक रूपमा त्यसलाई परिचालन गर्न योगदान गर्ने लक्ष्य राखेको छ। स्थापनायता क्लारिफीले ६७ देशका अधिकारधारकका सङ्गठनहरूलाई अधिकार, जीविका तथा संरक्षणलाई अगाडि बढाउन १८७ पटक अनुदान दिइसकेको छ। यसैअन्तर्गत महिला नेतृत्वका नौ सङ्गठनहरूलाई प्रत्यक्ष तथा लचक सहयोग प्रदान गर्दै उनीहरूलाई भौगोलिक अनुगमनको नेतृत्व गर्न, समुदायमा आधारित प्रशासनलाई थप बलियो बनाउन र जलवायु एवं संरक्षण नीतिमा लैङ्गिक न्यायलाई अगाडि बढाउन सक्षम बनाइएको छ।

सन् २०२३ मा आरआरआईलर् एशिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका महिला सङ्गठनहरूलाई भेला गराई 'विमिन इन ग्लोबल साउथ अलायन्स फर टेन्यर एन्ड क्लाइमेट' (विग्सा - WiGSA) स्थापना गऱ्यो। त्यसयता यसले राष्ट्रसङ्घका

जलवायु परिवर्तन तथा जैविक विविधतासम्बन्धी महासन्धिहरूका पक्ष राष्ट्रहरूका सम्मेलन (कोप)हरू, ग्लोबल इन्भाइरमन्ट फसिलिटीको सम्मेलन अनि कमिशन अन द स्ट्याटस अफ विमिनका बैठकहरूमा विश्वव्यापी आर्थिक स्रोतसाधन परिचालन संरचनामा लैङ्गिक समावेशी दृष्टिकोण समावेश गर्न अनि अफ्रिका, एशिया एवं ल्याटिन अमेरिकाका समाजको तल्लो तप्काका महिलाका लागि स्रोतसाधन परिचालन बढाउन पैरवी गर्दै आएको छ।

समग्रमी यी प्रयासहरूले समुदायको हातमा शक्ति, स्रोतसाधन तथा निर्णय क्षमता हस्तान्तरण गर्ने संस्था, सञ्जाल वा प्रणाली बनाउने आरआरआईको मूल रणनीतिलाई प्रतिबिम्बित गर्छन्। निजी क्षेत्रका मूल्यमान्यता, विश्वव्यापी नक्साङ्कन, राष्ट्रिय नीतिगत वातावरण तथा वित्तीय संरचना प्रभावित गरेर हरेक पहलहरूले समुदायद्वारा परिभाषित आवश्यकता सम्बोधन गरेका छन् र समग्र क्षेत्रलाई नै थप उत्तरदायित्व, कदर तथा न्यायतर्फ अगाडि बढाएका छन्।


कंगोमा एक आदिवासी पिग्मी महिला।
तस्बिर: REPALEAC।

**विशेष चर्चा**

# आरआरआईको ‘एसआरएम’ तथा ‘र्‍यापिड रेस्पोन्स फन्डिङ’को शक्ति

सन् २००८ मा सुरु भएदेखि रणनीतिक प्रतिक्रिया संयन्त्र (एसआरएम - SRM) ले आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायहरूलाई अप्रत्याशित खतराहरूको सामना गर्न, राजनीतिक अवसरहरूको फाइदा लिन वा नवीनतम दृष्टिकोणहरू परीक्षण गर्न आवश्यक पर्ने वित्तीय लचकता र गति उपलब्ध गराउँदै आएको छ। यसले राष्ट्रिय संस्थाहरूलाई आफ्नो समुदायमा राजनीतिक परिस्थितिहरू छिटो र प्रभावकारी रूपमा परिवर्तन गर्नका लागि अधिकतम १ लाख अमेरिकी डलरसम्मको अनुदान प्रदान गर्न सक्छ।

हालसम्म, एसआरएमले ३५ देशमा २२० भन्दा बढी समसामयिक कार्यक्रमहरू लाई सहयोग प्रदान गरिसकेको छ, जसमा १५ क्षेत्रीय कार्यक्रमहरू पनि समावेश छन्। यसको कुल लगानी १ करोड अमेरिकी डलरभन्दा बढी पुगेको छ। यो संयन्त्र समयको अत्यन्त महत्त्वपूर्ण क्षणमा भूमि र वातावरणीय शासनमा समुदायका आवाजहरूले प्रभाव पार्न सकून् भन्ने सुनिश्चित गर्नका लागि एक महत्त्वपूर्ण उपकरण बन्न पुगेको छ। यसको बलियो पक्ष भनेको अधिकारधारकहरूले परिभाषित गरेका प्राथमिकताहरूप्रति यसको तत्काल र संवेदनशील प्रतिक्रिया हो।

## आर्थिक स्रोतसाधन र नेतृत्वको अवसर उपलब्ध गराउँदा अधिकारधारकहरू के उपलब्धि प्राप्त गर्न सक्छन् भन्नेबारे केही उदाहरणहरू हेर्नुहोस् :

पेरूमा एसआरएमले अइडेसेप (AIDESEP) लाई ११ वटा एमजन क्षेत्रका आदिवासी समुदायहरूका लागि वास्तविक समयमा कोभिड सतर्कता प्रणाली विकास गर्न सक्षम बनायो। सन् २०२० को अगस्टदेखि डिसेम्बरसम्म अइडेसेपले रेडिओ, सामाजिक सञ्जाल र नौ वटा भाषामा तयार गरिएका पुस्तिकाहरूको माध्यमबाट महामारीसम्बन्धी जानकारी सङ्कलन र प्रसारण गर्‍यो। उसले ह्वाट्स्याप प्रयोग गरेर दैनिक रूपमा स्थानीय सूचना प्रदान गर्‍यो र पेरू सरकारको कामबाट बाँकी अभाव पूर्ति

## रणनीतिक प्रतिक्रिया संयन्त्र (एसआरएम) आर्थिक सहयोग

**२२०** हस्तक्षेपहरू



भरि **३५** देशहरू

सहित **१५** क्षेत्रीय परियोजनाहरू

**१०** मिलियन अमेरिकी डलर भन्दा बढी फैलाउँदै

गऱ्यो। यो पहलले समुदायहरूलाई भाइरससँग लड्न सहयोग गर्नुका साथै अइडेसेपको संस्थागत क्षमता र आदिवासी स्वास्थ्य आवश्यकताहरूका लागि गर्ने पैरवीलाई मजबुत बनायो।

कोलम्बियामा एसआरएम ले बारू नामक अफ्रिकी मूलको समुदायलाई सामूहिक भूमिको स्वामित्व प्रक्रिया पुन:स्थापना गर्न सहयोग गऱ्यो। राष्ट्रिय भूमि निकायले सन् २०१९ मा अचानक ती भूमिको स्वामित्व खारेज गरेपछि बारू सामुदायिक परिषद् पनि आरआरआईको समर्थनमा अब्जर्भेटरी अफ एथ्निक एन्ड पेजन्ट टेरिटरिज (जेभेरियाना विश्वविद्यालय), पीसीएन, देजुस्टिसा (Observatory of Ethnic and Peasant Territories (Javeriana University), PCN, Dejusticia) र अन्य साझेदारहरूसँगको सहकार्यमा उक्त प्रक्रिया पुन: सुरु गर्न कानुनी लडाइमा सामेल भयो। सन् २०२० मा एक अदालतको फैसलाअनुसार भूमिको स्वामित्व पुन:स्थापना गर्न आदेश दिइयो, जसले सो क्षेत्रमा यस्ता सङ्घर्षहरूका लागि कानुनी उदाहरण स्थापना गऱ्यो।

इन्डोनेशियाको रिआउ प्रान्तमा रहेको बुकिट बेटाबुह वन आरक्षमा पाम तेलको खेती विस्तार हुँदाको जोखिम सम्बोधन गर्न पनि एसआरएमले कदम चाल्यो। सन् २०१७ देखि २०१८ का बीच स्थानीय समुदायले वन नक्साङ्कन गरे, जेर्नाङ लगायतका दिगो बाली व्यवस्थापन गरे र काठबाहेकका वन पैदाबार पहिचान गरे। यी गतिविधिले अवैध रूपमा रुख काट्ने काम रोकियो, सामुदायिक उद्यम सशक्त बन्यो र संरक्षित क्षेत्रमा दिगो स्रोत व्यवस्थापनको ढाँचा स्थापित भयो।

केन्यामा सन् २०२१ मा इम्प्याक्ट केन्या. वुम्वेरी घोडु र ओगिक पीपल्स डिभेलप्मन्ट प्रोग्राम (IMPACT Kenya, Wumweri Ghodu, and the Ogiek Peoples' Development Program) ले समुदायहरूलाई भूमिसम्बन्धी विषयमा अन्याय भएका ३५ ऐतिहासिक घटनाबारेका दाबीहरू राष्ट्रिय भूमि आयोगलाई बुझाउन सहयोग गऱ्यो। यसबाट समुदायहरूलाई दस्ताबेजहरू सङ्कलन गर्न, तालिम दिन र स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिको संयोजन गर्न सहयोग पुग्यो। उनीहरूको प्रयासबाट पाँच लाख ६९ हजारभन्दा बढी हेक्टर जमिन र ओगिक र एन्डोरोस समुदायसमेतका ७९ हजार मानिसहरूलाई प्रभावित पार्ने दाबीले सहयोग पाए।

नेपाललाई लामो समयदेखि वनसम्बन्धी अधिकारको विकेन्द्रीकरणका लागि विश्वव्यापी अगुवा मानिएको छ। सन् २०२२ को तथ्याङ्कअनुसार नेपालका ३४ प्रतिशत वनक्षेत्र यहाँका करिब ४० प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने २२ हजार सामुदायिक वन उपभोक्ता समूहहरूको नियन्त्रणमा छन्। सामुदायिक वन उपभोक्ता समूहहरूलाई नकारात्मक प्रभाव पारेको तेहरो कर नीतिका विरुद्ध पैरवी गर्न आरआरआईले सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन - FECOFUN)लाई आर्थिक स्रोतसाधन उपलब्ध गरायो। सन् २०२० देखि २०२१ सम्ममा फेकोफन, ग्रीन फाउन्डेशन नेपाल र सामुदायिक वन उपभोक्ता समूहहरू कार्यशाला सञ्चार अभियान तथा अन्तरक्षेत्रीय संवादमार्फत् सङ्घीय तथा प्रादेशिक तहका भारी करलाई हटाउन सफल भए। यसअन्तर्गत काठमा लागेको १५ प्रतिशत राष्ट्रिय कर पनि फिर्ता भयो। यो विजयले नेपालका लाखौँ वन उपभोक्ताहरूको वित्तीय दिगोपन र जीविकालाई बलियो बनायो।

नागरिक समाजका गतिविधिहरू प्राय: कडाइका साथ नियन्त्रण गरिने दक्षिण सुडानमा आरआरआईले सन् २०२३ मा पहिलो पटक आयोजित आदिवासी समुदायहरूको जलवायु र भूमिसम्बन्धी अधिकारमाथिको संवादका लागि आर्थिक सहयोग र रणनीतिक समर्थन प्रदान गऱ्यो। इक्वाटोरिया फरेस्ट फोरम (Equatoria Forest Forum)द्वारा आयोजित उक्त संवादले सरकारी अधिकारीहरू, आदिवासी प्रतिनिधिहरू र सामुदायिक नेताहरूलाई समावेशी वन प्रशासन र परम्परागत भूमिको दाबीको मान्यताको दिशामा मार्गचित्र तय गर्न एकै ठाउँमा ल्याएको थियो।

क्यामरूनमा, विकास, शिक्षा, उद्यमशीलता र वातावरण संरक्षणका लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान (फिडेपे - FIDEPE) ले पाँच स्थानमा १५० हेक्टर धार्मिक वनक्षेत्र र पुर्ख्यौली भूमिको संरक्षणका लागि पैरवी गऱ्यो। आर्थिक सहयोग र प्राविधिक समर्थनको साथमा यसले समुदायमै आधारित सहभागितामूलक नक्साङ्कन प्रक्रियालाई मार्गदर्शन दियो, जसले ती क्षेत्रहरूलाई आदिवासी तथा सामुदायिक संरक्षण क्षेत्र (ICCAs) को रूपमा औपचारिक मान्यता दिन सहयोग पुऱ्यायो। यो पहलबाट ६० हजारभन्दा बढी मानिस लाभान्वित भए र अहिले उक्त मोडेललाई रेन्फरेस्ट अलायन्सको सहकार्यमा थप तीन क्षेत्रहरूमा पनि लागु गरिएको छ।  कार्य भइरहेको छ।

यी कार्यक्रमहरूले एउटा व्यापक रणनीतिलाई प्रतिबिम्बित गर्छन्। यो रणनीति त्यो खतरा सामना गर्ने, अनुकूल अवसरको लाभ उठाउने वा आफ्ना अधिकारहरू दाबी गर्ने जस्ता आवश्यक अवस्थामा समुदायहरू सक्षम भएर काम गर्न सकून् भन्ने सुनिश्चित गर्नु हो। आरआरआईको रणनीतिक प्रतिक्रिया संयन्त्र (एसआरएम) अहिले पनि ती थोरै संयन्त्रहरू मध्ये एक हो जसले अधिकारधारकहरूको आवश्यकताअनुरूप, छिटो, लचिलो र आवश्यक वित्तीय सहयोग दिन सक्छ र यसका लागि महिनौँ कुर्नुपर्दैन, केही दिनमै सम्भव हुन्छ। यसले राजनीतिक, कानुनी वा पारिस्थितिक परिवर्तनका महत्त्वपूर्ण क्षणहरूमा समुदायहरू पछाडि नपरूस् भन्ने सुनिश्चित गर्छ।

# सामुदायिक भूमिअधिकार तथा संरक्षण वित्त पहल (क्लारिफी - CLARIFI)

सामुदायिक भूमिअधिकार तथा संरक्षण वित्त पहल (क्लारिफी - CLARIFI). आरआरआई तथा क्याम्पेन फर नेचरले सन् २०२२ मा औपचारिक रूपमा सुरु गरेको आर्थिक स्रोतसाधन उपलब्ध गराउने अन्तर्राष्ट्रिय संयन्त्र हो। यसले आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायहरूको भूमिअधिकार, संरक्षण र दिगो स्रोत व्यवस्थापनलाई कानुनी मान्यता दिलाउने कार्यलाई व्यापक बनाउने उद्देश्यले सार्वजनिक तथा निजी आर्थिक स्रोतहरूलाई रणनीतिक रूपमा परिचालन गर्छ।

सन् २०२२ यता 'क्लारिफी' ले २९ देशमा १८२ वटा सामुदायिक नेतृत्वमा आधारित परियोजनाहरूलाई सहयोग गरेको छ। सन् २०२४ मा यसले अफ्रिकाका ९ देशमा ३२ वटा परियोजनाहरूलाई सहयोग गर्दै १४.४ लाख हेक्टर जमिन समुदायहरूको नाममा सुरक्षित गर्यो। ल्याटिन अमेरिकामा यसले ७ देशमा २४ परियोजनाहरूलाई सहयोग गर्दै १ करोड ४९ लाख हेक्टर जमिन सुरक्षित गर्यो। साथै महिला नेतृत्वका १६ संस्थाहरूलाई १० लाख अमेरिकी डलरभन्दा बढीको प्रत्यक्ष आर्थिक सहयोग प्रदान गर्यो। थप रूपमा, यसले २ एसियाली देशहरूमा २ वटा परियोजनाहरूलाई समर्थन गर्यो।

**"क्लारिफीले आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका संस्थाहरूले लामो समयदेखि महसुस गर्दै आएको आवश्यकतालाई सम्बोधन गर्छ। त्यो आवश्यकता भनेको आफ्नो प्राथमिकताअनुसार अहिलेसम्म पर्याप्त रूपमा कुनै दाताबाट सहयोग नपाएका गतिविधिहरूका लागि प्रत्यक्ष रूपमा वित्तीय स्रोत परिचालन गर्ने माध्यमको थियो।"**

—पासाङ डोल्मा शेर्पा, नेपालको आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र (सिप्रेड - CIPRED) की कार्यकारी निर्देशक तथा क्लारिफी सञ्चालक समिति सदस्य

## क्लारिफीको दायरा तथा महत्त्वाकाङ्क्षा

क्लारिफीले सन् २०२२ देखि २०३० सम्म आरआरआईको 'पाथ टू स्केल' सञ्जालअन्तर्गतका दाता तथा जलवायु/संरक्षणसम्बन्धी आर्थिक स्रोतसाधन परिचालन गर्ने कार्यक्रमहरूसँग मिलेर यस

## CLARIFI ले कोष प्रदान गरेको छ



क्षेत्रमा १० अर्ब अमेरिकी डलर जुटाउन सहयोग गर्ने लक्ष्य राखेको छ। यसका उद्देश्यहरूमा सन् २०३० सम्म (४० करोड हेक्टर भूमि समुदायहरूको स्वामित्वमा थप गरेर) पृथ्वीको कम्तीमा ३० प्रतिशत हिस्सा संरक्षण गर्नु, प्यारिस जलवायु सम्झौताको लक्ष्यहरू पूरा गर्न वनविनाश न्यूनीकरण गर्नु र उष्णप्रदेशीय वन क्षेत्रमध्ये कम्तीमा आधा हिस्सा समुदायहरूको स्वामित्वमा ल्याउनु समावेश छन्।

क्लारिफीले अधिकार सुरक्षित गर्न र संरक्षणमा ठोस परिणाम हासिल गर्न सक्ने सम्भावना भएका स्थानीय नेतृत्वमा आधारित परियोजनाहरूलाई सहयोग गर्छ, जसमा विशेष ध्यान महिला र युवाहरूको समावेशीकरणमा दिइन्छ। यसका परियोजनाहरू पैरवी र कानुनी सहयोग, संरक्षण र स्रोत व्यवस्थापन, संस्थागत क्षमता विकास, समुदायको जीविकोपार्जन र सामुदायिक रक्षकहरूको सुरक्षाजस्ता क्षेत्रमा केन्द्रित छन्।

## इन्डोनेशिया, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, पेरू र कोलम्बियामा प्रत्यक्ष वित्त परिचालनको शक्ति

इन्डोनेशियामा क्लारिफीले आलिआन्सी मस्याराकात अदात नुसान्तारा (अमान - AMAN) ले स्थानीय शाखाहरूमा सामेल आदिवासी समुदायहरूको सहभागितामूलक नक्साङ्कन, आदिवासी अर्थतन्त्र र प्रशासन क्षमता सुदृढ गर्न सहयोग गरेको छ। अमानले ३ लाख ५० हजार हेक्टरभन्दा बढी क्षेत्रफल ओगटेका ३० वटा परम्परागत क्षेत्रहरूको नक्साङ्कन गर्यो; २५९ जना आदिवासी प्रशिक्षार्थीहरूलाई तालिम दियो; ७ वटा आदिवासी व्यवसाय समूहलाई सहयोग गर्यो; सात आदिवासी समुदायका व्यावसायिक समूहहरूलाई सहयोग गरे; एउटा आदिवासी-स्वामित्वको उद्यम स्थापना गरे; र गाउँ सरकारहरूसँग संलग्न भए, जसको परिणामस्वरूप आदिवासी जनजातिसँग सम्बन्धित पाँचवटा गाउँ विकास योजनाहरूको मस्यौदा तयार भयो।

सोही परियोजनाले ओइ (Baru) बुरा समुदायको प्रयासलाई आर्थिक सहयोग गर्‍यो, जसले कृषि वनीकरण मार्फत परित्यक्त कफी बगानलाई पुनर्जीवित गर्‍यो: जीवन्त बनायो। यो परियोजनाको सहभागितामूलक नक्साङ्कन सङ्गठन र वकालतमा कस्तो शक्ति दिन सक्छ भन्ने उदाहरण बन्यो —जसले जीविकोपार्जनमा सुधार, संरक्षणमा योगदान र गाउँस्तरीय अधिकारीहरूबाट आदिवासी अधिकारको औपचारिक मान्यता प्राप्त गर्न सहयोग पुर्‍यायो।

प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा पिग्मी (Pygmy) आदिवासीलाई देशका पहिलो बासिन्दा मानिन्छ। तिनीहरू वनमा आधारित सिकार, पशुपालन र जडीबुटी सङ्कलनमार्फत् जीवनयापन गर्छन्। देशमा बान्टु जातिहरूको प्रवेशसँगै पिग्मीहरूले खाद्य सङ्कटको सामना गर्न परम्परागत कृषि अभ्यास गर्न थाले। आज अधिकांश पिग्मी महिलाहरू जीविकोपार्जनका लागि आफैँलाई मात्र खान पुग्ने कृषि प्रणालीमा सङ्घर्ष गरिरहेका छन्।

असोसिएशन डे फेमेस अटोक्टोन्स पिग्मिज (अफाप - AFAP) ले पिग्मी महिलाहरूलाई सशक्त बनाउन र तिनीहरूको समुदायको हितका लागि दिगो तथा लचिलो कृषि अभ्यासहरू अपनाएर यो अवस्था परिवर्तन गर्ने प्रयास गरिरहेको छ। सन् २०२२ देखि २०२४ सम्ममा अफापले महिलाहरूलाई १५ हेक्टर जमिनमा १२ केजी मकैको बीउ रोप्न अनि मकै र बदामको खेती गर्न सहयोग गर्‍यो। यसै गरी १,५०० बास्केट सुधारिएको किसिमको कसाभा बिरुवा वितरण गरियो र २,५०० वटा केराका बिरुवा रोपिए। यी साना तर महत्त्वपूर्ण परिवर्तनहरूले महिलाहरूलाई आफ्नो भूमिको संरक्षण, जलवायु परिवर्तनको सामना र खाद्यसुरक्षामा सुधार ल्याउन सघाएका छन्।

पेरूमा सरकारले आदिवासी समुदायहरूको क्षेत्रलाई कानुनी रूपमा न त मान्यता दिन्छ, न त तिनीहरूको कानुनी स्थिति औपचारिक रूपमा दर्ता गर्छ। बरु, सरकारले खास जातीय समूहहरू बसोबास गर्ने क्षेत्रमा "स्थानीय समुदाय (Native Communities)" का रूपमा परिवारहरूलाई मात्र जमिनको स्वामित्व दिन्छ। यसले गर्दा समुदायहरू घुमफिर गर्ने वा सिकार गर्नेसमेतका व्यापक परम्परागत क्षेत्रहरू राज्यकै नियन्त्रणमा रहन्छन्। यस्ता अधिकारहरूको अभावले उनीहरूलाई बारम्बार सरकारी निकायद्वारा सञ्चालित उत्खनन वा पूर्वाधार परियोजनाहरूको खतरामा पार्दछ।

क्लारिफीको प्रत्यक्ष आर्थिक स्रोत परिचालनमा अइडेसेप (AIDESEP) ले सन् २०२२ देखि २०२४ सम्म पाँच वटा क्षेत्रीय कृषि निकायहरूसँग मिलेर ११ वटा स्थानीय समुदायहरूको स्वामित्व प्राप्ति प्रक्रिया अगाडि बढायो। परियोजनाले नौ वटा निगरानी समिति गठन गर्‍यो र ती समितिहरूलाई समुदायका क्षेत्रहरूमा आउने खतराहरूको वास्तविक समयको सूचना दिन तालिम दिइयो। साथै, परियोजनाले दुर्गम क्षेत्रका समुदायहरूलाई बाह्य संसारसँग जोड्न स्याटलाइट इन्टरनेट सेवा पनि उपलब्ध गरायो।

**"आदिवासी परिवारहरूको बसोबास भएको ठाउँमा खानीसम्बन्धी तथा राज्यका अरू पूर्वाधारका परियोजना भएका बेला उनीहरूलाई कानुनी सुरक्षा भएन भने उनीहरू विस्थापित हुने जोखिम हुन्छ।"**

— वाल्दिर अजान, अइडेसेप-पेरू

कोलम्बियामा राष्ट्रिय आदिवासी क्षेत्र आयोग (सीएनटीआई - CNTI) को पहलमार्फत् ५७ वटा आदिवासी क्षेत्रहरूमा रेस्गुआर्डो स्वामित्व प्रणालीअन्तर्गत पूर्ण स्वामित्व अधिकार पुन:स्थापित गर्नु एक उल्लेख्य उपलब्धि हो। क्लारिफीको यस परियोजनाले र सन् १९६१ को कानुनअन्तर्गत आदिवासीहरूको सम्पत्तिको स्वामित्व राज्यलाई हस्तान्तरण गरिने व्यवस्था फिर्ता गराउने प्रयासलाई रोक्न सहयोग पुर्‍यायो। अहिले, सीएनटीआई र राष्ट्रिय भूमि निकाय पाँच अन्य आदिवासी क्षेत्रहरूको पूर्ण स्वामित्व अधिकार पुन:स्थापित गर्न सहकार्य गरिरहेका छन्। यो कोलम्बिया सरकारद्वारा स्थापित आदिवासी जनताको स्थायी राष्ट्रिय संवाद मञ्चप्रति गरिएको प्रतिबद्धताको प्रतिफल हो।

२०२२ पूर्वी अफ्रिका सभाको लागि केन्याको माउन्ट एल्गोनमा ओगिएक, मसाई, बटवा, अवीर, बेनेट, सेन्गवेर र याकु आदिवासी समुदायका महिला नेतृहरू भेला हुन्छन्।

अधिकार र स्रोत पहलका लागि टोनीविल्ड फोटोग्राफीद्वारा फोटो।



# महिलाको स्वामित्वको अधिकारको प्रवर्द्धन

महिलाका लागि अधिकारहरू सुनिश्चित गर्नु सामाजिक न्याय, जैविक विविधता संरक्षण, र जलवायु सहनशीलताका लागि अत्यावश्यक छ भन्ने तथ्यको कदर गर्दै आरआरआईले भूस्वामित्व सुधारलाई लैङ्गिक हिसाबले समावेशी बनाउन निर्णायक कदमहरू चालेको छ। दीर्घकालीन साझेदारी, सहकार्य निर्माण, कानुनी सुधार र रणनीतिक पैरवीमार्फत् आरआरआईले लैङ्गिक समानतालाई किनाराबाट उठाएर प्राकृतिक स्रोतसम्बन्धी प्रशासनको केन्द्रविन्दुमा पुऱ्याएको छ।

सन् २०१२ मा एउटा स्वतन्त्र कार्यक्रमको रूपमा स्थापना गरिएको आरआरआईको लैङ्गिक न्याय कार्यक्रम राष्ट्रिय तथा क्षेत्रीय स्तरमा वर्षौंको कामको जगमा निर्माण भएको हो। जब आरआरआईका प्राथमिकता क्षेत्रका अधिकारहरूमा सुधार आउन थाल्यो र उपलब्धिहरू हासिल भए, सञ्जालभित्र यो कार्यक्रम मुख्य प्राथमिकताको रूपमा स्थापित भयो। क्षमता अभिवृद्धि, समन्वय र सहकर्मी सिकाइको माध्यमबाट आरआरआईले आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका महिलाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेतृत्वदायी आवाजका रूपमा उभ्याएको छ, जसले तिनीहरूलाई मानवअधिकार र भूमिअधिकारबाट वञ्चित गराउने ऐतिहासिक, सामाजिक, आर्थिक, र राजनीतिक अन्यायहरू चिर्न सहयोग पुऱ्याएको छ।

**यो रूपान्तरण स्वयं स्थानीय महिलाहरूको नेतृत्वमा भएको हो।** आरआरआईले प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा आरआरआईले कोअलिशन डेस फेमेस लीडर्स पोर आइन्भाइरोन्मन्ट एट ले डिभेलप्मन्ट ड्युरेबल वा 'सीएफएलईडीडी' (Coalition des femmes leaders pour l'Environnement et le développement durable - CFLEDD) लाई २०२२ को राष्ट्रिय भूमि नीतिमा बलियो लैङ्गिक प्रावधानहरू समावेश गराउने पैरवी सफल बनाउन सहयोग गऱ्यो, जसले महिलाहरूको भूमिमा समान अधिकार, सम्पत्तिको उत्तराधिकार र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गऱ्यो। यसले परम्परागत स्थानीय नेताहरूसँग प्रान्तीय संवादहरू आयोजना गरी स्थानीय परम्परागत मूल्य र मान्यताहरूमा परिवर्तन ल्याउने काम गऱ्यो, जसले महिलाका अधिकारहरूलाई परम्परागत व्यवस्थामा पनि मान्यता दिने दिशामा सहयोग पुऱ्यायो।

लाइबेरियामा, सामुदायिक पहल प्रतिष्ठान वा 'एफसीआई' (Foundation for Community Initiatives -FCI) ले सरकारी मन्त्रालयहरू, भूमिसम्बन्धी निकाय र सामुदायिक अगुवाहरू संलग्न गरी राष्ट्रिय लैङ्गिक न्याय कार्यसमूह स्थापना गर्न सहयोग गऱ्यो। यस कामले वातावरण संरक्षण निकाय (ईपीए - EPA) लाई वातावरणीय तथा जलवायुसम्बन्धी नीतिमा महिलाको भूमिसम्बन्धी अधिकारहरू समावेश गर्न प्रेरित गऱ्यो र देशभर समुदायस्तरमा जनचेतना अभिवृद्धिमा योगदान पुऱ्यायो। रेडिओ कार्यक्रम, कानुनी साक्षरता कार्यशाला र नगरस्तरीय भेलामार्फत् दुई तिहाइ महिलासमेत १,६०० भन्दा बढी मानिससम्म यो कार्यक्रम पुग्न सफल भयो र यसमार्फत् उनीहरूले सन् २०१८ को भूमि अधिकार ऐनअन्तर्गतका आफ्ना अधिकारहरूबारे थाहा पाएको सुनिश्चित भयो।

नेपालमा आरआरआईले फेकोफनसँग सहकार्य गर्दै कानुनी सुधार, क्षमता विकास र 'मेन्टरशिप' ढाँचामा काम गऱ्यो। यसको परिणामस्वरूप भूमिसम्बन्धी नयाँ कानुनहरूले महिलाहरूको भूमिको स्वामित्व, उत्तराधिकार र व्यवस्थापन गर्ने अधिकारलाई मान्यता दिएका छन्। फेकोफनले महिलाहरूलाई छलफल, सम्झौता गर्ने सीप र बजेट निर्माणको व्यावहारिक तालिम पनि प्रदान गरेको छ।

> **"महिलाहरू हाम्रो समुदायका मेरुदण्ड भए पनि हामी लामो समयदेखि आफ्नै भूमिबारेको निर्णय प्रक्रियामा बहिष्कृत छौँ। आरआरआईको पहलको परिणामस्वरूप हामीलाई पनि अहिले नेता मान्न थालिएको छ र हामी आफ्ना परिवार तथा आफ्ना वनमा प्रभाव पार्ने नीति बनाउन सक्षम भएका छौँ।"**
>
> भारती पाठक,
> वाग्मती प्रदेशसभा सदस्य

आरआरआईले वनको सामुदायिक व्यवस्थापनका लागि अफ्रिकी महिलाहरूको सञ्जाल (रेफाकोफ- REFACOF) को स्थापनामा पनि सघाएको छ। आईटीटीई र क्यामरून सरकारले सन् २००९ मा संयुक्त रूपमा आयोजना गरेको एक अन्तर्राष्ट्रिय सम्मेलनमा यसको स्थापना भएको हो। यो कम्तीमा १४ देशका महिला सङ्गठनको क्षेत्रीय सञ्जाल हो र यसको उद्देश्य अफ्रिकामा महिला अधिकारको प्रवर्द्धन




किन्शासा, डीआरसीमा आरआरआईको विश्वव्यापी रणनीति बैठकमा महिला ग्लोबल साउथ एलायन्स (WiGSA) का सदस्यहरू।
राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभका लागि मदिहा वारिसद्वारा तस्बिर, २०२४।

गरी भूमि तथा वनको स्वामित्वमा लैङ्गिक समताका लागि नीति तथा अभ्यासका लागि पैरवी गर्नु हो।

यस परिवर्तनलाई दुई मुख्य पहलहरूले सहयोग गरिरहेका छन्। पहिलो 'हाम्रो कार्यको लागि आह्वान' (Our Call to Action) नामक नयाँ पैरवी उपकरण र 'विमिन इन ग्लोबल साउथ अलायन्स' (विग्सा - WiGSA)। सन् २०२२ मा सुरु गरिएको विग्सा अफ्रिका, एशिया र ल्याटिन अमेरिकाका आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका महिलाहरूलाई प्रत्यक्ष आर्थिक सहयोग, लैङ्गिकतामैत्री नीतिहरू र जलवायु न्यायको लागि वकालत गर्न एकताबद्ध गर्ने पहिलो अन्तरक्षेत्रीय मञ्च हो।

सन् २०२३ मा पानमामा र सन् २०२४ मा नेपालमा भएका यसका रणनीतिक भेलाहरूले भूमिअधिकार, अन्तरपुस्ता नेतृत्व र लैङ्गिकतामैत्री जलवायु वित्तमा केन्द्रित भई एक साझा पैरवी कार्यसूची तयार पारेका छन्। "हामी सबैले हाम्रा अधिकारका लागि वकालत गर्न र हाम्रो ज्ञान सुधार गर्न सँगै काम गर्नुपर्छ ता कि हामी नीतिहरूलाई सुदृढ गर्न सकौँ र थप महिलालाई नेतृत्वमा ल्याउन सकौँ," सीएफएलईडीडीकी चौचौना लोसालेले भनिन्।

> "दाताहरूले नदेख्ने र प्रायजसो आफ्नै समुदायमा पनि पन्छाइएका आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका महिलाहरू पनि राजनीतिक सरोकारवाला र जमिनको हेरचाहकर्ता हुन्। त्यसैले हामीले आर्थिक स्रोत परिचालन मात्र नभई शक्तिसम्बन्ध पनि बदल्न विग्सा स्थापना गर्न सहयोग गरेका हौँ।"
>
> ओमाइरा बोलानस,
> कार्यक्रम निर्देशक,
> आरआरआई

स्थानीय स्तरमा आरआरआईले एमजन, उष्णप्रादेशिक एन्डीज, मध्य अफ्रिका र एशियामा महिलाहरूको नेतृत्व क्षमतासम्बन्धी तालिमहरू सञ्चालन गर्दै आएको छ। इन्डोनेशियाको मेनतावाई टापुहरूमा सहभागितामूलक नक्साङ्कनमा संलग्न आदिवासी महिलाहरूले आफ्नो परम्परागत ज्ञान प्रयोग गरी गाउँको विकास योजना निर्माणमा योगदान पुऱ्याएका छन्। सन् २०२३ मा प्रजातान्त्रिक गणतन्त्र कङ्गोको ब्राजाभिलमा आरआरआईले रेपालेक (REPALEAC) र ग्लोबल अलायन्स फर टेरिटोरिअल कम्यूनिटिज - जीएटिसी (Global Alliance of Territorial Communities - GATC) सँग मिलेर पहिलो पटक मध्यअफ्रिका र कङ्गो जलाधार क्षेत्रमा आदिवासी तथा स्थानीय समुदायका महिलाहरूको मञ्च कार्यक्रम आयोजना गऱ्यो। यस कार्यक्रममा पहिलो पटक क्षेत्रीय नेत्रीहरू, अन्तर्राष्ट्रिय दाता संस्थाहरू र अफ्रिकी मन्त्रीहरू एउटै मञ्चमा जुटे अनि जलवायु सहनशीलता तथा जैविक विविधता संरक्षणमा महिलाहरूको महत्त्वपूर्ण भूमिकालाई स्पष्ट रूपमा उजागर गरे।

सन् २०१८ यता ल्याटिन अमेरिकामा आरआरआईको सञ्जालले आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका महिलाहरूको भूमिकालाई गहिरो रूपमा बुझ्न आवश्यक रहेकोमा जोड दिएको छ अनि तिनीहरूले भूमिप्रशासन, महिला सशक्तीकरण र नेतृत्व विकासमा कसरी योगदान दिइरहेका छन् भन्ने विषयमा अनुसन्धान तथा कार्यक्रमहरू

# विमिन इन ग्लोबल साउथ अलायन्स (विग्सा)

सन् २०२२ मा स्थापना भएको ‘विमिन इन ग्लोबल साउथ अलायन्स’ (विग्सा - WiGSA) ग्लोबल साउथ क्षेत्रमा रहेका आदिवासी, अफ्रिकी मूलका तथा स्थानीय समुदायका महिला संस्था समूह तथा सङ्गठनहरूको सञ्जाल हो। भूखण्डीय तहमा समुदायका महिला एवं बालिकाका लागि प्रत्यक्ष जलवायु वित्त बढाउन यो क्रियाशील छ। आरआरआईको सहजीकरणमा यसको मूल उद्देश्य भनेको जलवायु परिवर्तनविरुद्ध लड्न, जैविक विविधता संरक्षण गर्न तथा आफ्नो नेतृत्व एवं योगदानका लागि महिला र बालिकाको कदर भएको सुनिश्चित गर्न विद्यमान आर्थिक स्रोत परिचालन प्रणालीमा परिवर्तनका लागि पैरवी गर्नु हो। सन् २०२५ को एप्रिलको तथ्याङ्कअनुसार यसमा ५९ देशका २३ संस्थाहरू सदस्य छन्।

विश्वव्यापी जलवायु तथा संरक्षण लक्ष्य प्राप्त गर्न अनि उनीहरूका समुदायको अधिकार सुनिश्चित गर्नमा महिलाको भूमिकालाई प्रत्यक्ष सहयोग गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धतामा रहेको ऐतिहासिक अभावलाई सम्बोधन गर्ने विग्साको लक्ष्य विशिष्ट छ। सन् २०२४ मा विग्सा र आरआरआईले आदिवासी अफ्रिकी मूलका तथा स्थानीय समुदायका महिलासम्म पुगेका विश्वव्यापी जलवायु तथा संरक्षणसम्बन्धी आर्थिक स्रोतबारे नयाँ विवरण सार्वजनिक गरेको छ।

अघि बढाएको छ। कोलम्बिया र पेरूमा महिलाहरूको नेतृत्वमा सञ्चालित व्यावसायिक पहलहरूले जलवायु परिवर्तन वा कोभिड महामारीजस्ता गम्भीर बाह्य सङ्कटहरू पार गर्न, स्थानीय अर्थतन्त्र जोगाउन, भूमिप्रशासन बलियो बनाउन र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्न दीर्घकालीन आधार तयार गरिरहेका छन्।

आरआरआईको सन् २०२५ को प्रतिवेदन ‘सामना क्षमता र प्रतिरोध’ ले ३५ देशमा आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका महिलाहरूका वनसम्बन्धी अधिकारलाई राष्ट्रिय कानुनहरूले कति हदसम्म मान्यता दिएका छन् भन्ने विषयमा नयाँ दृष्टिकोण प्रस्तुत गरेको छ। यस प्रतिवेदनले के देखाउँछ भने कानुनी मान्यतामा केही सकारात्मक परिवर्तन भए तापनि समुदायभित्र महिलाहरूको सदस्यता, सम्पत्तिको उत्तराधिकार, निर्णय प्रक्रियामा सहभागिता र विवाद समाधानमा अधिकार अझै पनि सीमित छन्। सन् २०१७ मा प्रकाशित पहिलो संस्करण ‘अधिकार र सामर्थ्य’ यता यो तथ्याङ्कसम्बन्धी सङ्कलन संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलन (UNFCCC COPs), सीएसडब्ल्यू६६ (CSW66) र स्टकहोम+५० (Stockholm+50_ लगायतका विश्वस्तरीय मञ्चहरूमा महत्त्वपूर्ण पैरवी उपकरणको रूपमा प्रयोग हुँदै आएको छ।

सामुदायिक भूमिको कानुनी मान्यता सुरक्षित गर्नुदेखि विश्वव्यापी वित्त प्रणाली परिवर्तनसम्म, आरआरआईको लैङ्गिक न्यायसम्बन्धी कामले स्पष्ट रणनीति प्रतिबिम्बित गर्छ कि महिलाहरू केवल कानुनी रूपमा सुरक्षित हुनु मात्र होइन, उनीहरू आफ्ना समुदायभित्र र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेतृत्वदायी भूमिकामा स्थापित हुनु अनिवार्य छ।

पुर्खाहरूको ज्ञान अनुसार, यहाँ चित्रित पानीको स्याउको रूख यसको संरक्षण गर्ने कासेपुहान पासिर युरिह आदिवासी समुदाय भन्दा पुरानो छ। शहरी युवाहरूले यो र धेरै कुराहरू इन्डोनेसियाको २०२२ को हरियो शिविरमा आदिवासी एल्डरहरूबाट सिके।

तस्बिर: एकी र आरएमआई, २०२२।



# अन्तरपुस्ता नेतृत्व र युवा: साझा ज्ञानमार्फत् आन्दोलनको दिगोपन

दीर्घकालीन रूपान्तरणका लागि एक पुस्तादेखि अर्को पुस्तासम्म नेतृत्व विकास आवश्यक हुन्छ भन्ने विश्वासमा आरआरआईको काम आधारित छ। 'मेन्टरशिप' र एकतामार्फत् सञ्जालका अनुभवी नेताहरूले नयाँ पुस्ताका अधिकारकर्मीहरूलाई भूमिअधिकार आन्दोलनलाई अघि बढाउन आवश्यक स्रोतसाधन प्रदान गरिरहेका छन्।

दशकौँसम्म सामूहिक स्वामित्व प्रक्रियाको नेतृत्व गरेका विश्वभरका आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका पैरवीकर्ताहरूले लामो समयदेखि नयाँ पुस्ताका सङ्घटकहरूलाई वार्ता, शासन प्रणाली र सामुदायिक परिचालनमा तालिम दिइरहेका छन्। यो ज्ञान हस्तान्तरण केवल रणनीतिक मात्र होइन; यो पुर्ख्यौली पनि हो। जब परम्परागत ज्ञान नयाँ पुस्तालाई हस्तान्तरण गरिन्छ, यसले सामूहिक भूमिसम्बन्धी दाबीहरूलाई सुदृढ गर्छ र शासन संरचनाहरू विकास हुँदै जाँदा पनि आफ्नो मौलिक जरा नछुटोस् भन्ने सुनिश्चित गर्छ।

सन् २०२३ को सेप्टेम्बरमा, ल्याटिन अमेरिकाका १० देशबाट आएका १८ जना युवा नेताहरू बोगोटामा भेला भए। युवाहरूको क्षेत्रीय सञ्जाल सुदृढ गर्ने र तिनको नेतृत्व क्षमता विकास गर्ने उनीहरूको उद्देश्य थियो। तिनीहरूले आफ्नै समुदायहरूमा प्राप्त अनुभवका आधारमा अधिकारमा आधारित संरक्षण र दिगो भूमिव्यवस्थापनसम्बन्धी साझा प्राथमिकताहरू अभिव्यक्त गर्न युवा घोषणापत्र प्रकाशित गरे। यो घोषणापत्र आरआरआईको विश्वव्यापी सञ्जालका लागि मार्गदर्शक दस्तावेज भएको छ र तदनुरूप यसले क्षेत्रीय र अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा युवा नेतृत्व र सहभागिता सुनिश्चित गर्न प्रतिबद्धता जनाएको छ।

नेपालदेखि लाइबेरियासम्म सञ्जालकम युवा नेताहरू दिगो वन उद्यम, संरक्षण र नीति संवादमा सक्रिय छन् र तिनले अनुभवी अगुवाहरूको अनुभव र ज्ञानलाई आधार बनाएका छन्।

यो निरन्तरताको महत्त्वलाई बुझ्दै आरआरआईले नीति र कार्यक्रममार्फत् एवं विग्सा तथा अफ्रिकामा सञ्चालित युवा तथा भूमिप्रशासन पहल (Youth and Land Governance Initiative) जस्ता मञ्चहरूमार्फत् अन्तरपुस्तात्मक नेतृत्वलाई सहयोग गर्छ। यी प्रयासहरू केवल क्षमता विकासका विषय मात्र होइनन्, यी पहिचान, निरन्तरता, र सहनशीलताका विषय पनि हुन्। यसले आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका युवाहरूलाई केवल विगतका सङ्घर्षहरूको उत्तराधिकारीका रूपमा होइन, समाधानको सहनिर्माताका रूपमा अघि सर्न प्रेरित गर्छ।

> "आदिवासी तथा स्थानीय समुदायका युवाको सशक्तीकरण एउटा संयुक्त अन्तरपुस्तात्मक पहल हो। हामी सँगै हुँदा अझ बलिया हुन्छौँ।"
>
> नेड टुगुइने,
> एसिया आदिवासी युवा मञ्च



सेप्टेम्बर ६-७, २०२३ मा ल्याटिन अमेरिकी क्षेत्रीय युवा कार्यशालाका सहभागीहरू। अधिकार र स्रोत पहलका लागि मोनिका ओर्जुएला द्वारा फोटो।

# हामीभन्दा जेठा मानिसहरूको ज्ञानको सिकाइ तथा कार्यान्वयन: एशियाका भूमि, वन तथा भूखण्डको युवाशक्ति

युवासमूह, आदिवासी सञ्जाल तथा साझेदार संस्थाहरूसमेत एशियाका १५ संस्थाहरूको सहलेखनमा सन् २०२३ मा प्रकाशित युवा नेतृत्वको यो प्रतिवेदनले युवा अभियानकर्मीका अनुभव तथा नेतृत्वलाई ‘सक्रियताका लागि आह्वान’का रूपमा अगाडि ल्याएको छ।

एशियाका आदिवासी तथा स्थानीय समुदायका युवा अथवा अझ बृहत् अर्थमा संसाभरिका युवाहरू प्रायजसो असम्भव सम्झौताजस्ता देखिने काममा पनि हात हालिरहेका हुन्छन्। उनीहरू आधुनिकताको शक्ति र आफ्नो घर एवं समुदायसँगको अन्तरपुस्तात्मक सम्बन्धबीचको संवेदनशील सन्तुलन कायम गर्छन्। आफ्ना समुदाय अनि वातावरणीय सन्दर्भसँग बलियो अन्तरपुस्तात्मक साइनो कायम गर्दै युवाहरू आफ्ना सामूहिक अधिकारको आत्मप्रेरित रक्षक बन्न सक्छन्। आगामी वर्षहरूमा युवा नेतृत्व विकास गर्न सिफारिस गरिएका पाँच मुख्य सिफारिसहरू यसप्रकार छन् :

- युवाको सङ्गठन निर्माण सदैव अन्तरपुस्तात्मक हुन्छ।
- एउटा नेताले धेरै नेता जन्माउँछ।
- युवाले नेतृत्व गर्दै सिक्छ र साझेदारहरू उनीहरूलाई विश्वास गर्दै नेतृत्व गर्छन्।
- युवाको सुरक्षा साझा दायित्व हो।
- ऐक्यबद्धता सम्मानजनक विचार हो।

युवाहरूले जोखिमको अनुभव गरेका हुनाले उनीहरू प्राय: के जोखिममा छ भन्ने बुझ्छन्। उनीहरू आफ्ना सवालहरू अन्तरसम्बन्धित र गाँठो परेको अवस्थामा रहेका पनि बुझ्दछन् किनकि उनीहरूले तिनलाई फुकाउन र त्यसबाट पार पाउन सङ्घर्ष गरेका छन्। तर सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने उनीहरू सँगै जित हासिल गर्न आवश्यक प्रतिबद्धता र ज्ञानलाई सुदृढ पार्न तयार छन्।



आयु (२४ वर्ष) र दिता (२४ वर्ष) आदिवासी तलङ मामाक युवा, रियाउ प्रान्त, सुमात्रा, इन्डोनेसिया। डच औपनिवेशिक शासनकालदेखि नै रबर बगानले तलाङ मामाकलाई पुस्तादेखि घेरेको छ। यी मध्ये धेरै रबर बगानहरू १९८० को दशकमा पाम तेल बगानमा परिणत भएका थिए। यसबाहेक, १९८६ देखि ५००० हेक्टरभन्दा बढी स्थानीय वन फँडानी गरिएको छ र यी ठूला कम्पनीहरूले पाम तेल बगानमा परिणत गरेका छन्। तलाङ मामाकहरू आफ्नो जीविकोपार्जन, खाना र सांस्कृतिक अभ्यास र अनुष्ठानहरूको लागि वनमा भर पर्छन्। आज, समुदायसँग निजी कम्पनीहरूको लागि काम गर्नु वा आफ्नै पाम तेलको रूखहरू रोप्नु बाहेक अरू कुनै विकल्प छैन। "यदि वनहरू गायब भए भने तलाङ मामाक गायब हुनेछन्" आफ्नो समुदायको भूमि अधिकारको वकालत गर्ने २४ वर्षीया तलङ मामाक दिता भन्छिन्।

राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ, २०२२ को लागि ज्याकब मान्ट्जद्वारा फोटो।

DRC मा एक आदिवासी पिग्मी महिलाले आफ्नो फोनमा GPS प्रयोग गर्छिन्। २०२४।

फोटो: EnviroNews RDC को लागि RRI




# नवप्रवर्तनमार्फत् सामुदायिक ऊर्जा निर्माण

प्रविधि अहिले भूमि र स्रोतको संरक्षणमा संलग्न समुदायहरूको क्षमता अभिवृद्धिका लागि एक अत्यावश्यक तत्त्व बन्न पुगेको छ। विशेष गरी अतिक्रमण र शोषणविरुद्धको लडाइँमा यो झनै उपयोगी हुन्। सन् २००५ यता आरआरआईले निगरानी, प्रमाण सङ्कलन र नीतिगत दबाव बढाउन सक्ने डिजिटल उपकरणहरूको प्रयोग विस्तार गर्न सघाउँदै आएको छ। साथै, समुदायले सङ्कलन गरेका तथ्याङ्कहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा समाहित गराउने काममा समेत योगदान दिएको छ।

आरआरआईले एमजन जलाधार क्षेत्रअन्तर्गत पेरूमा आठ आदिवासी समुदायहरूको भूमिको स्वामित्व प्राप्तिमा सहयोग पुऱ्यायो। यसले युकायाली, लोरेटो र म्याडर डि डायस क्षेत्रमा समुदायकै नेतृत्वमा सञ्चालित नौ वटा निगरानी केन्द्रहरू स्थापना गर्न सघायो। यी केन्द्रहरू प्रशिक्षित युवा र स्थानीय नेताहरूद्वारा सञ्चालित छन्। ती स्याटलाइट इन्टरनेट, भूसूचना प्रणाली (जीपएस) र ड्रोनजस्ता प्रविधिहरूले सुसज्जित छन्। साथै अइडेसेपको प्रारम्भिक चेतावनी प्रणालीसँग पनि तिनीहरू जोडिएका छन्। यस प्रविधिमार्फत् समुदायहरूले गैरकानुनी वनफँडानी तथा वनविनाशको निगरानी गर्न र वास्तविक समयमा चेतावनी जारी गर्न सक्ने भएका छन्। अर्थात् यो स्थानीय ज्ञानलाई राष्ट्रिय र विश्वस्तरीय पैरवीसँग जोड्ने माध्यम बनेको छ। सन् २०२३ मा मात्र १८ वटा क्षेत्रीय महासङ्घहरूले प्रयोग गर्ने एक विशिष्ट निगरानी प्रणालीको प्रयोग गरी यी प्रयासहरूले विभिन्न उत्खनन परियोजनाहरूको अतिक्रमण रोक्न र भूमिअधिकारकर्मीहरूलाई बचाउन उल्लेखनीय भूमिका खेले।

अर्कोतर्फ, आरआरआईले पीसीएन र ओटीईसीजस्ता अफ्रिकी मूलका मानिसहरूका २० वटा स्थानीय सङ्गठन तथा अनुसन्धानकर्ताहरूसँग मिलेर ल्याटिन अमेरिका र क्यारिबीअन क्षेत्रका अफ्रिकी मूलका मानिसका भूमिको बहुदेशीय विश्लेषण तथा खुला पहुँचयुक्त नक्सा उपकरण विकास गऱ्यो। यो उपकरण अफ्रिकी मूलका, ब्ल्याक, मरून, गरिफुना, र क्रियोल समुदायहरूको १६ देशमा रहेको भौगोलिक उपस्थिति र पारिस्थितिक तथ्याङ्क देखाउन सक्ने पहिलो प्रयास हो। सन् २०२२ मा सार्वजनिक गरिएको यो अध्ययनले के देखाउँछ भने लगभग २०.५ करोड हेक्टर भूमिमा अफ्रिकी मूलका जनसङ्ख्याले कानुनी स्वामित्व पाएको केवल ५ प्रतिशत मात्रै हो। यस तथ्याङ्कलाई पछि जलवायु परिवर्तन तथा जैविक विविधता संरक्षणसम्बन्धी राष्ट्रसङ्घीय महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलन (कोप) र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा भूमिअधिकारको पैरवीका लागि प्रयोग गरिएको छ।

इन्डोनेशियामा आरआरआईको सहयोगमा स्वामित्वमा न्यायका लागि सञ्जाल (Coalition for Tenure Justice) र सहभागितामूलक नक्साङ्कन सञ्जाल – 'जेकेपीपी' (Participatory Mapping Network - JKPP) १.७२ करोड हेक्टर परम्परागत भूमिको नक्साङ्कन गर्न सफल भएका छन्। युवा र महिलाहरूलाई भौगोलिक पत्रकारिता, डिजिटल नक्साङ्कन र

वेस्ली टिंगी द्वारा फोटो, अनस्प्लास







माथि: क्वाङ्गो प्रान्त, प्रजातान्त्रिक गणतन्त्र कंगो। टेन्योर सुविधाका लागि ले उवेराद्वारा तस्बिर।

बीचमा: ल्याटिन अमेरिकाको अमेजन वर्षावनमा रहेको नदीको ड्रोन फुटेज।

तल: लाइबेरियाका महिलाहरू सामुदायिक हल बाहिर भेला हुन्छन्।

अधिकार र स्रोत पहल, २०१२ द्वारा तस्बिर।

तथ्याङ्क पैरवीमा तालिम दिइएको छ र उनीहरूले 'तानाकिता' (Tanahkita.id) नामक खुला स्रोत भएको प्ल्याट्फर्ममा सयौँ तथ्याङ्क प्रविष्टि गरेका छन्। यसलाई सन् २०२२ मा अझ प्रभावकारी बनाइयो। यी सामुदायिक नक्साहरूले इन्डोनेसियाको रोजगारी सिर्जना कानुनविरुद्धको कानुनी चुनौतीमा सघायो र २०२३ को राष्ट्रिय स्वामित्व सम्मेलनका सिफारिसहरूमा प्रत्यक्ष योगदान पुर्‍यायो।

यसैबीच लाइबेरियामा समुदायद्वारा सञ्चालित निगरानी केन्द्रहरू अब वनविकाससम्बन्धी सरकारी निकायसँग जोडिएका छन् र यसका कारण गैरकानुनी फँडानीको तत्काल पहिचान र प्रतिवेदन गर्न सजिलो भएको छ। दिगो विकासका लागि सामाजिक उद्यमी (Social Entrepreneurs for Sustainable Development - SESDev), दिगो विकास संस्था (Sustainable Development Institute - SDI) र तेलपामसम्बन्धी सीएसओ (CSO) कार्यसमूहको सहकार्यमा सञ्चालित यी पहलहरूले समुदायहरूलाई राष्ट्रिय कार्यान्वयन प्रणालीको महत्त्वपूर्ण हिस्साका रूपमा उभ्याएका छन्। यसले नीति निर्माण र स्थलगत कार्यान्वयनबीच प्रत्यक्ष संवाद सुनिश्चित गरेको छ।

तर डिजिटल सशक्तीकरण केवल कार्यान्वयनमा सीमित छैन, यसले सामुदायिक शासन प्रणाली निर्माण गर्छ, सांस्कृतिक परिदृश्यको रक्षा गर्छ र समुदायहरूले राष्ट्रिय तथ्याङ्क प्रणाली एवं सार्वजनिक सूचना मापदण्डहरूमा आफ्नो भूमिका निर्धारण गर्न सक्ने बनाउँछ। आरआरआईले अहिले कम्पनीहरूलाई विवादित भूमिमा जवाफदेही बनाउन सामुदायिक रूपमा सङ्कलित तथ्याङ्कलाई कम्पनीहरूको सावधानी मापदण्डमा समाहित गर्न माग गर्दै छ। 'इन्टर्लेकन ग्रूप'को जिम्मेवार आपूर्ति शृङ्खलासम्बन्धी मार्गदर्शनलाई वास्तविक समयको आदिवासी निगरानीसँग जोडेर विश्वव्यापी लगानी प्रणालीहरूमा पारदर्शिता र समानता सुनिश्चित गर्ने प्रयास भइरहेको छ।

अब अगाडि हेर्दा आरआरआईले पूर्वी अफ्रिका, कङ्गो जलाधार क्षेत्र र मेसोअमेरिकामा सामुदायिक निगरानी प्रणाली विस्तार गर्ने योजना बनाएको छ। यस क्रममा स्थानीय आवश्यकताअनुसार उपकरणहरू परिमार्जन गर्ने तर तथ्याङ्क स्वायत्तताको मूल सिद्धान्तलाई अक्षुण्ण राख्ने योजना छ। यसको लक्ष्य केवल भौगोलिक सूचना प्रणाली (जीआईएस) वा नक्सा डिजिटल बनाउने होइन; त्यो भूक्षेत्र जोगाइरहेका मानिसहरूले विकास कस्तो देखिन्छ भन्ने परिभाषा गर्न सकून् र त्यो परिभाषालाई लागू गराउन सक्ने उपकरण उनीहरूसँग होस् भन्ने सुनिश्चित गर्नु पनि हो।

## आरआरआईको स्वामित्व अभिलेखीकरणसम्बन्धी तथ्याङ्क प्रणाली (टेन्यर ट्र्याकिङ डेटा)को इतिहास

फरेस्ट ट्रेन्ड्सले निर्माण गरेको सन् २००२ को 'विश्वका वन कसका स्वामित्वमा छन्?' शीर्षकको प्रतिवेदनमा आरआरआई सहसंस्थापक एन्डी ह्वाइट तथा अलेजान्द्रा मार्टिनले सन् १९८० र १९९० को दशकमा वन राज्यका स्वामित्वमा रहेको भन्ने सरकारहरूको दाबी बिस्तारै हराउँदै गएको र सरकारहरूले समुदायको नियन्त्रण एवं स्वामित्वमा रहेका क्षेत्रहरूलाई मान्यता दिने क्रम बढेको लेखेका थिए। समग्रमै विश्शवका वनहरू सरकारको वैधानिक स्वामित्व तथा नियन्त्रणमा रहेको अवस्थाबाट अर्को अवस्थाको सङ्क्रमण त्यसपछिका वर्षहरूमा पनि जारी रह्यो र यसले थप विश्लेषणको आवश्यकता महसुस गरायो।

त्यसयता आरआरआईले विश्वको वनक्षेत्रका ९२ प्रतिशतभन्दा बढी क्षेत्रमा वैधानिक स्वामित्वमा आएको परिवर्तनको अभिलेख राख्दै आएको छ अनि भूमि तथा स्वच्छ पानीमा समुदायको अधिकारको पनि अभिलेख राख्न त्यसलाई अद्यावधिक पनि गर्दै आएको छ। सामुदायिक स्रोतसाधनमा महिलाका विशिष्ट अधिकारको अवस्थाको पनि अभिलेख राखिएको छ।

सन् २०२२ मा अद्यावधिक गरी सन् २०२४ मा विस्तार गरिएको आरआरआईको 'टेन्यर टूल' आदिवासी तथा स्थानीय समुदायको स्वामित्वको अधिकारबारेको सबैभन्दा ठूलो अनलाइन डेटाबेस हो। यसले अधिकारधारक, अनुसन्धानकर्मी, अभियानकर्मी, नीतिनिर्माता तथा सर्वसाधारणलाई ७५ भन्दा बढी देशमा सामुदायिक अधिकारको मान्यताको अवस्थाबारे विज्ञहरूले समीक्षा गरिसकेका सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्कमा नि:शुल्क तथा सहज पहुँच दिन्छ।



राह टापु, भानुआटु। दुई युवती टापुवासी महिलाहरू काठको डुङ्गामा माछा मार्दै बसिरहेका छन्।
तस्बिर: जन्तिरा नामवोङ।










# अभियानका आवाजहरू



माथि बायाँबाट: कंगो गणराज्यको ब्राजाभिलमा रहेको मध्य अफ्रिका र कंगो बेसिनमा आदिवासी र स्थानीय समुदाय महिलाहरूको पहिलो मञ्चमा प्यानल छलफल पछि सहभागीहरूले फोटो खिचाउँदै।
अधिकार र स्रोत पहलका लागि भिक्टोयर डुनियामा द्वारा तस्बिर, २०२३।

आदिवासी अफ्रो-वंशज महिला कोलम्बियाको खेतमा काम गर्छिन्।
प्रोसेसो डे कम्युनिकेड्स नेग्रास (पीसीएन) (पीसीएन) को लागि डार्विन टोरेस द्वारा तस्बिर, २०२३।

कङ्गो बेसिन, कंगो गणराज्यमा वन।
अधिकार र स्रोत पहलका लागि एन्भाइरोन्यूज आरडीसी द्वारा तस्बिर, २०२४।

सुमात्रा, इन्डोनेसियामा महिलाहरूले वन उत्पादनहरू सङ्कलन गर्छन्।
अधिकार र स्रोत पहलका लागि ज्याकब मेन्ट्ज द्वारा तस्बिर, २०२२।

आदिवासी पिग्मी महिलाहरूले पानी सङ्कलन गर्छन्, डीआरसी।
अधिकार र स्रोत पहलका लागि एन्भाइरोन्यूज आरडीसी द्वारा तस्बिर, २०२४।

# अफ्रिकामा
## भूस्वामित्वको हकको भविष्यको आकार निर्माण गर्ने सामुदायिक अगुवाहरू





केन्यामा टाढाबाट हात्तीहरू हेरिरहेकी एक महिला।
फोटो: एन्थोनी ओचिएङ।

समुदायको स्वामित्वको अधिकार सुनिश्चित गर्ने काम नीतिगत सुधारबाट सुरु वा अन्त्य हुने होइन। दशकौँसम्म सङ्गठन निर्माण, वार्ता तथा पैरवीको जगमा यो उभिएको हुन्छ। अफ्रिकाभरि न्याय, दिगोपन तथा समतामूलक विकासको लडाइँमा समुदायहरू अग्रमोर्चामा रहँदै आएका छन्। आरआरआईले उनीहरूको आवाजलाई थप बुलन्द बनाउन उल्लेख्य भूमिका खेलेको छ। लाइबेरिया, केन्या, क्यामरून र प्रजातान्त्रिक गणतन्त्र कङ्गोले आरआरआईको सहयोगले स्थानीय सङ्घर्षलाई कसरी बलियो बनाउँछ र समुदायका आकाङ्क्षाहरूलाई वास्तविकतामा रूपान्तरण गर्न कसरी सहयोग गर्छ भन्नेबारे बलिया उदाहरण प्रस्तुत गरेका छन्। यी सबै देशमा भूमि जीविकाको स्रोत मात्र नभई पहिचान, जीवन र आत्मनिर्णयको आधारका रूपमा समेत रहेको छ।

अफ्रिकामा आरआरआईको दृष्टिकोण समुदायको दीर्घकालीन नेतृत्वलाई सक्षम बनाउने अनि सञ्जाल, प्राविधिक सहयोग र साझा सिकाइमार्फत् उनीहरूका रणनीतिलाई थप उचाइ प्रदान गर्ने छ।

# लाइबेरिया: कोसेढुङ्गा बनेको कानुनलाई दिगो परिवर्तनमा रूपान्तरण

लाइबेरियाको सन् २०१८ को भूमिअधिकार ऐनले पश्चिम अफ्रिकी भूमिप्रशासनमा एक ऐतिहासिक मोडको प्रतिनिधित्व गर्‍यो। यो ऐन उक्त क्षेत्रको पहिलो कानुनी दस्तावेज हो जसले परम्परागत भूमिअधिकारलाई औपचारिक कागजातको आवश्यकताबिना कानुनी मान्यता दिएको छ। दीर्घकालीन राष्ट्रिय परामर्शपछि पारित गरिएको यस ऐनले भूमि स्वामित्वलाई चारवटा श्रेणीमा वर्गीकृत गर्दै ग्रामीण समुदाय र महिलाहरूलाई भूमिप्रशासनमा समान अधिकार सुनिश्चित गरेको छ।

यस ऐनको विकासमा भूमिसम्बन्धी न्यायका लागि प्रतिबद्ध राष्ट्रिय गैरसरकारी संस्था र समाजको तल्लो तप्काका सङ्गठनहरूको एक सञ्जाल अर्थात् भूमिअधिकारका लागि नागरिक समाजका संस्थाहरूको समूहको महत्त्वपूर्ण भूमिका थियो। यस समूहले राष्ट्रव्यापी परामर्शहरूको समन्वय, समावेशी कानुनी संरक्षणको पैरवी र आरआरआईजस्ता अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गरेर समुदायको आवाज समावेश भएको कानुनी खाका सुनिश्चित गर्‍यो।

तर कानुन बने पनि कार्यान्वयनमा चुनौतीहरू यथावत् छन्। यस खाडल पूर्ति गर्न आरआरआईले महत्त्वपूर्ण कदम अघि सारेको छ। यसले ग्रीन एड्भोकेट्स (Green Advocates), दिगो विकास संस्था (Sustainable Development Institute - SDI), राइट्स एन्ड राइस फाउन्डेशन (Rights and Rice Foundation), सामुदायिक पहल प्रतिष्ठान (Foundation for Community Initiative - FCI) र सेस्डेभ (SESDev) जस्ता संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय क्षमता विकास, परम्परागत अभ्यासहरूको दस्तावेजीकरण र समुदायहरूलाई लाइबेरिया भूमि प्राधिकरणसँग संवाद गर्न सशक्त बनाउने कार्य गरिरहेको छ। सन् २०२२ सम्ममा दिगो विकास संस्थाले परम्परागत भूमिसम्बन्धी नियम कार्यान्वयनका लागि नियमावलीलाई अन्तिम रूप दिन सहयोग पुर्‍याएको थियो। साथै यसले भूमिप्रशासनसम्बन्धी एकीकृत सूचना केन्द्रको स्थापना प्रक्रियामा पनि सहकार्य गर्‍यो।

**"कानुन प्रगतिशील थियो, तर यसको व्यवहारिक कार्यान्वयन अझै जटिल छ। धेरै समुदायहरू अझै पनि आफ्नो अधिकारबारे अनभिज्ञ छन्।"**

— मीना बियान, सेस्डेभ

आरआरआईको सहयोगमा सञ्चालित कार्यशाला तथा संवादहरूले समुदायहरूलाई आफ्नो क्षेत्र नक्साङ्कन गर्न, आन्तरिक विवाद समाधान गर्न र प्रशासनसम्बन्धी संहिता विकास गर्न सहायता गरेका छन्। यी प्रयासहरू ऐनलाई व्यवहारिक लाभमा रूपान्तरण गर्ने प्रयासको हिस्सा हुन्।

लैङ्गिक न्याय पनि यस रणनीतिको केन्द्रविन्दुमा थियो। लक्षित कार्यक्रमहरूमार्फत् महिलाहरूलाई आफ्नो भूमिअधिकार बुझ्न, दाबी गर्न, निर्णय प्रक्रियामा प्रभाव जमाउन र समुदायको नेतृत्वलाई जवाफदेही बनाउन प्रशिक्षण प्रदान गरिएको छ।

**"जब हामीलाई सुरक्षित स्थान प्रदान गरिन्छ, हामी स्वतन्त्र रूपमा सिक्न, योजना बनाउन र सहकार्य गर्न सक्छौँ। हामी महिलाका मुद्दाको कसरी अभिलेखीकरण गर्ने र एकअर्कालाई सशक्त रूपमा सहयोग कसरी गर्ने भन्ने कुरा सिकिरहेका छौँ।"**

— लोरेटा एलेथा पोप, कार्यकारी निर्देशक, सामुदायिक पहल प्रतिष्ठान (Foundation for Community Initiatives - FCI) तथा विग्सा सदस्य



पुस्तौँदेखि भूमिको संरक्षण गर्दै आएका माउन्ट एल्गोनको आदिवासी ओगिकको परम्परागत क्षेत्रको ड्रोन फुटेज।
अधिकार र स्रोत पहलका लागि टोनीवाइल्ड फोटोग्राफी, २०२२ द्वारा तस्बिर।

# केन्या: पुर्ख्यौली भूमिमा पुन: दाबी गर्दै सांस्कृतिक जीवनको प्रतिरक्षा

केन्याको सन् २०१० को संविधानले भूमिप्रशासनमा नयाँ युगको आधार तयार गर्‍यो। यसले सामुदायिक भूमिलाई मान्यता दियो र यसलाई सुरक्षित गर्न आवश्यक कानुन निर्माण गर्न निर्देशन प्रदान गर्‍यो। यसको परिणामस्वरूप सन् २०१६ को सामुदायिक भूमि ऐन लागू गरियो, जसले समुदायहरूले सामूहिक रूपमा प्रयोग गर्दै आएको भूमि दर्ता गर्न र व्यवस्थापन गर्न कानुनी प्रक्रिया स्पष्ट बनायो। यो ऐन

"सुरुदेखि नै आरआरआईको सहयोग महत्त्वपूर्ण रह्यो। यो सहयोग केवल प्राविधिक र वित्तीय मात्र नभई समुदायहरूलाई परिचालन गर्न र उनीहरूको आवाज निर्णय प्रक्रियामा समावेश गर्नमा पनि निर्णायक रह्यो। यस प्रारम्भिक साझेदारीले पैरवीलाई रणनीतिक संलग्नतामा रूपान्तरण गर्न मद्दत गऱ्यो, जसले लाइबेरिया र अन्तर्राष्ट्रिय स्तरमा समुदायका आवाज सुन्ने मात्र होइन, तिनीहरूमा कारबाही पनि सुनिश्चित गऱ्यो।"

सिलस सिआकोर,
लाइबेरियाली अभियन्ता,
२००६ का गोल्डम्यान वातावरण पुरस्कार विजेता

ऐतिहासिक रूपमा बहिष्कृत गरिएका गोठाला, आदिवासी र कृषि-गोठाला समुदायहरूका अधिकारलाई सुरक्षित गर्ने उद्देश्यले बनाइएको हो।

तर यस कानुनको कार्यान्वयन सुस्त र असमान रहँदै आएको छ। यसका प्रमुख कारणमा प्रशासनिक जटिलता, जनचेतनाको अभाव तथा सीमित स्रोतसाधन रहेका छन्। यद्यपि केन्याको गोठाला क्षेत्रका मासाई समुदायजस्ता समूहहरूले यसबीचमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेका छन्।

आदिवासी जीविका अभिवृद्धि साझेदार - इलेपा (Indigenous Livelihoods Enhancement Partners - ILEPA) का निर्देशक तथा मासाई नेता किमारन ओले रियामिट आरआरआईको सहयोग महत्त्वपूर्ण रहेको बताउँछन्,"हाम्रो सङ्घर्ष पुस्तान्तरगत हो। राम्ररी दस्तावेज गरिएको प्रमाण र सामुदायिक नेतृत्वको पैरवी अपरिहार्य छन्। आरआरआईको सहयोगले यो सम्भव बनायो।"

इलेपा र आरआरआईको सहयोगमा अगाडि बढाइएको एउटा ऐतिहासिक मुद्दामा मासाई समुदायहरूले माजी मोटो क्षेत्रमा बाह्य पक्षद्वारा अनधिकृत रूपमा कब्जा गरिएको भूमि वर्षौंको प्रतिरोधपछि पुन: प्राप्त गर्न सफल भए। आरआरआईको आर्थिक सहयोगले कानुनी परामर्श, दस्तावेजीकरण र सामुदायिक परिचालन सम्भव बनायो, जसले अन्तत: अदालतबाट उक्त भूमि समुदायको साँचो संरक्षकमा फिर्ता गर्ने फैसला गरायो।

यो जितले समुदायका लागि पूर्वजहरूको भूमि र सम्मान पुन: प्राप्त गर्नुको गहिरो सांस्कृतिक र प्रतीकात्मक अर्थ बोकेको थियो। यसले यस क्षेत्रका अन्य आदिवासी समुदायहरूलाई पनि नयाँ आत्मविश्वासका साथ आफ्नो भूमि अधिकारको दाबी गर्ने प्रेरणा दिएको छ।

**"आरआरआईले परियोजनालाई सहयोग मात्र गर्दैन - यसले आन्दोलन निर्माण गर्छ। आरआरआईको आडभरोसामा हामीले प्रमाण सङ्कलन गऱ्यौं, तल्लो तहको सामर्थ्य विकास गऱ्यौं र हाम्रो समुदायबाट खोजिएको जमिन फिर्ता ल्यायौं।"**

—किमारन ओले रिआमिट, मासाई नेता तथा संस्थापक, इलेपा (ILEPA)

## प्रजातान्त्रिक गणतन्त्र कङ्गो : स्थानीय नेतृत्वको पैरवीमार्फत् कानुनी सुधार

प्रजातान्त्रिक गणतन्त्र कङ्गो विश्वको दोस्रो ठूलो उष्णप्रदेशीय वनक्षेत्र भएको देश मात्र नभई जलवायु परिवर्तनविरुद्धको विश्वव्यापी लडाइँका लागि पनि एक महत्त्वपूर्ण क्षेत्र हो। यी विशाल वनहरूले देशका संवेदनशील आदिवासी र स्थानीय समुदायहरूलाई आश्रय दिइरहेका छन्, जसको जीविकोपार्जन सीधै भूमिमा निर्भर छ। सन् २०१२ देखि आरआरआईले कङ्गोमा एक सशक्त साझेदारी सञ्जाललाई सहयोग गर्दै आएको छ, जसले विकसित हुने क्रममा रहेका भूमिअधिकार कानुनहरूमा प्रभाव पार्दै नीतिगत सुधारको नेतृत्व गरिरहेको छ।

सन् २०१३ मा कङ्गोको सरकारले राष्ट्रिय भूमिसुधार आयोग (CONAREF) गठन गऱ्यो, जसले समावेशिता, विकेन्द्रीकरण, वातावरणीय र मानव अधिकारका साथै महिला तथा अल्पसङ्ख्यकहरूको अधिकारको सम्मानका सिद्धान्तमा आधारित रही भूमिसुधार व्यवस्थापन गर्न थालेको छ। सन् २०१४ मा सरकारले एउटा नयाँ आदेश जारी

गरी समुदायहरूलाई संरक्षण र जीविकोपार्जनको उद्देश्यका लागि कानुनी रूपमा मान्यताप्राप्त सामुदायिक वनसम्बन्धी सहुलियत प्राप्त गर्न सम्भव बनायो।

यस पहलको विकास, परीक्षण र विस्तारमा आरआरआईका विभिन्न सदस्य संस्थाहरू (Congolese Resources Institute - CRI, Dynamique des Groupes des Peuples Autochtones - DGPA, Centre d'Appui à la Gestion Durable des Forêts Tropicales - CFLEDD, Centre for Innovation in Indigenous and Sustainable Development - CTIDD, Ligue nationale des associations autochtones Pygmées du Congo - LINAPYCO, र Conseil pour la défense environnementale par la Légalité et la Traçabilité - CODELT) ले टेन्यर फसिलटीसँग सहकार्य गर्दै निर्णायक भूमिका खेले। सन् २०२५ को अप्रिलसम्म कङ्गो सरकारले करिब ४० लाख हेक्टर क्षेत्रफलमा २०२ वटा सामुदायिक वनमा तदनुरूपको सहुलियत प्रदान गरिसकेको छ।

विशेषत: कङ्गो सरकारले राष्ट्रिय भूमि नीतिको मस्यौदामा सुधार गर्न सुझाव दिन औपचारिक रूपमा आमन्त्रण गरेको एक मात्र अन्तर्राष्ट्रिय सञ्जाल आरआरआई नै थियो। यसले प्रस्तुत गरेका सामूहिक स्वामित्व अधिकारलाई स्पष्ट र सुदृढ गर्नेसम्बन्धी सबै सिफारिसलाई अन्तिम नीतिमा समावेश गरिएको थियो। साथै सीएफएलईडीडीको नेतृत्वमा भएको पैरवीपछि सरकारले उक्त नीतिमा लैङ्गिक समानता समावेश गर्ने प्रतिबद्धता जनायो र यसले सन् १९७३ यता अद्यावधिक नभएको भूमि दर्ता प्रणालीमा महिलाको अधिकारलाई केन्द्रविन्दुमा ल्यायो।

कङ्गोमा आरआरआईको सञ्जालले प्राप्त गरेका दुई थप ऐतिहासिक सफलता पनि उल्लेखनीय छन्। पहिलो, सन् २०२२ मा त्यहाँको संसद्ले आदिवासी पिग्मी जनताको अधिकार संरक्षण र प्रवर्द्धन गर्ने ऐतिहासिक विधेयक पारित गऱ्यो। अनि दोस्रो, सन् २०२३ मा लामो समयदेखिको पैरवीपश्चात् राष्ट्रिय सभाले भूमि उपयोग योजनासम्बन्धी महत्त्वपूर्ण ऐन पारित गऱ्यो।



आदिवासी पिग्मी महिलाहरू एकतामा एकसाथ उभिएका छन्, DRC। तस्बिर: EnviroNews RDC for Rights and Resources Initiative, २०२४।

> "हामीलाई थाहा छ कि सबै कुरा तुरुन्तै परिवर्तन हुँदैन र कानुनको कार्यान्वयनमा समय लाग्छ। तर कम्तीमा हामीसँग अब आफ्ना अधिकार कार्यान्वयन गर्नका लागि थप कानुनी उपकरणहरू उपलब्ध छन्।"
>
> प्याट्रिक सइदी, संयोजक, डीजीपीए (कङ्गोका आदिवासी पिग्मीसम्बन्धी ऐनबारे)

## शक्ति तथा भूमिसम्बन्धी न्यायमा महादेशीय परिवर्तनतर्फ

यी विविध र ऐतिहासिक उपलब्धिहरूलाई एउटै साझा ढाँचाले जोड्छ, त्यो हो समुदायलाई केन्द्रमा राखेर आरआरआईद्वारा तिनलाई प्रतिस्थापन होइन, सशक्तीकरण गर्ने। यस ढाँचाको परिणाम केवल कानुनी कागजातमा बलियो अधिकार मात्र होइन, तल्लो तप्कादेखि नै जानकार, सुसङ्गठित र लचिला आन्दोलनहरूको निर्माण पनि हो।

अब अगाडि हेर्दा, स्थानीय नेतृत्वले दीर्घकालीन र निरन्तर लगानीको आवश्यकतालाई जोड दिएका छन्। लाइबेरियाकी मीना बियान १५ पश्चिम अफ्रिकी राष्ट्रहरूको राजनीतिक तथा आर्थिक सङ्गठन (इकोवास) जस्ता क्षेत्रीय निकायहरूसँग थप सहकार्यको आवश्यकता औंल्याउँछिन्। साथै भूमिप्रशासन सुधारको कार्यान्वयनमा सहयोग पुऱ्याउने थप स्रोत र प्राविधिक सहयोगको माग पनि गर्छिन्। केन्याका किमारन ओले रियामिट भूमि रक्षकहरूको सुरक्षा सुनिश्चित गर्नु र सार्वजनिक हितका लागि कानुनी सहायता प्रणालीको विस्तार गर्नु अत्यन्त जरुरी रहेको बताउँछन्। प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा नागरिक समाजका समूहहरूले परम्परागत भूमिप्रशासन प्रणालीको पूर्ण मान्यता र आवश्यक स्रोतहरूको सुनिश्चितताका लागि पैरवी जारी राखेका छन्।

# एशियामा
## जमिन तथा जलवायुको भविष्य सुनिश्चित गर्ने समुदायहरू





नेपालको श्री बिन्देश्वरी सामुदायिक वनमा रहेको झाडीबाट हरियाली काट्दै स्थानीय महिला। अधिकार र स्रोत पहलका लागि आशा स्टुअर्टद्वारा तस्बिर। मार्च २०२५।

एशियाभरि नै राज्यको अवलेहना तथा खानीसम्बन्धी उद्योगहरूको दबावका बीच आदिवासी तथा स्थानीय समुदायहरूले आफ्ना भूमि, संस्कृति तथा वनक्षेत्रको लामो समयदेखि संरक्षण गर्दै आएका छन्। इन्डोनेशिया र नेपालजस्ता देशमा यी समुदायहरूले उल्लेख्य उपलब्धि पनि पाइरहेका छन्। यसका पछाडि उनीहरू एक्लै नभई आरआरआईजस्ता सञ्जालका सदस्यहरू पनि छन् र उनीहरूको दुई दशकको सहयोगले यी समुदायलाई शक्तिसन्तुलनलाई न्यायतर्फ अगाडि बढाउन सहयोग मिलेको छ।

## इन्डोनेशिया: कानुन तथा व्यवहारमा परम्परागत अधिकारको आधार

विश्वमा सबैभन्दा धेरै आदिवासी जनसङ्ख्या रहेका देशहरूमध्ये एक इन्डोनेशियामा त्यहाँ भूस्वामित्वको अधिकारको सुरक्षित सुनिश्चितता अझै पनि चुनौतीपूर्ण विषय हो। पाम तेल, खानी र काठ उद्योगहरूसँग सम्बन्धित द्वन्द्वहरूले यो चुनौती झनै जटिल बनाएका छन्। लामो समयदेखि, सरकारले देशको करिब ७० प्रतिशत भूमि नियन्त्रणमा लिएको दाबी गर्दै यसलाई "राज्य वन" को रूपमा वर्गीकृत गर्दै आएको थियो। तर सन् २०१३ मा इन्डोनेशियाको संविधानिक अदालतको एक ऐतिहासिक फैसला (एमके३५) ले यो दाबी खारेज गर्दै "परम्परागत वनहरू राज्य वन होइनन्" भन्ने मान्यता दियो। यो निर्णय आदिवासी समुदायहरूको भूमिअधिकारलाई कानुनी रूपले मान्यता दिने मार्गको ढोका खोल्ने प्रमुख उदाहरण बन्यो।

> "आरआरआई को निरन्तर सहयोगले हामीलाई स्पष्ट ढाँचाहरू तयार गर्न सहयोग पुऱ्यायो, जसले समुदायहरूलाई सरकार र अन्तर्राष्ट्रिय सरोकारवालासँग प्रभावकारी रूपमा संवाद गर्न सशक्त बनायो। आरआरआईले अनुसन्धान, पैरवी र आदिवासीहरूसँग साझेदारी कसरी गर्ने भन्ने मापदण्ड नै स्थापना गऱ्यो। उनीहरूले हामीलाई नेतृत्व गर्न स्थान दिए, हाम्रो ज्ञानमाथि विश्वास गरे र अरू कोही नहुँदा पनि हामीसँग उभिए।"
>
> रुका सोम्बोलिङ्गी,
> महासचिव, अमान

सन् २०१६ मा पर्कुम्पुलान हुमा (Perkumpulan HuMa) ले 'एमके३५' को कार्यान्वयनमा राष्ट्रिय स्तरमा अदात वन (परम्परागत वन?) को मान्यता दिलाउने पहललाई तीव्र पाऱ्यो। कानुनी अनुसन्धान, पैरवी र सार्वजनिक संलग्नतामार्फत् यस संस्थाले एक राष्ट्रिय निर्देशिका तयार गऱ्यो र मन्त्रालयीय निर्णय नम्बर ६७४७ को मस्यौदा तयार गर्न सहयोग पुऱ्यायो। यसकै प्रयासका कारण राष्ट्रपति जोकोवीले सन् २०१६ मा १३,१२२ हेक्टर क्षेत्रफल ओगटेका नौ वटा अदात वन (परम्परागत वन)लाई औपचारिक मान्यता दिए र यो आदिवासी भूमिअधिकारको क्षेत्रमा अर्को ऐतिहासिक मोड साबित भयो।

आरआरआईको रणनीतिक र वित्तीय सहयोगका साथ अमानले पहिले राज्यको नियन्त्रणमा रहेका ३००,००० हेक्टरभन्दा बढी पुर्ख्यौली भूमिको कानुनी मान्यता दिलाउन सफल भयो। यसले स्थानीय स्तरका प्रयासहरूलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय नीति प्रक्रियासँग जोड्न पनि महत्त्वपूर्ण भूमिका खेलेको छ। त्यस्ता समुदायहरूमध्ये एक बालीस्थित "मस्याराकात अदात दालेम ताम्ब्लिङ्गन (एमएडीटी)" हो। यस समुदायले आफ्नो पुर्ख्यौली वन पुन: प्राप्त गर्न र अनधिकृत दोहनबाट जोगाउन वर्षौंदेखि सङ्घर्ष गर्दै आएको छ।



कोलम्बियाको अमेजन वर्षावनमा एक महिला आफ्नो पछाडि बाँधिएको टोकरीमा केरा सङ्कलन गर्दै उभिरहेकी छिन्।
तस्बिर: अमेजन संरक्षण टोली।

बालीको मध्योत्तर क्षेत्रमा ३०० वर्ष पुराना वन र विश्वमा अन्यत्र कतै नपाइने केहीलगायत हजारौँ वनस्पति प्रजातिहरूको बीचमा अवस्थित एमएडीटीको क्षेत्रमा १७ वटा मन्दिरहरू छन्। यी मन्दिरहरू समुदायको प्राकृतिक सन्तुलनसँगको पारस्परिक सम्बन्ध झल्काउने माध्यम हुन्। उनीहरूको "पागेम गामा तिर्ता" (Piagem Gama Tirta) नामक विश्वास प्रणालीले पानीप्रतिको श्रद्धा र प्रकृतिसँगको सहअस्तित्वलाई व्यक्त गर्छ।

**"हामी हाम्रो अभ्यासलाई संरक्षण भन्दैनौँ, यो त हाम्रो दैनिक बानी हो र यो नै हाम्रो अस्तित्व हो।"**

— पुतु विल्ली सुपुत्र, एमएडीटी युवा पथप्रदर्शक



नेपालको काठमाडौंमा भएको दोस्रो रणनीतिक बैठकमा वुमन इन ग्लोबल साउथ एलायन्स (WiGSA) का सदस्यहरूले स्थानीय समुदायका सदस्यहरू र सामुदायिक वन प्रयोगकर्ता समूहका नेताहरूसँग तस्बिर खिचाउँदै। अधिकार र स्रोत पहल, २०२४ का लागि सन्देश चौधरीद्वारा तस्बिर।

अमानको सहयोग र आरआरआईको रणनीतिक संलग्नतासँगै एमएडीटी समुदायले आफ्नो परम्परागत भूमिअधिकार कानुनी रूपमा सुरक्षित गरेको छ र हाल आध्यात्मिक दायित्वमा आधारित परम्परागत शासन प्रणालीअन्तर्गत क्षेत्रको व्यवस्थापन गरिरहेको छ। यो समुदाय जैविक विविधता र जलस्रोत संरक्षण गर्दै, अवैध विकास रोकेर, ताम्ब्लिङ्गनको पवित्र वन क्षेत्रलाई जोगाउने आदिवासी नेतृत्वमा आधारित संरक्षणको एक उदाहरणीय स्वरूप बन्न पुगेको छ। भूमिअधिकारसँगै पारम्परिक कानुनको सुनिश्चितता गरेर एमएडीटीका अगुवाहरूले सामुदायिक स्वामित्व केवल प्राकृतिक सहनशीलता मात्र होइन, सांस्कृतिक पुनर्जागरणको पनि आधार हो भन्ने कुरा पुष्टि गरेका छन्।

सन् २०२४ मा इन्डोनेशियाको आईसीसीएएस कार्यसमूहले देशको राष्ट्रिय नीतिमा आदिवासी तथा समुदायको नेतृत्वमा आधारित संरक्षणलाई प्रवर्द्धन गर्न अग्रणी भूमिका खेल्यो। यस पैरवीले राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्य योजनामा समुदायमा आधारित भूमिप्रशासनलाई समावेश गराउने अनि राष्ट्रसङ्घीय जैविक विविधता संरक्षण महासन्धिका पक्षराष्ट्रहरूको १६औँ सम्मेलन (सीबीडी कोप१६)मा इन्डोनेशियाको दृष्टिकोण परिवर्तन गराउन सघायो। कोपमा इन्डोनेशियाले धारा ८ (जे) सम्बन्धी स्थायी उपसमितिको समर्थन गर्दै जैविक विविधता शासनमा आदिवासी सहभागिता सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गऱ्यो।

यी कदमहरूले हाल १४२ वटा समुदायद्वारा सञ्चालित २७४ वटा आदिवासी तथा सामुदायिक संरक्षित क्षेत्र (आईसीसीए) को हैसियतलाई थप औपचारिकता र मान्यता दिएका छन्। यसले ती समुदायहरूलाई जैविक विविधताको प्रमुख संरक्षकका रूपमा स्थापित गरेको छ।

## नेपाल: समानता तथा जलवायुसम्बन्धी क्रियाकलापको केन्द्रमा सामुदायिक वन

नेपालमा धेरै संस्थाहरू समावेशी वन प्रशासनलाई बलियो बनाउन अथक रूपमा काम गर्छन्। यहाँको सामुदायिक वन कार्यक्रमलाई विश्वभरि नै सफल मानिएको छ। यहाँ २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरूले देशको कुल वनक्षेत्रको झन्डै ३० प्रतिशत अर्थात् २२ लाख हेक्टर वन व्यवस्थापन गर्छन्।

"हाम्रो अभियानमा सहयोग गर्दै, हाम्रो नेतृत्व विकास गर्दै र हाम्रो आवाजलाई राष्ट्रिय तथा क्षेत्रीय मञ्चहरूमा पुऱ्याउँदै आरआरआई हाम्रा लागि महत्त्वपूर्ण साझेदार बनेको छ। यसको सहयोगका कारण महिलाहरूले सामुदायिक वनमा नेतृत्वदायी भूमिका पाएका मात्र छैनन्, उनीहरूले संरक्षणको बुझाइ नै बदलिदिएका छन्," वाग्मती प्रदेशसभाकी सदस्य तथा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन) की पूर्वअध्यक्ष भारती पाठक भन्छिन्।

यद्यपि यहाँ पनि चुनौतीहरू बाँकी नै छन्। उचाइमा रहेका र झन्डै ३३ लाख हेक्टर क्षेत्रफल ओगटेका चरन क्षेत्रहरूले अझै मान्यता पाएका छैनन् भने संरक्षित क्षेत्रमा प्रस्तावित विस्तारले सामुदायिक स्वामित्वमा जोखिम उत्पन्न गराएका छन्।

"हामीलाई बलिया संस्थाहरू, महिलाको नेतृत्वका सङ्गठनका लागि प्रत्यक्ष सहयोग अनि सरकार एवं निजी क्षेत्रसँग वार्ताका लागि हाम्रो क्षमता अभिवृद्धि गर्न दीर्घकालीन लगानी आवश्यक छ। वन कसरी जोगाउने भन्ने कुरा समुदायलाई थाहा छ तर अब हामीलाई विश्वले सुनिदिनुपर्छ र त्यसअनुसार लगानी गर्नुपर्छ," भारती थप्छिन्।

सन् २०२३ मा नेपालको आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र (सिप्रेड - CIPRED) ले चुमनुब्रीमा प्रचलित आदिवासी प्रशासन तथा उपचार पद्धतिलाई कानुनी मान्यता दिलाउन सहयोग गर्‍यो। यस गाउँपालिकाले औपचारिक रूपमा नै श्यान्या र आम्ची अभ्याससम्बन्धी ऐन पारित गर्दै राष्ट्रिय संरक्षण क्षेत्रभित्रको चुम्बा समुदायको परम्परागत अभ्यासलाई मान्यता दिएको छ। नेपालका तात्कालिक प्रधानमन्त्री दाहालले औपचारिक रूपमा घोषणा गरेको यो मान्यता एउटा महत्त्वपूर्ण कानुनी सफलताको रूपमा रहेको छ। सिप्रेडको पैरवी तथा कानुनी विज्ञताको सहयोगमा प्राप्त यो उपलब्धि अधिकारमा आधारित संरक्षण र आदिवासी स्वायत्त प्रशासनको नजिर बनेको छ।

यसैबीच नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन) ले सोलुखुम्बु जिल्लाका तीन पालिकाहरूमा फैलिने गरी सरकारले प्रस्ताव गरेको मेरापीक राष्ट्रिय निकुञ्ज स्थापनाको पहललाई रोकिदिएका छन्। स्वतन्त्र, पूर्व तथा सुसूचित सहमतिबिना नै केही आदिवासी जनजातिले परम्परागत रूपमा दाबी गर्दै आएको क्षेत्रमा निकुञ्ज बनाउने बताइएको थियो। आरआरआईको सहयोगमा महासङ्घले उक्त जिल्लाका हरेक गाउँबस्तीमा नेताहरू परिचालन गरी जनचेतना जगाउने र परामर्श प्रवर्द्धन गर्ने काम गरेको थियो।

ग्रीन फाउन्डेशन नेपाल (जीएफएन) सामुदायिक उद्यम र जीविकाका क्षेत्रमा कार्यरत छ। सन् २०१२ यता यसले विविध सरोकारवालाहरूको संवाद, दिगो स्रोत व्यवस्थापन, सहभागितामूलक अनुसन्धान, नीतिगत तथा सञ्चारमाध्यममार्फत् पैरवी अनि हरित उद्यम विकासको सहजीकरण गर्दै देशभरिका किसान एवं वनमा आश्रित समुदायका सङ्गठनहरूको सशक्तीकरण गर्दै आएको छ। यसको ‘सामुदायिक वन उद्यम’ परियोजनामार्फत् जीएफएनले अन्य विधिका तुलनामा समुदायमा आधारित वन व्यवस्थापनको प्रभावकारिता बढी रहेको र यसले स्थानीय जीविकालाई पनि उन्नत बनाउने तथ्य पत्ता लगाएको छ।

नेपालमा महिला अधिकार तथा स्रोत सञ्जाल (डब्ल्यूआरआरएन)ले लैङ्गिक समानता तथा अधिकारमा आधारित नीतिको पैरवी गर्दै महिला सशक्तीकरण गर्ने र प्राकृतिक स्रोतसाधनको व्यवस्थापन, संरक्षण एवं उपयोगमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखेको छ। सन् २०२१ यता यसले सिकाइ आदानप्रदान कार्यशालाहरू आयोजना गरेको छ,  महिलाको नेतृत्वका उद्यमलाई सहयोग गर्नाको महत्त्वबारे संवादको नेतृत्व गरेको छ अनि कृषिवन एवं निगरानीबारे सामुदायिक तालिमहरू आयोजना गरेको छ। .

## स्थानीय स्तरको तल्लो तप्काबाट माथि उठ्ने आन्दोलन निर्माण

एशियाका सामुदायिक अगुवाहरू स्वामित्वको अधिकार सुनिश्चित गर्न कानुनी परिवर्तनबाहेक अन्य कुरा पनि आवश्यक रहेको कुरामा जोड दिन्छन्। अर्थात् यसका लागि दिगो सङ्गठन,  तथ्याङ्कमा पहुँच, समावेशी नेतृत्व तथा दीर्घकालीन साझेदारी आवश्यक पर्छ। इन्डोनेशिया तथा नेपालका यी अनुभवहरूले स्थानीय नेतृत्व र रणनीतिक ऐक्यबद्धताको सामञ्जस्यमा केके सम्भव हुन्छ भन्ने कुरा देखाउँछन्।

# ल्याटिन अमेरिकामा

## केन्द्रमा स्वामित्वको अधिकार, नेतृत्व तथा भौगोलिक शासन





पेरुको वेपान्कुनी समुदायका आदिवासी आशानिन्का महिलाहरू। अधिकार र स्रोतसाधन पहलका लागि जुआन लास्का द्वारा तस्बिर, २०२४।

ल्याटिन अमेरिकामा आरआरआईको कामले भूस्वामित्व अधिकार, स्वनिर्णयको अधिकार र समुदायको नेतृत्वमा आधारित शासनप्रणालीको निरन्तर पैरवीलाई दर्शाउँछ। ग्वाटेमालादेखि ब्रजिल र एन्डीज क्षेत्रदेखि मेसोअमेरिकाका वनहरूसम्म, आरआरआईले आफ्ना साझेदारहरूको कानुनी जितलाई व्यवहारमा आधारित भूशासन प्रणाली, जलवायु समाधान र संरक्षण अभ्यासमा रूपान्तरण गर्न केन्द्रिय भूमिका खेलेको छ।

## ग्वाटेमाला

ग्वाटेमालामा सन् २००७–२००८ मा आरआरआईले पहाडी आदिवासी सङ्गठनहरू र समथर भूभागका 'मेस्टिजो' वन उपभोक्ता समूहहरूबीच ऐतिहासिक सहकार्य स्थापना गर्न सहयोग पुऱ्यायो। यो सञ्जालले राष्ट्रिय नीतिगत संवादमा सामूहिक वन अधिकारको रक्षार्थ सशक्त प्रभाव देखायो र विश्वप्रशंसित पेटेन समादायिक वन सहुलियत ढाँचालाई थप सुदृढ बनायो। सन् २०२१–२०२३ मा आरआरआईको रणनीतिक प्रतिक्रिया संयन्त्र (एसआरएम) मार्फत् पेटेन वन समुदायको सङ्गठन (एकोफोप- ACOFOP) लाई सहुलियतसम्बन्धी तीन ओटा व्यवस्थाको २५ वर्षे नवीकरण गराउन र दुई नयाँ सहुलियत व्यवस्था थप्न सहयोग गरियो। यसबाट ७०,००० हेक्टर नयाँ भूमि समुदायको व्यवस्थापनमा गयो र ५०,००० भन्दा बढी मानिस लाभान्वित भए।

त्यस्तै, ४० वर्षभन्दा लामो सङ्घर्षपछि सन् २०२२ को फेब्रुअरीमा आरआरआईको एसआरएमको सहयोगमा इन्डिअन ल रिसोर्स सेन्टरले माया क्वेक्ची अग्वा क्यालिन्टे (Maya Q'eqchi' Agua Caliente) आदिवासी समुदाय र ग्वाटेमाला सरकारबीचको एक मुद्दा अन्तरअमेरिकी मानवअधिकार अदालतमा दायर गऱ्यो। सन् २०२३ डिसेम्बरमा उक्त समुदायले ऐतिहासिक जित प्राप्त गऱ्यो। अदालतले समुदायको भूमिमा खानीको काम रोक्न आदेश दियो र आदिवासीको स्वामित्वसम्बन्धी अधिकारलाई कानुनी रूपमा मान्यता दिने नयाँ कानुन बनाउन सिफारिस गऱ्यो। सरकारलाई छ महिनाभित्र जमिनको स्वामित्व प्रमाणपत्र प्रदान गर्न पनि आदेश दिइयो।

## बोलिभिया

बोलिभियामा आरआरआईको संलग्नता २०१३–२०१४ बाट सुरु भयो। त्यति बेला यसले आदिवासी र किसान (campesino) सङ्गठनहरूलाई सन् २००९ को संविधानमा प्रदान गरिएको स्वशासनको अधिकार कार्यान्वयन गर्न सहयोग पुऱ्यायो। त्यति बेला विशेष गरी वनमा आधारित महिला नेतृत्व भएका उद्यमहरू, जस्तै ब्रजिल नट सहकारी र काठ समूहहरूलाई सशक्त बनाउने कार्यमा लैङ्गिक न्यायलाई प्रमुख प्राथमिकता दिइएको थियो। सन् २०१७–२०१९ मा आरआरआईले देशको पहिलो आधिकारिक आदिवासी स्वशासित क्षेत्र चारग्वा ल्याम्बे (Charagua Iyambae) मा शासन सुदृढीकरणमा योगदान पुऱ्यायो। सन् २०२३ सम्ममा सेजिस (CEJIS - Centro de Estudios Jur�dicos e Investigaci�n Social) र बोलिभियाका आदिवासी महिलाको राष्ट्रिय महासङ्घ (National Confederation of Indigenous Women of Bolivia) सँगको सहकार्यमा आरआरआईले त्यहाँको बहुजातीय आदिवासी क्षेत्र बेनीमा १ लाख ८१ हजार १३० हेक्टर भूमिको स्वामित्व सुरक्षित गर्न सहयोग गऱ्यो। यसबाट मोजेना त्रिनितारिओ, मोजेनो इग्नासिआनो, मोभिमा, युराकेअर र सिमाने जनजाति लाभान्वित भए।



पेरुको बाजो क्विमिरिकीमा प्रारम्भिक चेतावनी र कार्य प्रणाली सम्बन्धी प्रशिक्षण कार्यशालाका सहभागीहरू।
तस्बिर: AIDESEP-पेरु।

## पेरु

पेरूमा आरआरआई र अइडेसेप (AIDESEP)बीचको सहकार्य वर्षौंदेखि विस्तार हुँदै आएको छ। सन् २०१४ मा आरआरआईले इन्स्टिट्यूटो डेल बीन कम्यून (Instituto del Bien Com�n) सँग मिलेर पेरू, एक्वडोर र कोलम्बियामा तेल र ग्यास निकाल्न अनुमतिप्राप्त साझा भूमिरूको नक्साङ्कन गऱ्यो र स्वतन्त्र, पूर्व एवं सुसूचित सहमतिको अधिकारको दाबीलाई बलियो पार्ने काम गऱ्यो। लिमामा भएको राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धिका पक्षराष्ट्रहरूको २०औँ सम्मेलन (कोप २०)मा आरआरआईले आदिवासी सङ्गठनहरूको आवाज जलवायु समाधानको रूपमा तथा भूमिअधिकार प्रवर्द्धनमा उजागर गऱ्यो। सन् २०१७–२०१९ मा आरआरआईले आदिवासी संस्थाहरूको एन्डीज क्षेत्रको संयोजक (Andean Coordinator of Indigenous Organizations) नामक सञ्जाल र महिला सञ्जालहरूसँग मिलेर खाद्य सार्वभौमिकता र पुर्ख्यौली ज्ञानमा आधारित कृषि उद्यमहरूलाई सहयोग गऱ्यो।

आरआरआई र आइडेसेपले पेरूभित्रका एमजन क्षेत्रका २७ जातीय समूहका २६३ आदिवासी महिलाको नेतृत्व र राजनीतिक सहभागिता सुदृढ गरे। यी महिलाहरूलाई डिजिटल उपकरण प्रयोगमा तालिम दिइयो, जसले कोरिबेनी, मैरिडिकाई, रिओ बेर्था र ऐरिजा समुदायहरूमा एकीकृत कृषि प्रणाली विकासमा मद्दत गऱ्यो। हालसालै आरआरआई र आइडेसेपले राष्ट्रिय तथा क्षेत्रीय आदिवासी सङ्गठनहरूमा महिलाको सहभागिता र संरक्षणमा उनीहरूको योगदान विषयमा संयुक्त मूल्याङ्कनपत्र तयार गरे।

## ल्याटिन अमेरिका तथा क्यारिबीअन क्षेत्रमा अफ्रिकी मूलका मानिसहरूको अभियानमा सहयोग

पुर्ख्यौली नदीआसपासका घना वनहरूमा अफ्रिकी मूलका समुदायहरूले सदियौँदेखि प्रकृतिको रक्षा गर्दै आएका छन्। यो कानुनी आदेशबाट होइन, उनीहरूकै सांस्कृतिक अभ्यास र प्रतिरोधको परम्पराद्वारा सम्भव भएको छ। उनीहरूको पहिचान भूमिसँग गहिरो रूपमा जोडिएको छ, तर दशकौँदेखि उनीहरूको भूमिमा अधिकार अनिश्चित र कमजोर अवस्थामा रहँदै आएको छ।

"भूमि केवल माटो होइन; यो संस्कृति हो, स्मृति हो र भविष्य हो।" — जोसे लुइस रेङ्गिफो, प्रोसेसो डे कम्यूनिड्इस नेग्रास (Proceso de Comunidades Negras - PCN)

विगत १३ वर्षदेखि आरआरआईले ल्याटिन अमेरिका र क्यारिबीअन क्षेत्रमा अफ्रिकी मूलको आन्दोलनलाई नीतिगत पैरवी रणनीति निर्माण, भूनक्साङ्कन र नीति निर्माणकर्ता तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष संरक्षण र जलवायु समाधानमा उनीहरूको योगदान उजागर गर्नका लागि सूचनामूलक तथ्याङ्क सङ्कलनमा सहयोग गर्दै आएको छ।

आरआरआईको सहयोगमा, अफ्रिकी मूलका समुदायको २०.५ करोड हेक्टर भूक्षेत्रको पहिचान गरिएको छ र यसले कोलम्बिया तथा ब्रजिलका सरकारले अन्तर्राष्ट्रिय स्तरमा अफ्रिकी मूलका समुदायलाई अधिकारप्राप्त पहिचान दिलाउने गरी दाबी प्रस्तुत गर्न सम्भव भयो। यस प्रयासको उच्चतम रूपमा सन् २०२४ मा संयुक्त राष्ट्रसङ्घीय जैविक विविधता संरक्षण महासन्धिका पक्षराष्ट्रहरूको १६औं सम्मेलन (सीबीडी कोप१६) मा देखियो। यस सम्मेलनमा अफ्रिकी मूलका समुदायहरूलाई जैविक विविधता महासन्धिको धारा ८(जे) अन्तर्गत औपचारिक रूपमा वार्ता प्रक्रियामा सहभागिता र अन्तर्राष्ट्रिय वित्तीय पहुँचको अधिकारप्राप्त सरोकारवालाका रूपमा मान्यता दिइयो।

"हामीले दबाव दिन छाड्नु हुँदैन," रेङ्गिफो भन्छन्। "मान्यता सुरुवात हो। अब हामीले कार्यान्वयन सुनिश्चित गर्नुपर्छ—प्रत्येक क्षेत्र, प्रत्येक समुदायका लागि।"

## इक्वेडर

एक्वडोरमा सन् २०२२ मा आरआरआईले विभिन्न बृहत् आदिवासी आन्दोलनको समर्थन गर्दै ८,००० भन्दा बढी प्रदर्शनकारीको कानुनी संरक्षणमा सहयोग गऱ्यो। एक्वडोर आदिवासी जनजाति महासङ्घ (Confederation of Indigenous Nationalities of Ecuador - CONAIE), एक्वडोरको एमजन क्षेत्रका आदिवासी जनजाति महासङ्घ (Confederation of Indigenous Nationalities of the Ecuadorian Amazon - CONFENIAE) र एमजन नदी जलाधार क्षेत्रका आदिवासी सङ्गठनहरूको संयोजक संस्था (Coordinator of Indigenous Organizations of the Amazon River Basin - COICA)को नेतृत्वमा भएका यी विशाल आदिवासी आन्दोलनहरूले सरकारलाई स्वतन्त्र, पूर्व

तथा सुसूचित सहमतिको अधिकार बलियो बनाउन र पुर्ख्यौली भूमिमा उत्खनन कार्य स्थगन गर्न दबाव दिए।

एन्डीज क्षेत्रमा एल्डिआ (ALDEA) ले भूमि पुनर्स्थापना प्रयोगशाला सुरु गऱ्यो र यसले रेड प्लस कार्बन अफसेट बजारमा भएको धोखाधडी उजागर गऱ्यो। यस प्रयोगशालाले युवा भूमि प्रवर्द्धकहरूलाई नक्साङ्कन, कानुनी प्रतिरक्षा र संरक्षण योजना बनाउने तालिम प्रदान गऱ्यो।



ब्राजिलको साल्भाडोरमा अफ्रिकी-आधारित धर्महरूद्वारा सम्मानित अस्तित्व र पानीकी रानी येमान्जाको सम्मानमा धार्मिक उत्सवको क्रममा लिइएको तस्बिर।
राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभका लागि राफेल मार्टिन्सद्वारा फोटो।

## ब्राजिल

सन् २०२३ देखि २०२४ सम्म ब्राजिलको ११ राज्यमा १७ क्विलोम्बोला (Quilombola) समुदायका लागि भौगोलिक तथा वातावरणीय व्यवस्थापन साधन विकास गर्न क्लारिफीले कोनाक (CONAQ) सँग सहकार्य गऱ्यो। एट्लान्टिक वनक्षेत्र तथा सेराडो क्षेत्रमा जैविक विविधता संरक्षण, परम्परागत कृषि अनि दीर्घकाली जलवायु सामना क्षमतामा यी प्रयासहरूले सहयोग गरेका छन्।

## मेसोअमेरिका

मेसोअमेरिकामा सामुदायिक क्षेत्रहरूमा कोभिड महामारीपछिको पुनर्लाभमा सहयोग गर्न क्लारिफीले अलियान्जा मेरोअमेरिकाना डे पुब्लोस वाई बस्कस – एएमपीबी (Alianza Mesoamericana de Pueblos y Bosques - AMPB) 'रिवाइल्ड' (Re:wild) सँग सहकार्य गऱ्यो। यसले ग्वाटेमाला, होन्डुरस,  निकारागुवा र पानमाका समुदायहरूलाई खानीसम्बन्धी उद्योग तथा जलवायुसम्बन्धी आपत्का दबावलाई सम्बोधन गर्ने गरी आफ्नो प्राकृतिक वातावरण पुनर्स्थापना, वन व्यवस्थापन तथा खाद्य सार्वभौमिकतालाई बलियो बनाउन सहयोग गऱ्यो।

यी सबै उपलब्धिहरू अग्रमोर्चामा रहेकाहरूसँगको सहकार्यमा रणनीति बनाउने आरआरआईको लामो समयदेखिको प्रतिबद्धतामा आधारित छन्। कानुनी पैरवी, प्रशासनमा नवप्रवर्तन, लैङ्गिक न्याय, भौगोलिक अनुगमन तथा रणनीतिक वित्त व्यवस्थापनमार्फत् आरआरआईले ल्याटिन अमेरिकामा दिगो स्वामित्व प्रणालीको आधारलाई बलियो बनाएको छ। यसले स्वामित्व खोसिने अवस्थाबाट प्रतिरक्षा मात्र नभई समुदायको नेतृत्वमा हुने जलवायु तथा संरक्षणसम्बन्धी समाधानको प्रारूप पनि प्रस्तुत गरेको छ।

# जरो नछाडी अगाडि बढ्दै: आगामी मार्ग

सन् २०२५ मा २०औँ वार्षिकोत्सव मनाइरहेको आरआरआईलाई विगतका उपलब्धिको प्रतिबिम्बन मात्र नभई हाम्रो भविष्यलाई आकार दिने तत्कालीन यथार्थको सामना गर्नुपर्ने आवश्यकता छ। बढ्दो गतिको जलवायु विनाश, पुन: फस्टाएको अधिनायकवाद अनि गहिरिँदो असमानताले परिभाषित गरेको यस विश्वव्यापी क्षमणमा आरआरआईको आधारभूत दृष्टिकोण अर्थात् आदिवासी तथा स्थानीय समुदाय र अफ्रिकी मूलका मानिसमा भूमि तथा भौगोलिक अधिकारको केन्द्रीकरण झनै सान्दर्भिक भएको छ।

समुदायको स्वामित्वसम्बन्धी अधिकारको मान्यता विगत केही वर्षमा उल्लेखनीय रूपमा वृद्धि भए पनि यो प्रगति अझै नाजुक छ। अधिकार रक्षकहरूलाई आपराधिक मुद्दा चलाइन्छ, कानुनी सुधारहरू कमजोर पारिन्छन् र जलवायु वित्तले अझै पनि भूमि र क्षेत्रको प्रभावकारी संरक्षण गर्दै आएका समुदायहरूलाई बेवास्ता गरिरहेको छ। धेरैका लागि, "मान्यता" ले व्यवहारिक, ठोस अधिकारको रूप लिन सकेको छैन। भूमिको स्रोतप्रति माग बढिरहेकाले र शक्तिशाली पक्षहरू कानुन आफैँअनुसार फेरबदल गर्न वा भूमि हडप्न सक्रिय भइरहेकाले, अधिकारको हक कटौती बढ्दो चिन्ताको विषय बनेको छ। अग्रमोर्चामा प्रतिरोधको नेतृत्व गर्ने महिला र युवा अझै पनि निर्णय प्रक्रियाबाट बहिष्कृत छन् र उनीहरूका लागि छुट्याइएका आर्थिक स्रोतहरू पहुँचबाहिर छन्।



REPALEAC बुरुन्डी-ASSEJEBA बाट इरानीशुए मरियम र मलेसिया-बोर्नियोबाट जेनिफर लासिम्बाङ मध्य अफ्रिका र ब्राजाभिल, कंगो गणतन्त्रको कंगो बेसिनमा आदिवासी र स्थानीय समुदाय महिलाहरूको लागि फोरममा।

अधिकार र संसाधन पहल, 2023 को लागि भिक्टोयर डुनियामा द्वारा फोटो।

विश्वव्यापी रूपमा हेर्दा, जलवायु, संरक्षण र विकाससम्बन्धी अन्तर्राष्ट्रिय वित्तीय प्रणाली अझै पनि उच्च तहका सत्ताधारीहरूको नियन्त्रणमा केन्द्रीकृत छ, जसले गर्दा समुदायहरूलाई निर्णय अधिकार नदिई परिणाम दिनुपर्ने अपेक्षा गरिन्छ।

यो नीति अभावको समस्या होइन, यो त न्याय र अस्तित्वको सङ्कट हो। आरआरआईको भूमिका अझै जोड्ने र नवप्रवर्तन गर्ने माध्यम हुनुपर्छ। यसले राष्ट्रिय तथा क्षेत्रीय गठबन्धनहरू सक्रिय पार्ने, राष्ट्रिय स्तरको पैरवीलाई बलियो बनाउने र अन्तरपुस्तात्मक नेतृत्वमा लगानी गर्ने गर्नुपर्छ। 'ल्यान्डमार्क' जस्ता सामुदायिक अनुगमनका उपकरणदेखि टेन्यर फसिलटी र विग्साजस्ता पहलको विकास अनि जैविक विविधता संरक्षण महासन्धिमा अफ्रिकी मूलका मानिसको औपचारिक मान्यताको सुनिश्चितता — यी सबै आरआरआईका प्रभावशाली कदमहरू हुन्। यिनले अभाव पहिचान गर्ने, समाधान सिर्जना गर्ने र शक्ति सन्तुलन रूपान्तरण गर्ने काम गर्दै आएका छन्।

> **"आरआरआईका लागि सान्दर्भिक रहने एक मात्र उपाय भनेको सधैँ झैँ नवीन उपाय अवलम्बन गर्नु हो।"**
>
> अरविन्द खरे

"नवप्रवर्तन नै सदैव आरआरआईको जीवनशक्ति बनेको छ," आरआरआईका सहसंस्थापक अरविन्द खरे भन्छन्। "तर समयसँगै सान्दर्भिक रहन यसले भूमिसम्बन्धी उदीयमान मुद्दाहरूमा — चाहे त्यो पानी होस्, घुमन्ते जीवनशैली होस्, वा युवाको आकाङ्क्षा— गम्भीर ध्यान दिनै पर्छ।"

आरआरआईको 'नीलो आकाश २०२२' (Blue Skies 2022) नामक २२ देशमा समुदायस्तरका नेताहरूसँगको संवाद शृङ्खलामा एउटा कुरा स्पष्ट रूपमा उठेको थियो : भविष्य अर्को पुस्ताको तयारीमा निर्भर छ। आदिवासी युवा केवल पुर्ख्यौली ज्ञानका उत्तराधिकारी मात्र होइनन्, उनीहरू नयाँ ठाउँ, नयाँ उपकरण र नयाँ साझेदारीको माग गर्दै छन्, जसले उनीहरूका समुदाय र भूभागको संरक्षण सुनिश्चित गर्न सहयोग पुऱ्याओस्।

अबको चरणमा आरआरआईको कामले सामूहिक भूस्वामित्वको अधिकारको मान्यता अभूतपूर्व स्तरमा पुऱ्याउनुपर्नेछ र नीति, वित्त र संरक्षणको शक्ति संरचनामा आमूल परिवर्तन ल्याउनुपर्नेछ। यसले संस्थाहरूले भूमि, स्रोत र अधिकारहरूसँग कसरी व्यवहार गर्छन् भन्ने दृष्टिकोणमा रूपान्तरण ल्याउनुपर्नेछ र ती क्षेत्रको रक्षा गर्दै आएका नेतृत्वकर्ताहरूलाई केन्द्रमा राख्नुपर्नेछ।

आरआरआईको सञ्जालभित्रका रणनीतिहरू जलवायु वित्त प्रणाली वा भूभागका रक्षणा प्रविधिलगायत अहिलेका जटिल चुनौतीहरू सामना गर्न क्रमशः रूपान्तरण हुँदै छन्। आरआरआईले अब महिलाहरूको नेतृत्वलाई प्रवर्द्धन गर्ने मञ्चहरू विस्तार गर्नुपर्ने, युवा साझेदारीलाई अझ गहिरो बनाउने र दातृ संस्था तथा सरकारका अझै पनि अत्यधिक जटिल र कठोर प्रणालीहरूसँग जुझिरहने कार्य जारी राख्नुपर्नेछ। नवप्रवर्तनलाई विस्तार गर्नु भनेको केवल केमा लगानी गर्ने भन्ने होइन, कसरी गर्ने भन्ने रूपान्तरण पनि हो।

यसको अर्थ, धेरैजसो समुदायहरू अझै पनि विश्वव्यापी ध्यान र लगानीको किनारामा छन् भन्ने यथार्थलाई स्वीकार गर्नु पनि हो। ल्याटिन अमेरिकामा अफ्रिकी मूलका समुदायहरू, पूर्वी अफ्रिकाका गोठालो (pastoralist) समुदायहरू तथा एशियाका तटीय क्षेत्रमा रहेका परम्परागत माछा मार्ने समुदायहरू यस्ता समुदायका केही उदाहरण हुन्। यी समुदायहरूलाई पनि अधिकारमा आधारित समाधानहरूको विश्वव्यापी प्रयासमा बराबरी प्राथमिकता दिनु आवश्यक छ।

"व्यावसायिक युवाहरू प्रणालीगत परिवर्तनमा साँच्चिकै संलग्न हुने, नयाँ काम गर्न प्रयास गर्ने र आदिवासी महासङ्घ अनि स्थानीय समुदायहरूसँग सम्बन्ध बनाउने किसिमका संस्थाहरू धेरै हुँदैनन्," आरआरआईकी सहसंस्थापक अगस्टा मोल्नर भन्छिन्। "त्यो सिर्जनात्मक र प्रतिबद्ध वातावरण नै आरआरआईलाई लगानीयोग्य बनाउने मुख्य कारण हो।"

आरआरआई तेस्रो दशकमा प्रवेश गर्दा यसको नेतृत्वसँग स्पष्ट दृष्टिकोण छ।

“हामी यहाँ पुराना ढाँचा विस्थापन गर्न आएका होइनौँ,” आरआरआईकी अध्यक्ष तथा संयोजक सोलाङ्ग ब्यान्डिकी बाद्जी भन्छिन्। “हामी अधिकार, स्रोतसाधन तथा शक्तिको वितरण कसरी हुन्छ भनेर पुनर्परिभाषित गर्न आएका हौँ। यो भूमिलाई सधैँ संरक्षण गरेकाहरूको नेतृत्वलाई विश्वास गर्नुमा अनि उनीहरूसँग त्यसलाई निरन्तरता दिन स्रोतसाधन, अवसर तथा राजनीतिक अधिकार छ भन्ने सुनिश्चित गर्नुमा हाम्रो भविष्य निर्भर छ।”

**यो भत्किइसकेको प्रणालीमा समावेशिताको लागि आह्वान मात्र होइन, बरु त्यसलाई बदल्ने आह्वान हो। सरकारलाई हामी भन्न चाहन्छौँ : आफ्ना प्रतिबद्धताको सम्मान गर। दातालाई हामी भन्न चाहन्छौँ : अग्रमोर्चामा रहेकाहरूलाई विश्वास गर र आर्थिक स्रोतसाधन देऊ। कम्पनीहरूलाई भन्न चाहन्छौँ : तयार नहुने हो भने हट। अनि भूमि, जीवन तथा हाम्रो सामूहिक भविष्यको प्रतिरक्षा गरिरहेका सबैतिरका समुदायलाई भन्न चाहन्छौँ : हामी तिम्रा साथमा छौँ।**

RIGHTS + RESOURCES

20 years

IN SOLIDARITY FOR CHANGE

rightsandresources.org

2445 M Street NW, Suite 520
Washington, DC 20037
United States